सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ माघ २०८२, सोमबार (2 Feb 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



पर्साका चारै क्षेत्रमा पुरानालाई नयाँ उम्मेदवारको चुनौती

युवा उम्मेदवार मैदानमा
उत्रिएपछि चुनाव थप रोचक, विकास र रोजगारी नै नागरिकको प्राथमिकतामा

स्वास्थ्य बिमाबाट २५ हजारको मात्रै ओपिडी सेवा पाइने

(विस्तृत पृष्ठ ३)



अग्रलेख

● लोकबन्धु घिमिरे

सय बिलियन जिडिपीको नेपाली अर्थतन्त्र

प्रतिव्यक्ति आय तीन हजार डलरसहित वार्षिक तीन लाख रोजगारी सिर्जना गर्दै अघि बढ्ने सामर्थ्यको नेपाली अर्थतन्त्र बनाउन तत्काल सकिन्छ

(पृष्ठ ४)

सियोलस्थित नेपाली दूतावासमा कोरियाली अधिकारीसँग छलफल

इपिएसपीडित युवाको माग सम्बोधन गर्न नसकिने कोरियाको जवाफ



१७ देशमा लागू भइरहेको इपिएस प्रणालीको नियम एक देशका लागि परिवर्तन गर्न नसकिने कोरियाको भनाइ

भारतीय बजेट : नेपाललाई १२ अर्ब ८० करोड अनुदान घोषणा

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेस्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चुनावको मुखमा मिथ्या सूचनाको बाढी

मिथ्या सूचनाको बाढी नै आउँदा नागरिक भ्रममा परेका छन्, सरकारले यस्ता सूचना फैलाउनेमाथि नियमन र कारबाही गर्न सकिरहेको छैन

मिथ्या सूचनाको कारखाना : कसले कसरी फैलाइरहेको छ ?

सुवास भट्ट / नयाँ पत्रिका

निर्वाचनको मिति साँघुरिँदै गर्दा दल र उम्मेदवारहरूको प्रचार फैलिँदै छ। सामाजिक सञ्जालतिर भने प्रचारभन्दा धेरै दुष्प्रचार फैलिँदै छ। खासगरी एआईको व्यापक दुरुपयोग गरेर दिनहुँ होइन, मिनेट-मिनेटमा मिथ्या सूचनाको बाढी नै चलाइएको छ। मिथ्या सूचनाको प्रवाह नियन्त्रणबाहिर रहँदा सर्वसाधारण भ्रममा परिरहेका छन्। नियमन र कारबाहीमा सरकार चुकिरहेको छ।

सर्लाही ४ मा कांग्रेसबाट उम्मेदवार रहेका सभापति गगन थापा भोट माग्न जाँदा जनताले लखेटेको भन्दै 'मिस पबी ४१' नामको फेसबुक पेजबाट १३ माघमा फैलाइएको एआई फोटोलाई हजारौँ सामाजिक सञ्जाल प्रयोगकर्ताले पत्याए होलान्। ९३ हजार फलोअर्स रहेको यो पेजको उक्त पोस्टमा आइतबारसम्म चार हजार दुई सय लाइक, दुई हजार कमेन्ट र १८२ सेयर छ। त्यसपछि पनि यही पेजबाट कैयौँ उम्मेदवारका नाममा निरन्तर मिथ्या सूचना फैलाउने क्रम जारी छ।

'मिस पबी ४१' जस्तै अर्को फेसबुक आइडी 'सुमन गाउँले'बाट यस्तै मिथ्या सूचना निरन्तर फैलाइएको छ। एकजना व्यक्ति स्वयं भिडियोमा देखिएर एआईबाट निर्मित फोटो, भिडियोबाट दुष्प्रचार गर्छन्। ९ माघमा उक्त आइडीबाट 'महेश बस्नेतलाई जनताले लगाइदिए कालोमोसो र जुत्ताको माला' भन्ने स्टाटससहित भिडियो सेयर भएको थियो। फरक प्रसंग र कार्यक्रममा बस्नेतले बोलेको विषयसमेत भिडियोमा जोडेर एक लाख २४ हजार फलोअर्स रहेको उक्त आइडीबाट प्रचार गरेपछि गलत सूचना फैलिएको थियो।

यी केही प्रतिनिधि उदाहरण मात्र हुन्। यस्ता मिथ्या सूचना अहिले सबैभन्दा ठुलो चुनौती बनेका छन्। आइतबारसम्म निर्वाचन आयोगले ३०२ हानिकारक

» पृष्ठ २ मा क्रमशः



■ मिथ्या सूचनामा के हुन्छ कारबाही ?

निर्वाचन आयोगले चुनावमा मिथ्या सूचना फैलाउनेमाथि कारबाही गर्ने विषय आचारसंहितामै समटेको छ। **सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना** गराउने आचारसंहितामा उल्लेख छ। त्यस्तै, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २२ मा निर्वाचनका बेला उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले **राजनीतिक दल वा उम्मेदवारको नीति तथा कार्यक्रमका सम्बन्धमा प्रचारप्रसार गर्दा–गराउँदा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने काम गरे दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने** व्यवस्था छ।

आयोगले आइतबारसम्म हानिकारक सूचना उत्पादन एवं सम्प्रेषण गर्नेलाई कारबाही गर्न सम्बन्धित विभिन्न निकायमा पठाएको छ। नेपाल प्रहरीको साइबर ब्युरोमा १२०, आयोगको केन्द्रीय आचारसंहिता अनुगमन समितिमा ३४, प्रेस काउन्सिलमा १५ र नेपाल दूरसञ्चार प्राधिकरणमा ६ कन्टेन्ट उत्पादक/सम्प्रेषकलाई कारबाहीका लागि पठाइएको आयोगले जनाएको छ। आयोगका कानुन महाशाखा प्रमुख सहसचिव यज्ञ भट्टराई भन्छन्, 'सामाजिक सञ्जालबाट आएका मिथ्या सूचनासम्बन्धी विषयमा हाम्रो युनिटले स्क्रिनिङ गर्छ,' उनले भने, 'त्यसका आधारमा दोषी देखिए जरिवाना गर्न सक्छ।'

३०२ हानिकारक सूचना पहिचान गरेर कारबाहीका लागि पठाएका छौँ

● **नारायणप्रसाद भट्टराई,** प्रवक्ता, निर्वाचन आयोग

निर्वाचन आयोगले ३०२ हानिकारक सूचना पहिचान गरेर आवश्यक कारबाहीका लागि साइबर ब्युरो, प्रेस काउन्सिल र आयोगकै केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाएको छ। मिथ्या सूचना रोक्न र कारबाहीको सजिलोका लागि मेटा र टिकटकसँग समझदारी (एमओयू) गर्ने गरी आयोगले संवाद र समन्वयको प्रयास पनि गरिरहेको छ। मिथ्या सूचना रोक्ने विषयलाई आयोगले प्राथमिकतामा राखेको छ।

बदमासी गर्नेहरू अन्ततः कानुनी दायरामा आइहाल्छन्

● **एसपी दीपकराज अवस्थी,** सूचना अधिकारी, साइबर ब्युरो

विद्युतीय कारोबार ऐन मुलुकी अपराध संहितामा यससम्बन्धी कानुनी व्यवस्था छन्। चुनावलक्षित गरेर त्यसलाई हेर्न ब्युरोमा अलगै आन्तरिक डेस्क बनेको छ। त्यसले हेरिरहेको छ। निर्वाचन आयोगले पनि हेरिरहेको छ। जसरी मिथ्या सूचना र अफवाह फैलिरहेको छ, ती सबैलाई हेर्न गाह्रो भए पनि बदमासी गर्नेहरू अन्ततः कानुनी दायरामा आइहाल्छन्।

धेरैजसो मिथ्या सूचना राजनीतिक व्यक्तिबाटै आइरहेका छन्

● **उज्ज्वल आचार्य,** निर्देशक, सिएमआर नेपाल

चुनावको मुखमा मिथ्या सूचनाहरू धेरैजसो राजनीतिक दल र त्यसमा आबद्ध नेता तथा कार्यकर्ताबाटै आइरहेका छन्। कुनै दल वा पक्ष कुनै अर्को दल वा पक्षभन्दा कम देखिँदैन। यी सामग्रीहरू राजनीतिक बहसलाई प्रभावित पार्ने र मिथ्या भाष्य निर्माण गर्ने प्रयासमा उन्मुख देखिन्छन्। यसले सामान्य मानिसहरू दिग्भ्रमित भइरहेका छन्।

फेसबुक मोनिटाइजेसनपछि भ्युजका लागि पनि मिथ्या सूचना बढे

● **सन्तोष सिग्देल,** कार्यकारी निर्देशक, डिजिटल राइट्स नेपाल

मोनिटाइजेसनपछि सामाजिक सञ्जालमा इंगेजमेन्टका आधारमा पैसा आउन थाल्यो। जेमा बढी इंगेजमेन्ट हुन्छ, त्यस्ता सूचना बढी प्रवाह भए। यसले गर्दा सूचनामा हुनुपर्ने सत्य, तथ्यभन्दा पनि के बढी चल्छ र भाइरल हुन्छ भन्नेतिर मानिसहरू आकर्षित हुन थाले। सूचना तथा अभिव्यक्ति स्वतन्त्रताको विषय निरपेक्ष अधिकार होइन। यसका सीमा छन्। कानुन अद्यावधिक गरेर प्रभावकारी नियमन जरुरी छ।

इरान–अमेरिका तनाव

नेपालीलाई तत्काल इरान छाड्न परराष्ट्र मन्त्रालयको आह्वान

नयाँ पत्रिका





● **लोकबहादुर पौडेल क्षेत्री,** प्रवक्ता, परराष्ट्र मन्त्रालय

इरानमा हाल १० जना नेपाली छन्। उहाँहरू सुरक्षित हुनुहुन्छ। तर, त्यहाँ विकसित चिन्ताजनक घटनाक्रमका कारण उहाँहरू जतिसक्दो चाँडो, सहज माध्यमबाट बाहिर निस्किनुहोस् भन्ने अनुरोध गरेका हौं।

अमेरिका-इरानबिचको तनाव युद्धतर्फ मोडिने जोखिम बढेसँगै सरकारले इरानमा रहेका नेपालीलाई तत्काल बाहिर निस्कन आह्वान गरेको छ। विकसित पछिल्लो परिस्थितिलाई ध्यानमा राख्दै परराष्ट्र मन्त्रालयले अर्को सूचना जारी नभएसम्म इरान यात्रा नगर्न र त्यहाँ रहेका नेपाली नागरिकलाई यथाशीघ्र छाड्न आह्वान गरेको हो।

युएईमा २६७ नेपालीले पाए आममाफी

(पृष्ठ २)

आइतबार ट्राभल एड्भाइजरी जारी गर्दै परराष्ट्रले समन्वय तथा आवश्यक सहयोगका लागि कतारको दोहास्थित नेपाली राजदूतावासमा सम्पर्क गर्न अनुरोध गरेको छ। इरानमा सरकारविरोधी प्रदर्शनले पनि उग्ररूप लिएको छ। ठुलो मानवीय क्षतिको चर्चा भए पनि औपचारिक

» पृष्ठ २ मा क्रमशः



सामाजिक न्यायसम्बन्धी संवैधानिक हक कार्यान्वयन गर्न सर्वोच्चको निर्देशन

संविधानको धारा ४२ पूर्ण कार्यान्वयनतर्फ लान आदेश भए पनि छाता कानुनविना लागू गर्न कठिन



● **खजान्ती महतो नुनियाँ**
रिट निवेदक

फैसला सकारात्मक छ। अब हरेक क्षेत्रमा सबै निकायमा समानुपातिक समावेशी कानुन बनाएर कार्यान्वयन गरिनुपर्छ।



● **रुद्र शर्मा,** संविधानविद्

यस्ता आदेशले समाजमा, कानुन निर्माणमा, न्याय सम्पादनमा बिस्तारै प्रभाव पार्छन्। यसबाट कानुनी विकासमा र सामाजिक न्यायमा सकारात्मक प्रभाव पर्छ।

शिल्पा कर्ण / नयाँ पत्रिका

सर्वोच्च अदालतले संविधानमा व्यवस्था गरिएको सामाजिक न्यायसम्बन्धी हकलाई पूर्ण रूपमा कार्यान्वयन गर्न राज्यका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। तर, संविधानका जानकारहरूले छाता

» पृष्ठ २ मा क्रमशः

■ संविधानको धारा ४२ को मूल मर्म

- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित, पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस-आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक

- लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षाका विशेष अवसर तथा अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक बाँच्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक

- किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनोट तथा संरक्षणको हक

- सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद परिवार, बेपत्ता पारिएका व्यक्ति, लोकतन्त्रका योद्धा, घाइते, विस्थापित, पीडितलाई उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षालगायतमा कानुनबमोजिम प्राथमिकतासाथ अवसर

■ सर्वोच्चको निर्देशन-

- ...संघ, प्रदेश तथा स्थानीय तह र तीनवटै तहअन्तर्गतका निकायबाट नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हकको व्यवस्था, मर्म र भावनालाई पूर्ण रूपमा व्यवहारमा रूपान्तरण गर्नका लागि नियमित र निरन्तर रूपमा सक्रियता र क्रियाशीलता अपनाउनू/अपनाउन लगाउनू भनी प्रत्यर्थीहरूका नाउँमा निर्देशनात्मक आदेश।

- संविधानले व्यवस्था गरेका सामाजिक न्यायको मौलिक हक र अन्य संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने दायित्व राज्य संयन्त्रको हो। यी विषयमा राज्य विमुख हुन पाउँदैन। मौलिक हकले व्यवस्था गरेका कुरामा व्यवहारमा प्रत्याभूत गर्ने कुरालाई राज्यले कुनै पनि आधारमा पन्छिन वा असमर्थता व्यक्त गर्न मिल्ने हुँदैन।

उदयपुर सिमेन्टमा साढे ४६ करोड मूल्यको क्लिंकर हिनामिना

तत्कालीन महाप्रबन्धक पौडेलसहित आठजनाविरुद्ध मुद्दा दायर

नयाँ पत्रिका

सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योगमा साढे ४६ करोड मूल्यबराबरको क्लिंकर हिनामिना भएको भन्दै त्यसमा संलग्न तत्कालीन महाप्रबन्धकसहित आठजनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। सिमेन्टका पदाधिकारी र कर्मचारीले घटी मौज्दात देखाएर हिनामिना गरेको अख्तियारको दाबी छ।

चार आर्थिक वर्षमा ३८ हजार ७६९ मेट्रिकटन क्लिंकर हिनामिना भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यसको मूल्य ४६ करोड ५२ लाख ७४ हजार ४२६ रुपैयाँ हुन आउँछ। यसैलाई बिगो कायम गरेर सार्वजनिक सम्पत्ति हानि-नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको कसुरमा अख्तियारले मुद्दा दायर गरेको हो।

उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल र निमित्त महाप्रबन्धक नवलकिशोर साहसमेतका प्रतिवादीको मिलेमतोमा आव ०७४/७५ देखि ०७७ पुस मसान्तसम्म क्लिंकर हिनामिना, हानि-नोक्सानी तथा मास्ने कार्य गरे-गराएको पुष्टि भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। अख्तियारले तत्कालीन महाप्रबन्धक पौडेललाई प्रमुख प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको छ। उनीउपर १२ करोड ४७ लाख २२ हजार २४२ रुपैयाँ बिगोदाबी छ। पौडेलविरुद्ध यसअघि पनि अख्तियारले मुद्दा दायर गरेको थियो। महाप्रबन्धक छँदा उद्योगलाई २२ लाख ७८ हजार रुपैयाँभन्दा बढी नोक्सानी गराएको दाबीसहित १० माघ ०८० मा अख्तियारले उनीसहित आठजनाविरुद्ध मुद्दा दायर गरेको थियो। तर, उक्त मुद्दामा पौडेलसहित सबैलाई विशेष अदालतले सफाइ दियो। ३१ जेठ ०८१ मा उनले सफाइ पाएका थिए। पौडेल हाल नेपाल पुनर्बिमा कम्पनीका अध्यक्ष छन्। मुद्दा दायरसँगै उनी पदबाट स्वतः निलम्बन भएका छन्।

अख्तियारले उद्योगकै तत्कालीन निमित्त महाप्रबन्धक साहउपर ४६ करोड ५२ लाख ७४ हजार ४२६ रुपैयाँ बिगोदाबी माग गरेको छ। त्यस्तै, तत्कालीन नायब महाप्रबन्धक महेशप्रसाद काफ्लेउपर १२ करोड ६३ लाख ६९ हजार १६८ बिगो छ। तत्कालीन उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल, तत्कालीन भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह, तत्कालीन क्लिंकर उत्पादन विभाग प्रमुख रविचन्द्र पौडेल, तत्कालीन सिमेन्ट उत्पादन विभाग प्रमुख हरिप्रसाद अधिकारी र तत्कालीन बिक्री विभाग प्रमुख रामबहादुर जिसीउपर संयुक्त ४६ करोड ५२ लाख ७४ हजार ४२६ रुपैयाँ बिगो छ।

आर्थिक वर्ष ०७४/७५ मा वार्षिक मौज्दात विवरणमा ३३ हजार ९१४ मेट्रिकटन क्लिंकर रहेको भनी अभिलेख देखिएको थियो। तर, उद्योगबाटै भौतिक परीक्षण गरी १२ असोज ०७५ मा पेस भएको भौतिक परीक्षण प्रतिवेदनअनुसार ३२ हजार ७८५ मेट्रिकटन क्लिंकर मात्र मौज्दात रहेको देखिएको थियो। उक्त आवमा एक हजार १२९ टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको अख्तियारको दाबी छ।

प्रतिटन क्लिंकरको लागत मूल्य १० हजार १०६ रुपैयाँका आधारमा अस्वाभाविक घटी देखिएको एक हजार १२९ क्लिंकरको मूल्य एक करोड १४ लाख १० हजार ३४० रुपैयाँबराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा मासेको तथ्य स्थापित भएको अख्तियारको दाबी छ।



उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल

त्यस्तै, आव ०७५/७६ मा वार्षिक मौज्दात विवरणमा क्लिंकर ४४ हजार ४९५ टन रहेको अभिलेख देखिएको थियो। तर, लिमिटेडबाटै भौतिक परीक्षण गरी ३ कात्तिक ०७६ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३४ हजार २९५ टन मात्र मौज्दात देखियो। उक्त आवमा १० हजार दुई सय टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक घटी मौज्दात देखिएको अख्तियारको आरोपत्रमा उल्लेख छ। प्रतिटन ११ हजार १०९ को लागत मूल्यका वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको १० हजार दुई सय टन क्लिंकरको मूल्य ११ करोड ३३ लाख ११ हजार ९०२ रकमबराबरको सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी तथा मासेको तथ्य स्थापित भएको अख्तियारको दाबी छ।

अर्को आव ०७६/७७ मा वार्षिक मौज्दात विवरणमा ५० हजार ९७५ टन क्लिंकर रहेको अभिलेख थियो। लिमिटेडबाटै भौतिक परीक्षण गरी १६ पुस ०७७ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट ३९ हजार ४५० टन क्लिंकर मात्र मौज्दात रहेको देखिएको छ। उक्त आवमा ११ हजार ५२५ टन वास्तविक हुनुपर्नेभन्दा अस्वाभाविक रूपमा घटी मौज्दात देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। आव ०७६/७७ सम्म घटी देखिएको ११ हजार ५२५ टन क्लिंकरबाट अघिल्लो आवमा घटी देखिएको १० हजार दुई सय टन घटाउँदा एक हजार ३२५ टन घटी देखिएको अख्तियारको दाबी छ। त्यतिवेला क्लिंकरको लागत मूल्य प्रतिटन १२ हजार २६१ थियो। प्रतिवादीहरूले आपसी मिलेमतो तथा योजनामा बदनियत राखी वास्तविक हुनुपर्ने मौज्दातभन्दा अस्वाभाविक घटी देखिएको एक हजार ३२५ टन क्लिंकरको एक करोड ६२ लाख ४६ हजार ७१२ मूल्यबराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानि-नोक्सानी तथा मासेको तथ्य स्थापित भएको दाबी अख्तियारको छ।

यसैगरी, आव ०७७/७८ को ०७७ पुस मसान्तमा मौज्दात विवरणमा ५५ हजार ३८५ टन क्लिंकर मौज्दातको अभिलेख थियो। लिमिटेडकै भौतिक परीक्षणपछि १३ माघ ०७७ मा पेस गरेको भौतिक परीक्षण प्रतिवेदनबाट १७ हजार ७४५ टन क्लिंकर मात्र मौज्दात देखिएको थियो। उक्त समयमा हुनुपर्नेभन्दा ३७ हजार ६४० टन घटी मौज्दात भेटिएको अख्तियारको दाबी छ। त्यसमा आव ०७६/७७ सम्म घटी देखिएको ११ हजार ५२५ टन घटाउँदा १ साउनदेखि १ पुस मसान्तसम्मको अवधिमा मात्र २६ हजार ११५ टन क्लिंकर घटी देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। प्रतिटन क्लिंकरको लागत मूल्य १२ हजार ४१८ का आधारमा अस्वाभाविक घटी देखिएको २६ हजार ११५ टनको हुन आउने मूल्य ३२ करोड ४३ लाख पाँच हजार ४७१ रुपैयाँबराबरको सार्वजनिक सम्पत्ति हिनामिना, हानि-नोक्सानी तथा मासेको तथ्य स्थापित भएको देखिएको अख्तियारको दाबी छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिका सदस्यको संयोजकत्वमा गठित उपसमितिले १ चैत ०७८ मा प्रतिवेदन पेस गरेको थियो। आव ०७७/७८ को लेखापरीक्षण प्रतिवेदनले ३७ हजार ६४० टन क्लिंकर मौज्दात घटी रहेको औँल्याएको थियो। त्यसको मूल्य ४६ करोड ७४ लाख १३ हजार ५२० रुपैयाँबराबर भएको प्रतिवेदनमा उल्लेख थियो। तर, यसबारे उद्योगका प्रमुख कार्यकारी अधिकृत (महाप्रबन्धक)ले प्रचलित कानुनअनुसार आफ्नो कर्तव्य पालना गरी सञ्चालक समिति र सरकारलाई सुसूचित गराउनुपर्नेमा नगरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। यसको सम्पूर्ण जिम्मेवारी तत्कालीन कार्य गर्ने महाप्रबन्धकले लिनुपर्ने र त्यसका लागि जिम्मेवार बनाउनुपर्ने प्रतिवेदन उपसमितिले दिएको थियो।

उदयपुर सिमेन्टको सञ्चालक समितिको १७ चैत ०७८ को १०२८औँ बैठकको निर्णयबाट क्लिंकर मौज्दातमा फरक परी महालेखा परीक्षकबाट समेत प्रारम्भिक प्रतिवेदनमा औँल्याएको र क्लिंकरको वित्तीय विवरण तथा यथार्थ भौतिक परिमाण अध्ययन उपसमितिको प्रतिवेदनसहित उद्योग मन्त्रालयले समेत छानबिन गरेको थियो। छानबिनले ३७ हजार ६४० टन क्लिंकर हिनामिना भएको प्रतिवेदन दिएको थियो।

भोलि पश्चिम नेपालमा वर्षा र हिमपातको सम्भावना

काठमाडौं/ मंगलबार पश्चिम नेपालमा वर्षा र हिमपातको आकलन गरिएको छ। जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार पश्चिमी न्यूनचापीय प्रणालीका कारण सुदूरपश्चिम, लुम्बिनी र गण्डकीसँगै कर्णालीमा वर्षाको सम्भावना छ। त्यस्तै, ती प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा मध्यम हिमपात तथा वर्षाको सम्भावना छ। त्यसपूर्वका हिमाली भूभागका केही ठाउँमा भने हल्का हिमपात हुने देखिन्छ। 'यो प्रणाली अघिल्लो हप्ताभन्दा कमजोर छ। त्यही भएर अघिल्लो हप्ताजस्तो धेरै हिमापत र वर्षा हुने देखिँदैन,' पौडेलले भने, 'बुधबारदेखि मौसम सफा हुने देखिन्छ।' अघिल्लो साता देशका धेरै ठाउँमा वर्षा तथा उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपात भएको थियो। त्यसयता तराईमा बिहानपख हुस्सु, कुहिरो लाग्ने गरेको छ। सोमबार पनि तराईमा हुस्सुको सम्भावना रहेको विभागले जनाएको छ। हिमाली क्षेत्रमा बादलसँगै एक-दुई ठाउँमा हिमपातको आकलन छ। सोमबार राति भने सुदूरपश्चिम, कर्णाली र गण्डकीका हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात, वर्षाको सम्भावना छ।

इरान...

पृष्ठ १ बाट क्रमशः

तथ्यांक आएको छैन। अमेरिका र इजरायल प्रदर्शनकारीको पक्षमा उभिएका छन्। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीका अनुसार इरानमा हाल १० जना नेपाली छन्। 'उहाँहरू सुरक्षित हुनुहुन्छ। तर, त्यहाँ विकसित चिन्ताजनक घटनाक्रमका कारण उहाँहरू जतिसक्दो चाँडो, सहज माध्यमबाट बाहिर निस्किनुहोस् भन्ने अनुरोध गरेका हौँ,' प्रवक्ता क्षेत्रीले भने। हाल तेहरानमा अन्तर्राष्ट्रिय उडानहरू करिब-करिब बन्दप्रायः अवस्थामा छन्।

इरानमा रहेका नेपाली नागरिकले आपत्कालीन अवस्थाका लागि पासपोर्ट तथा परिचयपत्रलगायत आवश्यक यात्रा कागजातहरू सधैँ तयारी अवस्थामा राख्न पनि परराष्ट्रले नेपाली नागरिकलाई अनुरोध गरेको छ। यस सम्बन्धमा परराष्ट्र मन्त्रालयद्वारा २०२६ जनवरी १३ मा जारी गरिएको यात्रा परामर्शलाई समेत ध्यानमा राख्न अनुरोध गरिएको छ। गैरआवासीय नेपाली संघका अनुसार इरानमा विष्णुप्रसाद भुसाल, राजु खनाल, सागर पौडेल, गणेश पोखरेल, विष्णु बन्भाडे, सुमन गैरे, यज्ञप्रसाद मरासिनी, उत्सव थापा, हरि थापा र गायत्री कार्की थापा छन्। नेपालीहरू सुरक्षित रहेको जानकारी पाएको परराष्ट्र प्रवक्ता पौडेलले बताए।

युएईमा २६७ नेपालीले पाए आममाफी

काठमाडौं/ संयुक्त अरब इमिरेट्स (युएई)को ५४औँ राष्ट्रिय दिवस (इद अल-इत्तिहाद)को अवसरमा त्यहाँका विभिन्न जेलमा रहेका २६७ जना नेपाली कैदीबन्दीले क्षमादान पाएका छन्। उनीहरूले त्यहाँको कानुनी प्रक्रिया पूरा गरेर स्वदेश फर्कन पाउनेछन्। नेपाल सरकारले युएई सरकारद्वारा उदारतापूर्वक प्रदान गरिएको क्षमादानका लागि कृतज्ञता ज्ञापन गरेको छ। 'क्षमादान पाएका नेपालीहरू त्यहाँको कानुनी प्रक्रिया पूरा गरेपछि नेपाल आउनुहुन्छ। नेपाल सरकारले यस क्षमादानलाई नेपाल र संयुक्त अरब इमिरेट्सबिच विद्यमान द्विपक्षीय सम्बन्धमा रहेको मित्रता, सद्भावना तथा सौहार्दताको प्रतिफलका रूपमा लिएको छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने।

मित्रवत् तथा मानवीय सद्भावको रूपमा नेपाल सरकारले युएई सरकारको यो निर्णयलाई उच्च मूल्यांकन गरेको पनि परराष्ट्र प्रवक्ता क्षेत्रीले बताए। परराष्ट्र मन्त्रालयको निर्देशनअनुसार अबुधाबीस्थित नेपाली दूतावासले पटक-पटक गरेको अनुरोधको प्रत्युत्तरस्वरूप युएई सरकारले यो निर्णय गरेको उनले बताए।

'क्षमादान प्राप्त नेपाली नागरिकहरू, यदि उनीहरूविरुद्ध अन्य कुनै विचाराधीन कानुनी मुद्दा वा प्रतिबन्ध नरहेको अवस्थामा, संयुक्त अरब इमिरेट्सका प्रचलित कानुनअनुसार आवश्यक कानुनी प्रक्रिया पूरा गरेपछि नेपाल फर्कन सक्नेछन्,' परराष्ट्र मन्त्रालयले भनेको छ। युएईमा करिब सात लाख नेपाली कार्यरत छन्।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१०/१९

यस सा व उ स बाट संकलित खयर काठ ६९०.४५ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

वर्च्याङ सा. वन उपभोक्ता समूह, म्याग्दे १, तनहूँ।

काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

३० नं. वडा कार्यालय

ज्ञानेश्वर, काठमाडौं

बागमती प्रदेश, नेपाल

का.म.पा.-३० वडा अन्तरगंत धोबिधारा स्थित घर बहालमा लिई कैलाली जिल्ला स्थायी ठेगाना भएका श्री रबेन्द्र बहादुर धानुकको नामको उपस्थित हुने बारे ३५ दिने सूचना

यस का.म.पा. वडा नं. ३० धोबिधारा स्थित कि.नं. ३२६३ र ३२६४ को जग्गामा रहेको घरमा दुर्गा फुड प्रा.लि. नामक व्यवसाय सञ्चालन गर्न घरबहालमा लिनुभएको तर मिति २०८२/०७/१० देखि सम्पर्क बिहीन भएकोले सो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्राप्त भएको मितिले ३५ दिन भित्रमा सम्पर्कमा आई तिर्नु बुझाउनु पर्ने घरभाडा बुझाउनु होला अन्यथा कानून अनुसार उक्त कोठा खाली गरिने व्यहोरा जानकारी गरिन्छ।

घरधनी : रिता कुमारी कार्की (बस्नेत)

का.म.पा.-३०

चुनावको मुखमा...

पृष्ठ १ बाट क्रमशः

सूचना पहिचान गरेर आवश्यक कारबाहीका लागि विभिन्न निकायमा पठाएको छ। 'त्यस्ता सूचनामाथि आवश्यक कारबाहीका लागि प्रहरीको साइबर ब्युरो, प्रेस काउन्सिल र आयोगकै केन्द्रीय आचारसंहिता अनुगमन समितिलाई पठाएका छौँ,' आयोग प्रवक्ता नारायणप्रसाद भट्टराईले भने।

आयोगले आचारसंहितामै व्यवस्था गरेर मिथ्या सूचना रोक्ने प्रयास त गरेको छ। तर, कार्यान्वयन जटिल छ। आचारसंहिताको परिच्छेद २ मा सबैले पालना गर्नुपर्ने आचरणअन्तर्गत दफा ४ को 'ञ', 'ट' र 'ठ'लगायतमा मिथ्या सूचनाबारे व्यवस्था गरिएको छ। सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने व्यवस्था छ। त्यस्तै, निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चालन गर्न वा भुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने पनि छ। सामाजिक सञ्जालमा एआईको प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन नहुनेलगायतका व्यवस्था पनि आचारसंहितामा छ।

डिजिटल पत्रकारिताका विभिन्न सिप तथा मिथ्या सूचनाविरुद्ध अनुसन्धान, तालिम र अभियान सञ्चालन गर्दै आएको सिएमआर नेपाल जर्नालिजम एकेडेमीका निर्देशक उज्ज्वल आचार्यका अनुसार अहिले सञ्जालहरूमा एआई निर्मित सामग्रीहरू ठुलो परिमाणमा फैलिएका छन्। 'यी सामग्रीहरू राजनीतिक बहसलाई प्रभावित पार्ने र मिथ्या भाष्य नै निर्माण गर्ने प्रयासमा उन्मुख देखिन्छन्,' उनी भन्छन्, 'आफ्नो प्रचार गर्न र विरोधीलाई तल पार्न राजनीतिक व्यक्तिहरूले नै मिथ्या सूचनाको प्रचार गरिरहेका हुन्छन्। यसले सामान्य मानिसहरू दिग्भ्रमित भइरहेका छन्।'

मिथ्या सूचनाको बाढी सत्य सूचनाका लागि पनि चुनौती हो। मिथ्या सूचनाका कारण सत्य सूचना छायामा पर्ने मात्रै होइन, सत्य सूचनामै विश्वास नगर्ने जोखिमसमेत निम्तिन्छ।

डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देल यस्तै जोखिम औँल्याउँछन्। 'हामीकहाँ राजनीतिक व्यक्तिहरूले नै सत्य सामग्रीलाई पनि यो त एआईले बनाएको, भुटो भनेर दाबी गरेका घटना पनि छन्। जसकारण सत्य र भुटो सराबरी हुने समय आयो कि जस्तो देखिन्छ। छुट्याउन पनि गाह्रो, विश्वास गर्न पनि गाह्रो,' उनले भने, 'सत्य र असत्यको सीमा घट्दै गयो।'

मिथ्या सूचनाको कारखाना : कसले कसरी फैलाइरहेको छ ?

इन्टरनेट र स्मार्टफोनको पहुँच व्यापक विस्तार भएको छ। स्मार्टफोन बोक्नेहरूले सामाजिक सञ्जालमा सक्रियता बढाएका छन्। यो अवस्थामा जोसुकैले पनि अनेक उद्देश्यबाट मिथ्या सूचना उत्पादन गर्न सक्ने अवस्था छ। सामाजिक सञ्जालको सीमाहीन दुनियाँमा कसले धेरै मिथ्या सूचना उत्पादन गरिरहेको छ भन्ने पहिचान गर्न सहज छैन।

यद्यपि, अहिलेको चुनावी माहोलमा मिथ्या सूचनाको स्रोत कहाँ छ भन्नेबारे सिएमआर नेपालका निर्देशक उज्ज्वल आचार्य भन्छन्, 'चुनावको मुखमा मिथ्या सूचनाहरू धेरैजसो राजनीतिक दल र त्यसमा आबद्ध नेता तथा कार्यकर्ताबाटै आइरहेका छन्। अहिलेको मिथ्या सूचना प्रवाहमा कुनै दल वा पक्ष, अर्को दल वा पक्षभन्दा कम देखिँदैन।' उनका अनुसार राजनीतिक दल र त्यसका नेता-कार्यकर्ता, पक्षधरता बोकेका सञ्चारमाध्यम तथा फेसबुक पेजहरू, सोसियल इन्फ्लुयन्सर र केही हदमा आमप्रयोगकर्ता पनि मिथ्या सूचनाका उत्पादक हुन्।

जेन-जी आन्दोलन हुनुभन्दा केही दिनअघि मात्रै फेसबुकले नेपालबाटै मोनिटाइजेसनको सुविधा दियो। त्यसपछि कन्टेन्ट क्रियटरदेखि, फेसबुकका आमप्रयोगकर्तासम्मलाई डलर कमाउने भोक जाग्यो। यही भोकमा भ्युजको पछाडि दौडिनेको भिड बढिरहेको छ। भ्युज मात्रै खोज्नेहरूका लागि चुनावमा गतिलो मसला बनेको छ र उनीहरू मिथ्या सूचना बेचिरहेका छन्।

डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देल मिथ्या सूचनाको उत्पादन र प्रवाहलाई फेसबुक 'मोनिटाइटेसन'सँग जोडेर हेर्छन्। 'सामाजिक सञ्जालमा इंगेजमेन्टका आधारमा पैसा आउन थाल्यो। मोनिटाइजेसनले सूचना प्रवाहलाई व्यापारसँग पनि जोडिदियो। त्यसले सामाजिक सञ्जाललाई अझ विकृत बनाउन थाल्यो,' उनी भन्छन्, 'जेमा बढी इंगेजमेन्ट हुन्छ, त्यस्ता सूचना बढी प्रवाह हुन थाले। यसले गर्दा सूचनामा हुनुपर्ने सत्य, तथ्यभन्दा पनि के बढी चल्छ र भाइरल हुन्छ भन्नेतिर आकर्षित हुन थाले।'

खासगरी एआईबाट उत्पादन गरिएका फोटो, भिडियो सामग्री वास्तविकजस्तो लाग्छन्। सामान्य प्रयोगकर्तालाई ती सामग्री सत्य हुन् कि भुट भन्ने ज्ञान र परीक्षण गर्ने सीप दुवै हुँदैन। जसका कारण उनीहरू मिथ्या सूचनालाई पनि वास्तविक ठानेर प्रभावित हुने अवस्था छ। चुनाव जति नजिकिँदै छ, यस्तो मिथ्या सूचनाको उत्पादन र प्रवाह उत्तिकै बढ्दै गएको छ। सिएमआर नेपालका निर्देशक आचार्यका अनुसार कसलाई मतदान गर्ने भनेर मतदाताको निर्णयलाई नै प्रभावित पार्ने गरी मिथ्या सूचना फैलाइएका छन्।

यस्ता छन् मिथ्या सूचना नियमनका चुनौती

मिथ्या सूचनाको बाढी जुन रूपमा फैलिरहेको छ, नियमन गर्न कठिन बन्दै गएको छ। सरोकारवालाहरू यसमा कानुनी, जनशक्ति र समन्वयका पाटामा कमजोरी औँल्याउँछन्। डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सिग्देल नेपालको विद्यमान कानुन सामाजिक सञ्जाल नियमन गर्न स्पष्ट र पर्याप्त नभएको बताउँछन्।

'०६३ मा विद्युतीय कारोबार ऐन जारी हुँदा इन्टरनेटमा के प्रकाशन गर्न पाइँदैन भन्ने सन्दर्भमा अलिकति मात्रै छोइयो। अहिलेसम्म इन्टरनेटलाई नियमन गर्ने मूल कानुन नै यही हो जस्तो भइरहेको छ,' उनले भने, 'गएको २० वर्षमा धेरै कुरा परिवर्तन भयो। त्यो कानुन बन्दा सामाजिक सञ्जालको यो व्यापकता र डिजिटल इकोसिस्टम पनि थिएन। पछि जुन रूपमा सम्बोधन गर्नुपर्थ्यो, त्यो कहिल्यै पनि सम्बोधनको विषय भएन।'

अहिलेको समयमा इन्टरनेट र सञ्जाललाई अवज्ञा गरेर जान सक्ने अवस्था छैन। सिग्देल यसमा डिजिटल गभर्नेन्स र इकोनोमीका विषय पनि जोडिने बताउँछन्। यद्यपि, सूचना तथा अभिव्यक्तिको स्वतन्त्रताको विषय निरपेक्ष अधिकार नभई त्यसका पनि सीमा हुने उनको भनाइ छ। 'ती सीमा के हुन्, कतिसम्म नियमन गर्ने, नियमनका प्रभाव, नियमन गर्ने आधार, केका लागि नियमन गर्दै छौँ भन्नेबारे बहस आवश्यक छ,' उनी भन्छन्।

सिग्देलको भनाइमा नेपालमा मिथ्या सूचना रोक्ने र नियमनका सन्दर्भमा डिजिटल डिप्लोमेसीको अभाव छ। त्यसबारे सामाजिक सञ्जालका कम्पनीहरूसँग संवाद र समन्वयको कमी रहेको उनी बताउँछन्। 'कतिपय देशले चुनाव आउनुभन्दा अगाडि नै सामाजिक प्ल्याटफर्मसँग समन्वय गरेर अलग्गै संयन्त्र बनाएका हुन्छन्। हामीले मिथ्या सूचना रोक्नेबारे कसरी योजना बनाइरहेका छौँ र प्ल्याटफर्मसँग समन्वय कसरी गरिरहेका छौँ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ,' उनले भने।

निर्वाचन आयोगका प्रवक्ता भट्टराई भने मिथ्या सूचना रोक्न र कारबाहीको सजिलोका लागि मेटा र टिकटकसँग समझदारी (एमओयू) गर्ने गरी आयोगले संवाद र समन्वयको प्रयास गरिरहेको बताउँछन्। 'मिथ्या सूचना रोक्ने विषयलाई आयोगले प्राथमिकतामा राखेको छ,' उनले भने।

साइबर ब्युरोका सूचना अधिकारी एसपी दीपकराज अवस्थी अफवाह र मिथ्या सूचना फैलाउनेविरुद्ध विद्युतीय कारोबार ऐन मुलुकी अपराध संहितामा कानुनी व्यवस्था रहेको बताउँछन्। चुनावमा फैलिन सक्ने अफवाह र मिथ्या सूचनालाई लक्षित गरेर त्यसलाई हेर्न ब्युरोमा अलग्गै आन्तरिक डेस्क बनेको पनि उनको भनाइ छ। 'जसरी मिथ्या सूचना र अफवाह फैलिरहेका छन्, ती सबैलाई हेर्न गाह्रो भए पनि बदमासी गर्नेहरू अन्ततः कानुनी दायरामा आइहाल्छन्,' उनले भने, 'ब्युरोले सकेसम्म यस सम्बन्धमा काम गरिरहेको छ।'

सामाजिक न्याय...

पृष्ठ १ बाट क्रमशः

कानुन नबनेसम्म राज्यका निकायहरू बाध्यकारी नहुने र समावेशिता तथा सामाजिक न्यायको विषय संविधानकै धारामा सीमित हुने टिप्पणी गरेका छन्।

सर्वोच्चका न्यायाधीशहरू मनोजकुमार शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले सामाजिक न्यायको सुनिश्चितताका लागि कानुन तथा नीति निर्माणका लागि निर्देशनात्मक आदेश दिएको हो। गत ४ साउनमा आदेशको हालै सार्वजनिक पूर्णपाठमा निर्देशनात्मक आदेश भएको हो।

'...संघ, प्रदेश तथा स्थानीय तह र तीनवटै तहअन्तर्गतका निकायबाट नेपालको संविधानको धारा ४२ को सामाजिक न्यायको हकको व्यवस्था, मर्म र भावनालाई पूर्ण रूपमा व्यवहारमा रूपान्तरण गर्नका लागि नियमित र निरन्तर रूपमा सक्रियता र क्रियाशीलता अपनाउनू/अपनाउन लगाउनू भनी प्रत्यर्थीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ,' फैसलाको पूर्ण पाठमा छ।

संविधानको धारा ४२ ले सामाजिक न्यायको हकको व्यवस्था गरेको छ। जसमा 'आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित, पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस-आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने,' उल्लेख छ।

उक्त धाराको उपधारा (२) देखि (५) सम्म पनि विपन्न, किसान र द्वन्द्वपीडितलगायतका लागि अवसर तथा लाभको व्यवस्था गरिएको छ। लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षाका विशेष अवसर तथा अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक बाँच्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हकको व्यवस्था गरिएको छ। किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा अवलम्ब नगरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनोट तथा संरक्षणको हक पनि संविधानको उक्तधाराले दिएको छ। उपधारा (५) मा सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद परिवार, बेपत्ता पारिएका व्यक्ति, लोकतन्त्रका योद्धा, घाइते, विस्थापित, पीडितलाई उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, सामाजिक सुरक्षालगायतमा कानुनबमोजिम प्राथमिकतासाथ अवसर दिइने व्यवस्था छ।

संविधान जारी भएको दश वर्ष बितिसक्दा पनि सरकारले सामाजिक न्यायको हक कार्यान्वयनका निम्ति कानुन बनाएको दाबीसहित रौतहटका खजान्ची महतो नुनियाँ सर्वोच्च पुगेका थिए। उनको रिटमा मन्त्रिपरिषद्को कार्यालय, संघीय मन्त्रालयलगायतलाई विपक्षी बनाइएको थियो। यसैमाथि सर्वोच्चले आदेश गर्दै सामाजिक न्यायको कार्यान्वयनमा राज्यका समग्र अंगहरूको भूमिका रहने भएकाले यो र मानव अधिकार परस्पर अन्तरसम्बन्धित हुने उल्लेख गरेको हो।

संविधानमा व्यवस्था भएका मौलिक हक तथा अन्य हक कार्यान्वयन गर्ने दायित्व राज्य संयन्त्रको हुने फैसलामा उल्लेख छ। 'संविधानले व्यवस्था गरेका सामाजिक न्यायको मौलिक हक र अन्य संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने दायित्व राज्य संयन्त्रको हो। यी विषयमा राज्य विमुख हुन पाउँदैन। मौलिक हकले व्यवस्था गरेका कुरामा व्यवहारमा प्रत्याभूत गर्ने कुरालाई राज्यले कुनै पनि आधारमा पन्छिन वा असमर्थता व्यक्त गर्न मिल्ने हुँदैन,' फैसलामा भनिएको छ।

यस्तै, फैसलामा थप छ, 'सामाजिक न्यायको सुनिश्चितताका लागि समाजमा विद्यमान रहेका असमानता र भेदभावलाई बढावा दिने तत्त्वहरूको पहिचान गर्दै तदनुरूपको नीतिनिर्माण गर्न जरुरी हुन्छ। आयको वितरण, स्रोतसाधनको वितरण, कामको अवसर र पारिश्रमिक, शिक्षा वा ज्ञान प्राप्त गर्ने अवसर, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, राजनीतिक र नागरिक सहभागितालगायतका कुरामा विभेदको अवस्था रहनुहुँदैन। यस्ता कुराहरूमा समानता, समन्यायिक वितरण गरी सामाजिक न्यायको हकको व्यवहारमा प्रत्याभूत गर्ने दायित्व राज्यको हुन्छ।'

सामाजिक न्यायको प्रवर्द्धनमा अदालतको महत्त्वपूर्ण भूमिका हुने भन्दै सर्वोच्चले व्याख्या र निर्णयद्वारा सामाजिक दायित्व पूरा गर्ने गरेको जनाएको छ। सामाजिक न्यायका निम्ति जिम्मेवार राज्य संयन्त्रहरूले वाञ्छित कार्य नगर्दा वा विमुख तथा उदासीन रहँदा न्यायपालिका नै क्रियाशील हुनुपर्ने फैसलामा छ। अदालतले उक्त फैसलामा भनेको छ, 'सामाजिक न्यायको मर्म र भावनाअनुरूप कार्य गर्न न्यायपालिकाले राज्य संयन्त्रलाई दिशानिर्देश गर्नुपर्ने हुन्छ। सामाजिक न्यायको हकको क्रियाशीलताप्रति संवैधानिक भावनाअनुरूप अन्य अंगले निष्क्रियता देखाएका कारण न्यायालयलाई गुहारेको अवस्थामा न्यायपालिकाले आफ्नो दायित्व निर्वाहमा क्रियाशील र सक्रिय हुन्छ।'



● **अर्जुनप्रसाद कोइराला**

प्रवक्ता, सर्वोच्च अदालत

महान्यायाधिवक्ताको कार्यालयमार्फत आदेश कार्यान्वयनका लागि जो-जो विपक्षी थिए, उनीहरूकहाँ जान्छ।



● **सुनीलकुमार पटेल**

निवेदकतर्फका अधिवक्ता

छाता ऐन बनाउन आदेश माग गरेका थियौँ, तर त्यो आएको छैन। बाध्यकारी व्यवस्था र कानुन नभएसम्म सामाजिक न्याय संविधानको धारामा सीमित हुन्छ।

निवेदक खजान्ची महतो नुनियाँले सर्वोच्चको फैसलाले सकारात्मक रहेको र अब हरेक क्षेत्र-सबै निकायमा समानुपातिक समावेशी कानुन बनाएर कार्यान्वयन गरिनुपर्ने बताए। 'म एकदम खुसी छु। अब हरेक क्षेत्रमा सबै निकायमा समानुपातिक समावेशी कानुन बनाएर कार्यान्वयन गरिनुपर्छ। आर्थिक रूपमा पछाडि परेकालाई कल्याणकारी नीति लिई अगाडि बढ्नुपर्‍यो। निर्वाचनको प्रक्रिया अघि बढिसकेको छ, समानुपातिकको सूचीबाट छान्दा पनि सामाजिक न्याय कायम हुने गरी दलहरूले निर्णय लिनुपर्छ। अध्यादेश ल्याएर भए पनि यससम्बन्धी कानुन बनाइहाल्नुपर्छ,' उनले भने।

सर्वोच्चका प्रवक्ता तथा सह-रजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले रिट खारेज भए पनि विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश भएकाले महान्यायाधिवक्ताको कार्यालयमार्फत कार्यान्वयन हुने बताउँछन्। 'यसमा रिट खारेज भए पनि विपक्षीहरूलाई निर्देशनात्मक आदेश भएको हो। अब यो महान्यायाधिवक्ताको कार्यालयमा जान्छ। त्यहाँबाट जो-जो विपक्षी थिए, मन्त्रालय थिए, उनीहरूकोमा कार्यान्वयन गर्न भनी, सरकारको तर्फबाट गर्नुपर्ने काम गर्नु भनेर जान्छ,' उनले भने।

निवेदकतर्फका अधिवक्ता तथा संविधानका जानकार सुनीलकुमार पटेल छाता कानुन नबनेसम्म राज्यका निकायलाई बाध्यकारी नहुने र समावेशिता तथा सामाजिक न्यायको कुरा केवल संविधानको एउटा धारामा सीमित हुने बताउँछन्। निजामति सेवा ऐन र निर्वाचन कानुनमा स्पष्ट किटान भएकाले मात्र समावेशिता देखिएको, तर न्यायपालिका र कार्यपालिकामा त्यस्तो बाध्यता हुँदा त्यहाँ समावेशिता नरहेको उनको भनाइ छ। 'सामाजिक न्यायको एउटा पाटो समावेशिता हो। व्यवस्थापिकामा त कानुनले नै तोकेको हुनाले केही हदसम्म सन्तोषजनक मान्नुपर्छ। तर, न्यायपालिका र कार्यपालिका समावेशी छँदै छैन। अरू त अरू समावेशी आयोग आफैँ असमावेशी छ। हामीले छाता ऐन बनाउन आदेश माग गरेका थियौँ, तर त्यो आएको छैन,' उनी भन्छन्, 'धारा ४२ को उपधारा (१)मात्र यसको कार्यान्वयन होइन। हामीले अन्य उपधाराहरूअनुसार एउटा छाता ऐन बनाउन सदनको नाममा आदेश मागेका थियौँ, तर त्यो भएन। बाध्यकारी व्यवस्था र कानुन नभएसम्म सामाजिक न्याय केवल संविधानको धारामा सीमित हुन्छ।'

तर, संविधानविद् डा. रुद्र शर्माले आदेशले समाजमा, कानुन निर्माणमा, न्यायसम्पादनमा विस्तारै प्रभाव पार्ने बताउँछन्। 'धारा ४२ को स्पिरिटबमोजिम कानुन भएन, त्यसअनुसारको कानुन बनाई पाऊँ भनी निवेदकहरू जानुभयो। तर, रिट खारेज भयो, कानुन बनाउन आदेश भएन। तर, धारा ४२ बमोजिमका कार्य गर्नू भनेर अदालतले निर्देशन दियो। यसरी एउटै कानुन नबने पनि राज्यका तीनै तहका सरकारले यो धाराको मर्मलाई व्यवहारमा रूपान्तरण गर्न क्रियाशील हुनु भनेको छ,' उनी भन्छन्, 'यस्ता थुप्रै रिट हाम्रो इतिहासमा पाइन्छन्। अहिले जुन समावेशिताको कुरा संविधानमा आएको छ, यो पनि विगतमा अदालतमा ठोक्किएको कुरो हो। यस्ता आदेशले समाजमा, कानुन निर्माणमा, न्यायसम्पादनमा विस्तारै प्रभाव पार्छन्। यसबाट कानुनी विकासमा र सामाजिक न्यायमा सकारात्मक प्रभाव पर्छ।'

पर्साका चारै क्षेत्रमा पुरानालाई नयाँ उम्मेदवारको चुनौती

युवा उम्मेदवार मैदानमा उत्रिएपछि चुनाव थप रोचक, विकास र रोजगारी नै नागरिकको प्राथमिकतामा

वीरगन्जमा **तिवारी यादव**

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिएसँगै पर्सामा चुनावी सरगर्मी बढेको छ। दलहरूले आ-आफ्नै उम्मेदवार बलियो रहेको दाबी गरे पनि मतदाता भने आफ्नो ठाउँको विकास गर्न सक्ने प्रतिनिधि छान्ने सोचमा छन्। जेन-जी आन्दोलनपछि जिल्लाका प्रत्येक क्षेत्रमा नयाँ पुस्ताका उम्मेदवार मैदानमा उत्रिएपछि चुनाव थप रोचक बनेको छ।

मतदाता विकास निर्माण र युवा पुस्ताको चाहनाअनुरूप काम गर्न सक्ने प्रतिनिधिको खोजीमा छन्। विकास र रोजगारी नै नागरिकको प्राथमिकतामा छ। अधिकांश पुरानै अनुहार उम्मेदवार बनेर मत माग्न आएपछि मतदाताले पहिलेकै बाचा सुनाउन थालेका छन्। पटक-पटक जितेर गएका नेताहरू मन्त्री बने पनि जिल्लामा विकास नभएको गुनासो गरेका हुन्। काठमाडौंका पूर्वमेयर बालेन्द्र शाह बालेनलाई रास्वपाले भावी प्रधानमन्त्रीको उम्मेदवार प्रस्ताव गरेपछि त्यसको असर पर्सामा पनि परेको छ। त्यसैले पुराना दलले पाउँदै आएको मत परिवर्तन हुने सम्भावना धेरै छ।

१ मा पुराना खेलाडीहरू मैदानमा

पर्सा १ मा दल परिवर्तन गर्दै एमालेबाट उम्मेदवार बनेका पूर्वमन्त्री प्रदीप यादव लगातार तेस्रोपटक जित निकाल्ने रणनीतिमा छन्। कांग्रेसका अनिल रुंगटा भने पहिलो जितको खोजीमा छन्। ०७४ देखि यस क्षेत्रमा आफ्नो बिरासत जोगाउँदै आएको जनता समाजवादी पार्टीले यसपटक नयाँ अनुहार ल्याएको छ। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा पर्सा १ बाट पराजित यादवले ०७४ र ०७९ को निर्वाचनमा जसपाबाट चुनाव जिते। कांग्रेस पर्साका नेता रुंगटाले भने हालसम्म प्रतिनिधिसभा निर्वाचन जित्न सकेका छैनन्।

जसपा पर्साका अध्यक्ष रामनरेश यादव पनि चुनावी मैदानमा छन्। एमालेबाट विद्रोह गरी उज्यालो नेपाल पार्टीबाट उम्मेदवारी दिएका युवा नेता रामकिशोर सिंह पनि चुनावी मैदानमा छन्। होटेल तथा पर्यटन व्यवसायबाट राजनीतिमा आएका रास्वपाका बुद्धिबहादुर पन्त जेन-जी आन्दोलनको मुद्दा लिएर मतदातासमक्ष पुगेका छन्।

२ मा अधिकांश युवा उम्मेदवार

पर्सा २ मा नयाँ अनुहार धेरै छन्। कांग्रेसले यो क्षेत्रमा अजय चौरसियालाई नै उम्मेदवार बनाएको छ। ०५६ मा पहिलोपटक चुनाव लडेका चौरसिया सहायकमन्त्रीसमेत बनेका थिए। पछिल्लोपटक चौरसिया केपी ओली नेतृत्वको सरकारमा कानुनमन्त्री थिए।

एमालेले २९ वर्षीय रिमा यादवलाई अघि सारेको छ। रिमा एमालेबाट देशभरकै कान्छी उम्मेदवार पनि हुन्। एमालेले ०७४ र ०७९ को निर्वाचनमा जसपासँग चुनावी गठबन्धन गरेर यो क्षेत्र छाडेको थियो। एमालेसँगकै गठबन्धनमा ०७४ मा जसपाका विमलप्रसाद श्रीवास्तवले जिते। ०७९ मा कांग्रेसका चौरसिया विजय भए।

रास्वपाले ३६ वर्षीय सुशील साह कानूलाई उम्मेदवार बनाएको छ। उनी ०७९ को स्थानीय तह निर्वाचनमा जसपाबाट वीरगन्ज महानगरपालिका- १० को वडाध्यक्ष पदमा निर्वाचित भएका थिए। वडाध्यक्ष पदबाट राजीनामा दिएर उनी रास्वपाको उम्मेदवार बनेका हुन्। राष्ट्रिय प्रजातन्त्र पार्टीले विना जैसवाल कुर्मीलाई उम्मेदवार बनाएको छ। जसपाले ६० वर्षीय अशोक टेमानीलाई उम्मेदवार बनाएको छ।

३ मा अनुभवी मैदानमा

पर्सा ३ मा यसपटक त्रिकोणात्मक प्रतिस्पर्धा हुने देखिएको छ। कांग्रेसबाट उम्मेदवार बनेका सुरेन्द्रप्रसाद चौधरी राजनीतिमा अनुभवी हुन्। ०४८ देखि निरन्तर चुनाव लड्दै आएका चौधरी चारपटक सांसद निर्वाचित र पटक-पटक मन्त्री भइसकेका छन्।

एमाले र रास्वपाले भने नयाँलाई अवसर दिएका छन्। एमालेले रूपेश पाण्डेलाई अघि सारेको छ। उम्मेदवार बन्नु केही दिनअघि मात्रै टिकट सुनिश्चित गरेका पाण्डेको विगतको पृष्ठभूमि राजनीति भने होइन। रास्वपाले काग्रेसबाट प्रवेश गरेका रामाकान्तप्रसाद चौरसियालाई उम्मेदवार बनाएको छ। लामो समयसम्म नेपाल निर्माण व्यवसायी संघ पर्साको नेतृत्व गरेका चौरसिया पहिलोपटक संसदीय निर्वाचनमा होमिएका हुन्।

जय मातृभूमि पार्टीबाट उम्मेदवार बनेका राजकुमार यादव पनि यस क्षेत्रको पुराना अनुहार हुन्। ०७० देखि लगातार निर्वाचन लड्दै आएका यादव अहिलेसम्म निर्वाचित नभए पनि प्रत्येक निर्वाचनमा सम्माजनक मत पाउने गरेका छन्। नेपाली कम्युनिस्ट पार्टीले छोटेलाल यादवलाई उम्मेदवार बनाएको छ।


४ मा बहुपक्षीय प्रतिस्पर्धा

सदरमुकामदेखि ४० किलोमिटर पश्चिममा पर्ने पर्सा ४ मा चुनावी गतिविधि बढ्दै गएको छ। उम्मेदवारहरू कार्यकर्ता तथा मतदाता भेटघाटमा व्यस्त छन्। यो क्षेत्रमा सहरी मतदाता, उद्योगी-व्यवसायी, मजदुर तथा मध्यम वर्गको बाक्लो उपस्थिति छ। विगतको निर्वाचनमा कम्युनिस्ट र कांग्रेसबिच प्रतिस्पर्धा हुँदै आएकोमा यसपटक भने बहुपक्षीय प्रतिस्पर्धाको संकेत देखिएको मतदाताहरूको बुझाइ छ।

कांग्रेसले ०४८ देखि लड्दै आएका रमेश रिजाललाई चुनावी मैदानमा उतारेको छ। रिजाल आफ्नो पुरानै प्रभाव कायम राख्ने रणनीतिका साथ सक्रिय छन्। पार्टी संगठन, स्थानीय तहसम्मको पहुँच र परम्परागत मत बैंक कांग्रेस उम्मेदवारको मुख्य आधार हो।

एमालेले ७८ वर्षीय उम्मेदवार जालिम मियाँ मन्सुरीलाई उम्मेदवार बनाएको छ। मियाँ ०७८ मा एमाले प्रवेश गरेर ०७९ को निर्वाचनमा कांग्रेसका रिजालसँग पराजित भएका थिए। नेकपाका ६५ वर्षीय जयप्रकाश थारू पर्साको राजनीतिमा पुराना खेलाडी हुन्। एमाले हुँदै नेकपाका उम्मेदवार बनेका उनलाई लिएर स्थानीय राजनीति बुझ्नेका र निरन्तर संघर्षबाट उदाएका उम्मेदवारका रूपमा प्रस्तुत गरिरहेका छन्।

तत्कालीन माओवादीको केन्द्रीय सदस्य हुँदै रास्वपा प्रवेश गरेका टेकबहादुर शाक्य उम्मेदवार बनेका छन्। जसपाले कृपासिन्धु चौधरीलाई उम्मेदवार बनाएको छ। कांग्रेस पृष्ठभूमिबाट राजनीति सुरु गरेका चौधरी जसपा प्रवेश गरेर निर्वाचन मैदानमा उत्रिएका हुन्।



पर्सा १ : मतदाता : ८९,६३८
महिला : ३९,२३०
पुरुष : ५०,४०६
अन्य : २
मतदानस्थल : ३४
मतदान केन्द्र : १०३

पर्सा २ : मतदाता : ९५,१२०
महिला : ४१,४००
पुरुष : ५३,७१७
अन्य : ३
मतदानस्थल : ३८
मतदान केन्द्र : ११०

पर्सा ३ : मतदाता ९६,५४२
महिला : ४१,६४४
पुरुष : ५४,८९४
अन्य :४
मतदानस्थल : ४७
मतदान केन्द्र : ११४

पर्सा ४ : मतदाता ९५,२१३
महिला : ४२,१४७
पुरुष : ५३,०६०
अन्य : ६
मतदानस्थल : ४८
मतदान केन्द्र : ११४

पर्सामा २४ हजार नयाँ मतदाता

जिल्ला निर्वाचन कार्यालय पर्साले मतदाता नामावली सार्वजनिक गरेको छ। मतदाता नामावलीअनुसार पर्सामा तीन लाख ७६ हजार ५१३ मतदाता छन्। ०७९ को निर्वाचनमा तीन लाख ५२ हजार ४८४ मतदाता रहेकामा २४ हजार २९ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख अनामिका रौनियारले जानकारी दिइन्। पर्सामा महिला एक लाख ६४ हजार ४२१ र पुरुष दुई लाख १२ हजार ७७ र 'अन्य' मतदाताको संख्या १५ छ। जिल्लामा ४४१ मतदान केन्द र १६७ मतदानस्थल छन्।

युवामा देखिएको परिवर्तनको चाहना कांग्रेसले जित्ने आधार हो



● **रामनारायण कुर्मी**, उपसभापति, कांग्रेस पर्सा

कांग्रेस संगठनात्मक बल र अनुशासित कार्यकर्तालाई आधार मानेर चुनावी मैदानमा उत्रिएको छ। विशेष महाधिवेशनपछि कांग्रेस झन् एकताबद्ध भएको छ। पार्टीमा रूपान्तरण भइसकेकाले चारवटै क्षेत्रमा उम्मेदवार जित्ने रणनीतिमा लागेका छौं। युवा मतदातामा देखिएको परिवर्तनको चाहना पनि कांग्रेसले जित्ने आधार हो।

नयाँ उम्मेदवार उतारेकाले एमालेमाथि भरोसा बढ्दै गएको छ



● **विचारीप्रसाद यादव**, उपाध्यक्ष, एमाले मधेश प्रदेश

पर्साका तीनवटा क्षेत्रमा नयाँ उम्मेदवार उतारेकाले एमालेमाथि भरोसा बढ्दै गएको छ। समयको मागअनुसार रूपान्तरण र पुस्तान्तरण हुने गरी उम्मेदवार मैदानमा ल्याएका छौं। राष्ट्र जोगाउन पनि एमाले नेतृत्वको सरकार चाहिएको जनताले महसुस गरेका छन्। एमाले स्पष्ट एजेन्डासहित उत्रिएकाले चारवटै क्षेत्र जित्छौं।

रास्वपाले सबै क्षेत्रमा निर्वाचन जित्ने आधार बनेको छ



● **बुद्धिबहादुर पन्त**, सभापति, रास्वपा पर्सा

अहिले देशको प्रधानमन्त्रीमा पार्टीले मधेशका युवा, लोकप्रिय अनुहार र सरकार सञ्चालन गर्ने अनुभवीलाई घोषणा गरेर अगाडि बढेको छ। जेनजी आन्दोलनपछि देशमा परिवर्तन गर्ने आवाज उठेकाले रास्वपाले जनताको व्यापक साथ पाएको छ। त्यो नै रास्वपाले सबै क्षेत्रमा निर्वाचन जित्ने आधार बनेको छ। पर्सामा पार्टी संगठन पहिलेदेखि बलियो रहेकाले यसपटक झन् सबैको सहयोग पाएकाले हामी मजबुत अवस्थामा छौं।

चारवटै क्षेत्रमा नेकपाले जित्ने आधार बनेको छ



● **छोटेलाल यादव**, नेता, नेकपा

एमाले र कांग्रेसले चलाएको दुई तिहाइ बहुमतको सरकार असफल भएको छ। उनीहरूको लामो समयदेखिको सरकार सञ्चालनको नालायकीपनले देशमा परिवर्तन भएको छ। त्यसकारण अहिले नेकपाले जिल्लाको चारवटै क्षेत्र जित्ने आधार बनेको हो। भ्रष्टाचार नियन्त्रण, सुशासन कायमको मुद्दा हामीले अघि सारेका छौं। जसलाई जनताले स्वीकारेका पनि छन्। अहिले नेकपाले जित्ने आधार रहेको अवस्था छ।

स्वास्थ्य बिमाबाट २५ हजारको मात्रै ओपिडी सेवा पाइने

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वास्थ्य बिमाबाट बिमित बिरामीले एक आर्थिक वर्षमा बहिरंग (ओपिडी) सेवामा अधिकतम २५ हजारको मात्र उपचार सुविधा पाउने भएका छन्। त्यसपछिको सुविधा भने अस्पताल भर्ना, ल्याब परीक्षण र आकस्मिक उपचारको रहने बोर्डका सूचना अधिकारी विकेश मल्लले बताए। उनका अनुसार बिमाको वित्तीय भार ओपिडीमा परिरहेकाले त्यसलाई कम गर्न सेवा वर्गीकरण गरिएको हो। '१ फागुनदेखि यो नियम कार्यान्वयनमा आउँछ, त्यसभन्दा अघि सिस्टम मिलाइनेछ, वित्तीय सुधार गर्नका लागि यस्तो गरिएको हो,' उनले भने, 'हाल ओपिडीमा बढी वित्तीय भार छ, तर आइसियू तथा सर्जरीमा सेवा लिँदा बिमाले नपुग्ने अवस्था छ, त्यसलाई सन्तुलन मिलाउन यो नियम लागू गर्न खोजिएको हो।'



बोर्डका सूचना अधिकारी **विकेश मल्ल** भन्छन्- ओपिडीमा बढी वित्तीय भार छ, तर आइसियू तथा सर्जरीमा सेवा लिँदा बिमाले नपुग्ने अवस्था छ, सन्तुलन मिलाउन यो नियम लागू गर्न खोजिएको हो

स्वास्थ्य बिमामा आबद्ध हुन तीन हजार पाँच सय तिर्नुपर्छ। उक्त बिमाबाट परिवारका पाँच सदस्यले वार्षिक एक लाखको उपचार सेवा लिन सक्छन्। ओपिडीबाहेकको अन्य रकम ल्याब, भर्ना र शल्यक्रियामा खर्च गर्न पाइनेछ। ओपिडी सेवा लिँदा २५ हजार नाघेपछि बिमा नगरेका बिरामीसरह शुल्क तिरेर ओपिडी सेवा लिनुपर्नेछ।

बोर्डले गरेको अध्ययनअनुसार बिमाको करिब ७१ प्रतिशत ओपिडी सेवामा खर्च हुने गरेको छ भने अन्य रकम भर्ना तथा इमर्जेन्सीसम्बन्धी उपचारमा खर्च हुने गरेको छ। ओपिडीमा सीमितता तोकेपछि अब बिरामी पक्षबाट बिमाको दुरुपयोग कम हुने बोर्डको दाबी छ।

प्रिमियम पनि बढाउने तयारी

स्वास्थ्य बिमा बोर्ड प्रिमियम बढाउने तयारीमा छ। प्रिमियम कम हुँदा बिमितले दुरुपयोग गरेको, सेवाप्रदायकलाई शुल्क तिर्न बोर्डले नसकेको लगायत कारण देखाउँदै बोर्डले प्रिमियम बढाउन गृहकार्य गरिरहेको छ। प्रिमियम बढाउदा बिमाबाट उपचार गराउने विपन्न तथा गरिब परिवारका बिरामीलाई आर्थिक भार पर्नेदेखि बिमितको संख्या घट्नेलगायत समस्या देखिने जानकारहरू बताउँछन्।

बोर्डका कार्यकारी निर्देशक डा. कृष्ण पौडेलले स्वास्थ्य बिमा विभिन्न कारणले धराशयी बनेका कारण केही विकल्प अघि सारिएको बताए। तर, कति रकम बढाउने भनेर यकिन नभएको उनको भनाइ छ। 'प्रिमियम शुल्क कम भयो, यसलाई हेरफेर गर्न सकिन्छ कि भनेर पनि सोचिरहेका छौं,' पौडेलले भने, 'निजी अस्पतालबाट बढी क्लेम आइरहेको छ, त्यसलाई पनि रोक्ने कि भन्ने सोच बनाएका छौं।'

बिमितको संख्या हेर्दा अधिकांशले सेवा लिन मात्रै बिमा गरेको पाइएको छ। घरमा बिरामी सदस्य भएका तथा जोखिम अवस्थामा भएकाले बढी बिमा गर्ने प्रवृत्ति बढिरहँदा त्यसले बिमालाई थप धराशयी बनाएको बोर्डको बुझाइ छ। सोही कारण तीन करोड जनसंख्यालाई नै बिमाको दायरामा ल्याउन सबैभन्दा उत्तम विकल्प रहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए। उनका अनुसार बोर्डले बिमाको प्रिमियम शुल्क बढाउने भने पनि मन्त्रालयले त्यसतर्फ चासो दिएको छैन। बरु धरैलाई बिमामा कसरी आबद्ध गराउने भन्नेतर्फ बोर्डको चासो छ।

विप्लव नेतृत्वको माओवादीको एजेन्डा प्रत्यक्ष निर्वाचित कार्यकारी

काठमाडौं/ नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा (माओवादी)ले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्ने राजनीतिक एजेन्डासहितको २० बुँदे चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ। संविधानको पुनर्लेखन गरी प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित कार्यकारी राष्ट्रपतिलगायत एजेन्डा अघि सार्दै आइतबार उसले २० बुँदे प्रतिबद्धतापत्र सार्वजनिक गरेको हो। काठमाडौंमा आइतबार आयोजित पत्रकार सम्मेलनमा महासचिव विप्लवले लगातार संघर्ष र क्रान्तिपछि जनताले चाहेजस्तो राज्य निर्माण हुन नसकेको बताए। अग्राधिकारसहितको समाजवादी संघीय ढाँचाको राज्य हुनुपर्ने भन्दै उनले राज्यले रोजगारीको क्षेत्रमा शून्य प्रयत्न गरेकाले युवामा निराशा देखिएको दाबी पनि गरे। माओवादीको प्रतिबद्धतापत्रमा प्रतिनिधिसभा र राष्ट्रिय सभालाई पूर्ण समानुपातिक बनाइने, न्याय प्रणालीमा आमूल परिवर्तन गरिने, संघीयता उत्पीडित जाति र क्षेत्रलाई पहिचान र अग्राधिकारसहितको समाजवादी संघीयताको नीति लिइने उल्लेख छ। नेपाललाई एकीकृत र समृद्ध बनाउन अग्राधिकारसहितको समाजवादी संघीय राज्यमा पुनर्संरचना गर्नुपर्ने, मजदुर, किसान, श्रमजीवी, मध्यमवर्ग, बुद्धिजीवी वर्गलाई राजनीतिक रूपले अधिकार सम्पन्न गराउनुपर्ने लगायत एजेन्डा अगाडि सारिएको छ।



साँगा अन्डरपास निर्माणमा तीव्रता

अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्डको साँगामा निर्माण भइरहेको अन्डरपास। सडक विस्तार आयोजनाले भक्तपुर र काभ्रेपलाञ्चोकको सीमा क्षेत्र साँगामा दुई लेनको अन्डरपास निर्माण गरिरहेको हो। उक्त अन्डर पासको लम्बाइ एक हजार ११० मिटर रहने जनाइएको छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



संक्षेप

भिडियो खिच्दै गर्दा नयाँ पत्रिकाकर्मी यादव प्रहरी नियन्त्रणमा

काठमाडौं/ सप्तरीको राजविराज भन्सार कार्यालयस्थित प्रहरी बिटमा रकम लिँदै गरेको दृश्य खिच्दा नयाँ पत्रिकाकर्मी सौरभ यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ। तलाठी कोइलाडी गाउँपालिका- १ मा रहेको प्रहरी बिटमा प्रहरी कर्मचारीले महिला व्यापारीसँग पैसा लिँदै गरेको फोटो तथा भिडियो आइतबार दिउँसो खिच्न लागेका पत्रकार यादवलाई प्रहरीले नियन्त्रणमा लिएको हो। प्रहरी हबल्दार डी यादवले नयाँ पत्रिका दैनिकका सप्तरी संवाददाता यादवलाई नियन्त्रणमा लिएका हुन्। प्रहरीले यादवलाई करिब १५ मिनेट नियन्त्रणमा राखेर छाडेको छ। यस घटनाले प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षामाथि गम्भीर प्रश्न उठेको भन्दै नेपाल पत्रकार महासंघ, सप्तरीका उपाध्यक्ष रामनारायण विश्वासले घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्।

'अमर नेम्वाङ लिम्बू स्मृति' सम्मान शक्तेन, सापकोटा र याक्थुङ्बालाई

पाँचथर/ यस वर्षका लागि 'अमर नेम्वाङ लिम्बू स्मृति साहित्य सम्मान तथा पुरस्कार' कवि देवेन्द्र शक्तेन राई, निबन्धकार दीपक सापकोटा र साहित्यकार मलिशा याक्थुङ्बा लिम्बूलाई प्रदान गरिने भएको छ। अमर नेम्वाङ लिम्बू स्मृति प्रतिष्ठानले २६ माघमा स्व. अमर नेम्वाङको सातौं स्मृति दिवसका अवसरमा फिदिममा आयोजना हुने कार्यक्रममा पुरस्कार संयुक्त रूपमा प्रदान गर्ने भएको हो। ३० को दशकका कवि देवेन्द्र शक्तेन राई पाँचथरको चिम्फुलाका हुन्। उनको 'दन्त्य कथाको देश' कवितासंग्रह प्रकाशित छ। निबन्धकार सापकोटाका 'लोकेसन' निबन्धसंग्रह र 'निर्बन्ध मोन्टाज' प्रकाशित छन्। पाण्डुलिपि मासिकका पूर्वसम्पादक सापकोटा हाल कान्तिपुर दैनिकको 'कोसेली' साहित्य परिशिष्टका संयोजक हुन्। याक्थुङ भाषामा कलम चलाउँदै आएका लिम्बू वरिष्ठ साहित्यकार हुन्। उनका दर्जनौं कृति प्रकाशित छन्। यसै अवसरमा जेहेनदार विद्यार्थी छात्रवृत्तितर्फ फाल्गुनन्द गाउँपालिकाका तीन विद्यालयका विद्यार्थीलाई छनोट गरिएको छ। छात्रवृत्ति प्राप्त गर्नेमा सारताप मनरत्न माध्यमिक विद्यालय, सरताप (फाल्गुनन्द- ३) का कक्षा ८ मा अध्ययनरत सोनी नेम्वाङ, कृष्ण माध्यमिक विद्यालय, चिलिङदिन (फाल्गुनन्द- ४) का कक्षा ९ का अञ्जन चेम्जोङ तथा जलसिंह माध्यमिक विद्यालय, चिम्फुला (फाल्गुनन्द- ३) का कक्षा ८ का विद्यार्थी खाम्बेकहाङ चेम्जोङ छन्।

कम्बोडिया पठाइदिन्छु भनी ठगी गरेको आरोपमा एक पक्राउ

काठमाडौं/ आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीको नाममा ठगी गरेको आरोपमा पर्साका एक व्यक्तिलाई प्रहरीले काठमाडौंबाट आइतबार पक्राउ गरेको छ। रोजगारीका लागि कम्बोडिया लैजाने भन्दै चार लाख ३५ हजार रुपैयाँ ठगी गरी सम्पर्कविहीन भएको आरोपमा ठोरी गाउँपालिका- ४ घर भई काठमाडौं महानगरपालिका- ९ बस्ने ४१ वर्षीय बबीलाल लामा पक्राउ परेका हुन्। लामालाई आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाएको प्रहरीले जनाएको छ।

निर्वाचन सुरक्षाका लागि बुधबारबाट सेना परिचालित हुने

निर्वाचन सुरक्षार्थ सेनाको ७९ हजार ७२७ फौजलाई परिचालन गर्ने सरकारको निर्णय

टेकराज थामी/नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन सुरक्षार्थ नेपाली सेना मुलुकभर बुधबारबाट परिचालित हुने भएको छ। निर्वाचनको महिना दिनअघिबाटै परिचालन गर्ने योजनाअनुसार सेना बुधबारबाट परिचालित हुने भएको हो।

सरकारले निर्वाचन सुरक्षार्थ सेनाको ७९ हजार ७२७ फौजलाई परिचालन गर्ने निर्णय भएको छ। सोही फौज बुधबारबाट फिल्डमा देखिने गरी परिचालन हुन लागेको हो। परिचालित सेना एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ ले स्वीकृत गरेको कार्यविधिअनुसार फिल्डमा खटिनेछन्। सेनाका सूचना अधिकारी सहायक रथी राजाराम बस्नेतले निर्वाचन सुरक्षार्थ नेपाली सेना बुधबारबाट फिल्डमा परिचालित हुने बताए। 'निर्वाचन हुनभन्दा एक महिनाअघिबाटै परिचालन गर्ने म्यान्डेटअनुसार सेना आगामी २१ माघदेखि फिल्डमा खटिनेछन्। यसका लागि आवश्यक सबै तयारी पूरा भएको छ। सेना एकीकृत सुरक्षा योजनाले दिएको म्यान्डेटअनुसार नै फिल्डमा खटिनेछ,' उनले भने।

सुरक्षा योजनाअनुसार सेना निर्वाचन सुरक्षाको तेस्रो घेरामा रहनेछ। यो भनेको प्रत्येक मतदानस्थल आसपासका क्षेत्रमा संयुक्त तथा एकल गस्ती गर्ने, भिभिआइपी तथा भिआइपी रहने निवास क्षेत्रको सुरक्षा गर्नु हो। त्यसबाहेक कारागार, सुरक्षा निकायका हेडक्वार्टर, बैंक, विमानस्थलजस्ता सामरिक महत्त्वका क्षेत्र सुरक्षा गर्ने जिम्मा पनि सेनाको रहनेछ। यसका लागि आवश्यक बेस स्थापना गर्नुपर्ने हुन्छ। परिचालित सेनाले पहिलो चरणमा यही काम गर्नेछ। जसका लागि आवश्यक सहयोग सेनाले जिल्लास्थित गुल्म, गण, बाहिनी र प्रदेशस्थित पृतनाबाट लिनेछ। 'फिल्डमा परिचालित हुन सेनाले आफ्नो बेस बनाउनुपर्ने हुन्छ। बुधबारबाट परिचालित सेनाले बेस स्थापना गर्नेछ। सोही बेसबाट सेनाले निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध जुटाउनेछ। यसका लागि आवश्यक सहयोग जिल्लास्थित गुल्म, गण, बाहिनी, प्रदेशस्थित पृतनाबाट लिनेछ,' बस्नेतले भने।

गृह मन्त्रालयले गत ३० कात्तिकमै एकीकृत निर्वाचन सुरक्षा योजना, ०८२ स्वीकृत गरेको थियो। सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर र निर्वाचन प्रहरी गरी कुल तीन लाख ३८ हजार ८९० सुरक्षाकर्मी निर्वाचनको दौरानमा खटिँदै छन्। जसअनुसार सेना ७९ हजार ७२७, नेपाल प्रहरी ७५ हजार ४९७, सशस्त्र प्रहरी ३४ हजार ५७६, निर्वाचन प्रहरी एक लाख ४९ हजार ९० र राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर एक हजार ९२१ खटाउने निर्णय भएको छ।

सेना, प्रहरी र सशस्त्रका सुरक्षा फौजबिच सुरक्षा कार्यविधि स्वीकृत भएलगत्तै संयुक्त रूपमा आवश्यक तालिम यसअघिबाटै चल्दै आएका छन्। यसक्रममा उनीहरूले संयुक्त पेट्रोलिङ, ड्रिलिङ, गस्तीलगायत तालिम लिइरहेका छन्। यसक्रममा भिभिआइपी र भिआइपी क्षेत्र तथा व्यक्तिको सुरक्षाका क्रममा अपनाइने रणनीति, निर्वाचन बिथोल्ने समूहको पहिचान र कारबाहीजस्ता विषयमा पनि उनीहरूले तालिम लिएका छन्। निर्वाचनका बेला हुन सक्ने झडप रोक्न अपनाइने आवश्यक तयारी, उम्मेदवारको सुरक्षा, मतपेटिकाको रक्षाजस्ता विषयमा पनि उनीहरूले तालिम लिएका छन्।



■ कहाँको सुरक्षा विश्लेषण कस्तो ?

प्रदेश	अतिसंवेदनशील	संवेदनशील	सामान्य
उपत्यका	१२	२३७	२७८
कोशी	४३९	८२१	६४७
मधेश	१२४६	७५५	१५९
बागमती	१२८८	४९७	४३७
गण्डकी	३२८	५७७	३९२
लुम्बिनी	४६२	७३८	४७१
कर्णाली	३५८	४२२	१६१
सुदूरपश्चिम	४८१	३९५	३००
कुल	४६१४	४४४२	२८४५

कुल मतदानस्थल : ११,९०१

■ को कति खटिँदै छन् ?

नेपाली सेना : **७९,७२७**
नेपाल प्रहरी : **७५,४९७**
सशस्त्र प्रहरी : **३४,५७६**
निर्वाचन प्रहरी : **१,४९,०९०**
राअवि : **१,९२१**
कुल : **३,३८,८९०**

निर्वाचन प्रहरीले लिए नियुक्ति

निर्वाचन सुरक्षार्थ सरकारले मुलुकभर छनोट भएका एक लाख ४९ हजार ९० निर्वाचन प्रहरीले आइतबार नियुक्तिपत्र पाएका छन्। नियुक्तिपत्र लिएकाको तालिमसमेत सुरु भइसकेको छ। उनीहरूलाई १० दिन तालिम दिइनेछ। त्यसलगत्तै निर्वाचन सुरक्षार्थ फिल्डमा खटाइनेछ। नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्लेले छनोट भएका निर्वाचन प्रहरीलाई नियुक्तिपत्र दिइएको र उनीहरूको तालिमसमेत सुरु भएको बताए। उनले भने, 'मुलुकभर छनोट भएका सबै निर्वाचन प्रहरीले आइतबार नियुक्तिपत्र लिएका छन्। उनीहरूको तालिम पनि सुरु भइसकेको छ। अब १० दिन उनीहरू तालिममा रहनेछन्। त्यसलगत्तै उनीहरूलाई निर्वाचन सुरक्षार्थ फिल्डमा खटाइनेछ।'

सय बिलियन जिडिपीको नेपाली अर्थतन्त्र

प्रतिव्यक्ति आय तीन हजार डलरसहित वार्षिक तीन लाख रोजगारी सिर्जना गर्दै अघि बढ्ने सामर्थ्यको नेपाली अर्थतन्त्र बनाउन तत्काल सकिन्छ



● लोकबन्धु घिमिरे

अग्रलेख

आर्थिक क्रान्तिलाई चुनावी मुद्दा बनाऔं : भर्खरै राष्ट्रिय तथ्यांक कार्यालयको गरिबीको लघुक्षेत्र रिपोर्ट-२०८२ हेर्दा नेपालमा ६२ लाख (२०.२७%) जनसंख्या बहुआयामिक गरिबीमा रहेको देखिन्छ। यो बढी दुर्गम क्षेत्र र गाउँमा छ, जो पुस्तान्तर गरिबी पनि हो। अब यो अन्त्य गर्नैपर्छ। यही गरिबीको दुष्चक्र तोड्न नेपालले लगातार देखेको एक सपना हो- पर्याप्त उत्पादन, दुईअंके आर्थिक वृद्धि, ठुलो जिडिपी, उच्च परक्यापिटा इन्कम र उन्नत विकास। यो समृद्धि प्राप्ति गर्न तीव्रत्तर औद्योगिक क्रान्तिबाट अर्थतन्त्रलाई समाजवादोन्मुख वैचारिकीले निर्देशन गर्ने। यसका लागि अर्धसामन्तवादी उत्पादन ढाँचा समूल अन्त्य गर्ने। यसमा सबै राजनीतिक दल सहमत भएका पनि हुन्।

तर यस्तो भएन, चारैतिर कुशासन र भष्ट्राचार छायो, पटक-पटक राजनीतिक परिवर्तन भए पनि आर्थिक क्रान्ति मूल राजनीतिक मुद्दा बन्नै पाएन। न्यून उत्पादनका कारण जिडिपी र प्रतिव्यक्ति आय बढेन। नेपालको ७५ वर्षे आधुनिक इतिहासमा अर्थतन्त्र शिथिल नै रह्यो। यही अविकासको चक्रव्यूह तोडन जेन-जी आन्दोलन भयो। उनैको सरकार छ, अर्थमन्त्री भिजनरी छन्। कमै समयमा सही, उचित विकास नीतिसँगै पुनर्निर्माण र उत्पादन वृद्धि योजना बन्ला। यसबाट अर्थतन्त्र क्रमशः उकासिएला र नयाँ आउने सरकारले पनि यो नीतिलाई निरन्तरता देला। अर्थतन्त्र सुधार मूल चुनावी मुद्दा बन्ला नै, यो अपेक्षा सर्वत्र छ।

हुन त अघिल्लो सरकारले पनि अर्थतन्त्रको शिथिलता हटाएको दाबी गरेको थियो। जस्मा देशको आर्थिक अवस्था लयमा फर्केको, कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा वृद्धि भई चार खर्बले अर्थतन्त्रको आकार बढेको र २२ मध्ये धेरैजसो वृहत् आर्थिक परिसूचक सप्रिएको भन्ने थियो। तर, अर्थतन्त्र तरलतामुखी र उच्च महँगीभित्रै रहँदा यो पत्यारिलो देखिँदैनथ्यो।

अहिले पनि स्थिति उस्तैउस्तै छ, तर आशा भने गर्न सकिन्छ, किनकि सरकार इमानदार र अनुशासित छ। अर्थशास्त्रीहरूले अवृद्धिजनित स्फिति अन्त्य हुँदा मूलतः तीन परिसूचक नापजाँच गर्छन्। ती हुन्- प्रतिव्यक्ति आय वृद्धि, उल्लेख्य रोजगारी संख्या थप र लगानी विस्तारमा बढोत्तरी। हाम्रा यी परिसूचक कमजोर छन् अझै। विश्व बैंक-२०२३ र आइएमएफ-२०२४ का रिपोर्टले हाम्रा पछिल्ला दुई आर्थिक वर्षको धेरै 'माइक्रो-इकोनोमिक इन्डिकेटर' सुस्त देखाएका छन्।

फेरि यतिखेर वैश्विक अर्थतन्त्र ग्लोबल रिसेसनको अवस्थामा छ। कोभिड- १९, युक्रेन युद्ध र डोनाल्ड ट्रम्पको 'टेरिफ' वृद्धिपछि चीन, अमेरिका, युरोप अनि जी-७ जस्ता ठुला अर्थतन्त्रको आर्थिक वृद्धि नै लगातार कम भइरहेछ, यो घटोत्तरी आउँदो दुई वर्षसम्म रहने आइएमएफले भन्दै छ। आर्थिक वृद्धि युरोप-अमेरिकामा २-३ प्रतिशतसम्म जाला भने भारत, नाइजेरिया र केही ब्रिक्स देशको वृद्धि राम्रै रहे पनि त्यस्तो उल्लेख्य वृद्धि कुनै अर्थतन्त्रमा देखिन्न अर्थात् ६ प्रतिशत कटदैन।

यसको प्रभाव हामीकहाँ पनि पर्छ नै। भारतसँगको निर्भरता, मुद्रा पेगिंग, अमेरिकी करवृद्धिको असर जोडिन्छ नै। भेनेजुएलापछि इरान युद्ध थपिँदै छ। भर्खरै ब्रिक्स करेन्सीमा जोडिँदै छन् केही देश। तर, डलर निर्भरता घट्ने संकेत छैन, यसैले अर्थतन्त्र चेपुवामा पर्ला कि भन्ने डर छ।

अर्कातिर, हाम्रा सरकारी खर्च बढाउने योजनाको कमजोर कार्यान्वयनले पनि रोजगारी आशातीत बढाउन सकिएको छैन। जेन-जी आन्दोलनपछि ब्याजदर सस्तो भए पनि उत्पादन क्षेत्रमा लगानीको माग नबढेकाले बैंकमा १० खर्ब तरतला थुप्रिएको छ। अर्थतन्त्र 'लिक्विडिटी ट्र्याप'मा जाने जोखिम छ।

हाम्रा खास आर्थिक परिसूचक जो सुधारका पर्खाइमा छन् ती यस्ता छन् : (क) जिडिपी- नोमिनल ५०.८३ र रियल ४० बिलियन डलर (ख) आर्थिक वृद्धिदर- ३.४% औसत संविधान जारीपछि कुनै वर्ष ५% कटेको छैन (ग) प्रतिव्यक्ति आयः १३७७ डलर (घ) क्षेत्रगत जिडिपी : कृषि २४%, उद्योग १२% , सेवा ६४%, (ङ) दैनिक तीन डलर कम आय भएको जनसंख्याः २५% (६० लाख) (च) जम्मा श्रमशक्ति (सक्रिय काम गर्न सक्ने) : एक करोड ६० लाख जनता। (छ) देशको ऋण : ११ बिलियन डलर छ। अर्थतन्त्र उच्च रेमिट्यान्स र आयातमा निर्भर छ। (ज) लुकेको बेरोजगारीः कृषि क्षेत्रमा ४३% जनसंख्या लुकेको बेरोजगारी हो, जसलाई उद्योगमा लैजान सकिन्छ। नेपालले यस्तो एक्टिभ लेबर फोर्सबाट अधिक जनसांख्यिक लाभ लिन सक्छ। विडम्बना यो लेबर बिदेसिन बाध्य पारिएको छ। तसर्थ, यी परिसूचकसहित समग्र अर्थतन्त्र उकास्ने कार्ययोजना के छन् ? जनताले निर्वाचनमा भोट माग्ने दललाई हाम्रो अर्थतन्त्र सुधारबारे सोधून्, यसको मार्गचित्र माग्दै बहस गरून्।

जिडिपी वृद्धिका संरचनातगत अवरोध : औद्योगिकीकरण र प्रतिव्यक्ति आय उच्च बनाएका हाम्रा छिमेकी हुन्- दक्षिण कोरिया र चीन। त्यहाँ ग्लोबलाइजेसनको 'क्याचिंङ अप इफेक्ट' सफल भयो। तीन दशकअघि नेपाल, दक्षिण कोरिया र चीनको प्रतिव्यक्ति आयमा खासै अन्तर थिएन। जो क्रमशः ७५, २८० र ९० डलर थियो। तर, आज दक्षिण कोरियाको परक्यापिटा ३५ हजार डलर छ भने चीनको १३ हजार छ। क्रमशः १.६५ र १९ ट्रिलियन डलर जिडिपी छ। भारतको ४.१३ ट्रिलियन जिडिपी र परक्यापिटा तीन हजार डलर छ। रुवान्डाको पनि सात हजार डलर छ परक्यापिटा। लाजैमर्दो नेपालको १३४५ डलर परक्यापिटा र जिडिपी ४० बिलियन मात्र छ।



यति कमजोर किन भयो हाम्रो जिडिपी र प्रतिव्यक्ति आय ? हाम्रो आर्थिक संरचनागत सुधार एवं लगानी प्राथमिकता किटान नै भएन। खासमा व्यावसायिक कृषि र उद्योगमा वृहत् लगानी बढेन अनि अर्कातिर हामीले ग्लोबलाइजेसनको फाइदा लिन जानेनौं। फलतः जिडिपी र प्रतिव्यक्ति आम्दानी नबढ्दा हामी विपन्न छौं। जबकि दक्षिण कोरिया हाई इन्कम नेसन भयो, अब चीन पनि हुन्छ जहाँ उच्च आम्दानी र रोजगारीका कारण शिक्षा, स्वास्थ्य र जीवनयापनका धेरै परिसूचक समृद्धिमा छन्। तर, हामी गरिबी र पछौटेपनको भासमा छौं जहाँ ज्यादै कम गुणस्तरीय जीवन छ।

> हावा गफले अर्थतन्त्र बन्दैन। त्यसका लागि समर्पण, योजना र काम चाहिन्छ। देशलाई उद्योग चाहिन्छ। लामो अवधिसम्म यस्तो दुर्दशाको अवस्थामा अर्थतन्त्र रहनु नै घातक अवस्था हो, यसले विष्फोटको अवस्थातिर लैजान्छ।

जबसम्म देशमा उच्च बचत, थप पुँजी निर्माण, उल्लेखनीय लगानी र म्यानुफ्याक्चर क्षेत्र बढ्दैन तबसम्म न जिडिपी बढ्छ न परक्यापिटा बढ्छ न त रोजगारी बढ्छ। देश गरिब भइरहन्छ। अर्थतन्त्र रूपान्तरण गर्ने सवालमा यी तीन इकोनोमिक पिल्लर उकास्न हामी गम्भीर भएनौं, उल्टो निजीकरण र नवउदारवादमा फस्यौं।

नेपाल : १०० बिलियन डलर अर्थतन्त्र सपना : अर्धसामन्तवादी ढाँचाबाट पुँजीवादी उत्पादन प्रणालीमा जाँदा विकासशील मुलुकमा पर्याप्त श्रमशक्ति भए पनि पुँजी निर्माणको अभाव भने देखापर्छ। उच्चस्तरको औद्योगिकीकरण गर्ने धेरै बचत र पुँजी लगानी चाहिन्छ। औद्योगिकीकरण नभई वा भनौं 'मेनुफ्याक्चर' क्षेत्र विकास नभएसम्म यो बचत प्राप्त हुन्न। सँगै बेरोजगारी समस्या पनि निदान हुन्न। कृषिक्षेत्रमा लुकेको बेरोजगारी श्रमलाई औद्योगिक क्षेत्रमा सार्नुपर्छ। गरिब देशमा कृषिको व्यवसायीकरण र औद्योगिक क्षेत्रको विस्तारलाई टेवा दिने जब्बर आर्थिक नीति जरुरी हुन्छ। यसवेला निजी क्षेत्र र सरकारले संयुक्त लगानीलाई जोड दिनुपर्छ। हो यही नीतिलाई सकभर समाजवादमैत्री आर्थिक नीतिले डोऱ्याउने वा मिश्रित 'किन्सियन' अर्थनीतिले अघि बढाउने योजनातिर नगई नेपालले सुरुमै नवउदारवाद (निजीकरण) पोस्ने नीति लियो। यसको फाइदा धनी वर्गलाई मात्रै भयो। किनकि उत्पादनका स्रोत (जग्गा र उद्योग) कौडीका मोलमा कब्जा भए। वस्तु उत्पादन र रोजगारी बढाउनुको सट्टा त्यही सम्पत्तिको मूल्य बढाउनमा मात्रै यो धनी वर्ग लाग्यो। यसैले यी उद्योगधन्दा चलाउनेभन्दा राजनीतिक दलाली गरी बजारमूल्यरञ्जना (जग्गा र घडेरी किनबेच, सेयर किनबेच, बैंक र सहकारी स्थापना, ऋण घोटाला आदि)तिर लागे। नवउदारवाद पोसेर समाजवाद ल्याउन सम्भव थिएन नै।

यसले अर्थतन्त्र उत्पादनमुखी नभई रेन्ट सिकर भइदिनाले रोजगारी कम, आय कम, बचत कम, पुँजी निर्माण कम, लगानी कम, उच्च आयातितिर ढल्क्यो। फलतः आर्थिक मन्दीका चक्र बाहिरभन्दा भित्रैबाट स्वसिर्जित भए र बलिया बने। अर्थतन्त्र माथि बढेन। एकातिर कृषिको व्यवसायीकरण नहुनु अर्कातिर देशमा उद्योग कलकारखाना पनि नखोलिनुजस्ता गतिविधिले बेरोजगारी पैदा भए। उत्पादन बढ्दै आर्थिक विकास माथि जाने क्रममा लगानीको माग विस्तार हुँदै गर्दा मुद्रा माग बढ्दै जान्छ, यस्तो वेला मुद्रास्फीति स्वाभाविक मानिन्छ। तर, आर्थिक वृद्धि नहुँदा पनि मुद्रास्फिति ज्यादै बढ्नु भनेको 'स्टागफ्लेग्सन'को अवस्था हो, जो अति कमजोर अर्थतन्त्रको पर्याय हो। हामी यही 'स्टागफ्लेग्सन' भोगिरहेका छौं। राष्ट्रिय आय बढेको छैन, आर्थिक वृद्धि कमजोर छ, रोजगारी छैन तर मुद्रास्फिति, तरलता र महँगी उच्च छ, जसले देशलाई झनै गरिबीतिर धकेल्छ। यो निवारण गर्ने उचित आर्थिक नीति कसैले बनाएको पनि छैन। गत आवमा नेपालको आर्थिक वृद्धि ३.४% भनिँदा मुद्रास्फिति दर भने ५.७% हाराहारी थियो। वर्षमा पाँच लाख युवा रोजगारीका लागि तयार हुन्छन्, तर बेरोजगारी १५% हाराहारी छ। स्वदेशमा रोजगारी सिर्जित हुन्न। यसको कारण नै उद्योग-उत्पादन क्षेत्र विस्तार गर्न नसकेर हो। अतः ७१% उत्पादनशील युवा रोजगारी खोज्दै विदेश भौंतारिएको दयनीय अवस्था यहाँ छ।

मतलब, हावा गफले अर्थतन्त्र बन्दैन। समर्पण, योजना र काम चाहिन्छ। देशलाई उद्योग चाहिन्छ। लामो अवधिसम्म यस्तो दुर्दशाको अवस्थामा अर्थतन्त्र रहनु नै घातक अवस्था हो, यसले विष्फोटतिर लैजान्छ। अर्कोतिर यहाँ दैनिक तीन डलरभन्दा कम आय भएको जनसंख्या २५% नजिक छ। जागिरे र मध्यम वर्गको आय दैनिक १५ डलर पनि छैन, यसले बचत हुँदैन, बचत नभई लगानीयोग्य पुँजी निर्माण हुँदैन। दुर्भाग्य हरेक नेपालीको थाप्लोमा एक लाख ऋण छ। यसरी नै राष्ट्रिय आय वितरण असाध्यै असमान छ, देशको आयको दुईतिहाइ भाग धनाढ्यको कब्जामा छ, यो रकम गाडी, घरजग्गा, वस्तु आयात, विलासिता र फजुल खर्चमा जान्छ जबकि यो पुनरुत्पादन, उद्योगमा जानुपर्थ्यो।

सारांशमा लोकतन्त्रपछिको ३० वर्ष हाम्रो अर्थतन्त्र सही दिशामा अघि बढ्न नदिने खास कारक न्यून उत्पादन, न्यून लगानी, न्यून उद्योग र न्यून बेरोजगारी कै दुष्चक्र हो। यसको अन्त्य गरे मात्रै चाँडै नेपाल 'अपर मिडल इन्कम' राष्ट्रमा जान सक्छ। जो अवस्था मध्यम समृद्धिको हो, चरम गरिबी अन्त्यको हो।

हो, यति काम गर्न हाम्रो रियल जिडिपी कम्तीमा पहिलो पाँच वर्षभित्र ६ प्रतिशतमाथिको वृद्धिदरमार्फत १०० बिलियन डलर गराउने र अर्को १० वर्षमा पाँच सय बिलियनतिर लाग्नुपर्छ, जो सम्भव छ। यसरी प्रतिव्यक्ति आय तीन हजार डलर, वार्षिक तीन ठुला मेनुफ्याक्चर उद्योगसँगै तीन लाख रोजगारी क्रमशः सिर्जना गर्दै अघि बढ्ने सामर्थ्यको नेपाली अर्थतन्त्र बनाउन तत्काल सकिन्छ। यो नै आत्मनिर्भर, दिगो, पर्यावरणमैत्री समाजवादोन्मुख अर्थतन्त्रको खाका हो। गिग अर्थतन्त्रलाई पनि यसभित्र राख्नुपर्छ। पुराना पार्टीले त आर्थिक रूपान्तरण गर्ने चाहेनन् नै तर अब नयाँ दलबाट भने आर्थिक रूपान्तरणको दृष्टिद्रष्टा भएको नेतृत्व जिम्मा पाउनुपर्छ।

---

३ प्रश्न

शिक्षाविद् **विद्यानाथ कोइरालाला**ई



यसअघिका निर्वाचनमा दलहरूले घोषणापत्रमा शिक्षालाई कति प्राथमिकता दिएको पाउनुहुन्थ्यो ?

यसअघिका निर्वाचनका घोषणापत्रमा दलहरूले लेख्नलाई त निकै राम्रा कुरा लेखेका छन्। उनीहरूले निःशुल्क र अनिवार्य शिक्षाबारे लेखे। कांग्रेसले ६० प्रतिशत र कम्युनिस्टहरूले ७० प्रतिशतलाई प्राविधिक शिक्षा दिने दाबी गरे। उनीहरूले उच्च शिक्षा अनुसन्धानमुखी हुनुपर्छ पनि भने। शिक्षालाई श्रमसित जोड्ने नारा पनि दिए। तर, जहाँ-जहाँ उनीहरू कार्यान्वयन गर्न सक्ने अवस्थामा पुगे, त्यहाँ-त्यहाँ पनि केही गरेनन्। हामीले उनीहरूलाई प्रत्यक्ष रूपमै घचघच्याउने प्रयास पनि गर्‍यौं। नेताहरूलाई भेटेरै पनि कुरा राख्यौं। तर, उहाँहरूले हाँसेरै आफ्नो लाचारी प्रकट गर्नुभयो। त्यसैले, घोषणापत्रमा दलहरूले लेखेको कुरा देखाउन मात्र हो, कार्यान्वयन गर्न होइन।

भनेपछि दलहरूले औपचारिकताका लागि मात्र घोषणापत्र लेख्छन् हो ?

औपचारिकता पूरा गर्नकै लागि भए पनि केही न केही लेख्नुपर्छ भनेर लेखिने मात्र हो, कार्यान्वयन गर्न होइन। जब निःशुल्क र अनिवार्य शिक्षा भनिन्छ भने त्यसका लागि पैसा कसले तिर्ने हो, त्यो पनि प्रस्ट लेख्नुपर्दो हो नि त। त्यसैले, उनीहरूका कुरा 'ढाँटको निम्तो खाई पत्याउँला' भनेजस्तै हो।

आगामी निर्वाचनका लागि ल्याइने घोषणापत्रमा दलहरूले शिक्षा क्षेत्र सुधारमा कस्ता पक्षमा ध्यान पुऱ्याउनुपर्ला ?

निःशुल्क र अनिवार्य शिक्षा भन्ने हो भने त्यसको 'ग्यारेन्टर' को हो र त्यसको 'डिजाइन' कस्तो हुन्छ भन्ने पनि प्रस्ट लेखिनुपर्छ। ऐन छैन भनेर उम्किन मिल्दैन। निःशुल्क कति कक्षासम्म गर्ने हो ? त्यसको रकम कसले तिर्ने हो ? गुणस्तर दिने कसले हो ? त्यसको मापन कसले गर्ने हो, त्यो पनि प्रस्ट रूपमा आउनुपर्छ। पढ्न स्कुल, कलेज र सीप सिक्न तालिम केन्द्र जाने व्यवस्था हुनुपर्छ। उच्च शिक्षालाई प्राज्ञिक रूपमा अब्बल बनाउनुपर्छ। ज्ञानलाई सीपमा रूपान्तर गर्ने क्षमता विकास हुनुपर्छ। 'प्याटेन्ट राइट'को व्यवस्था गरिनुपर्छ।

प्रेरक प्रसंग

खुसियालीको रहस्य

जापानको टोकियो सहरनजिकको एक गाउँ आफ्नो खुसियालीका लागि प्रसिद्ध थियो। एकपटक एक पत्रकार त्यस गाउँको खुसियालीको कारण बुझ्न बिहानै गाउँमा पुगे। गाउँमा उनले एक कफिसप देखे। उनले मनमनै सोचे- यही कफिसपमा चुपचाप बसेर मानिसका गतिविधि नियाल्नुपऱ्यो। उनी कफिसपको एक कुर्सीमा बसे र एक कप कफी अर्डर गरे।



कफिसप सहरका रेस्टुरेन्टजस्तै झकिझकाउ देखिन्थ्यो। तर, त्यहाँ आउने मानिसका कतिपय गतिविधि भने उनलाई अनौठा लागे। उनी पसेको केही समयपछि एकजना मानिस त्यहाँ आए। उनले दुई कप कफीको पैसा तिर्दै भने- दुई कप कफी ! एक कप मेरा लागि र एक कप त्यो भित्ताका लागि। पत्रकारले भित्तातिर हेरे, तर त्यहाँ कोही पनि थिएन। वेटरले ती आगन्तुकलाई कफी दिए र कागजको एउटा टुक्रा लिएर त्यही भित्तामा टाँसिदिए। जसमा लेखिएको थियो- एक कप कफी ! त्यहाँ के भइरहेको छ भनेर पत्रकारले बुझ्न सकेनन्। उनी थप केहीबेर बसेर यसको रहस्य बुझ्ने कोसिसमा लागे। केहीबेरपछि एक गरिब मजदुर त्यहाँ आइपुगे। फाटेका थोत्रा लुगा लगाएका भए पनि उनी आत्मविश्वासका साथ कफिसपमा पसे र आरामसाथ एक कुर्सीमा बसे। यसरी मजदुरले कफिसपमा बसेर पैसा बर्बाद गर्नु पत्रकारलाई ठिक लागेन। तर, उनले कुनै प्रतिक्रिया जनाएनन्। एकैछिनमा वेटर अर्डर लिन मजदुरनजिक पुगे। मजदुरले भने- भित्ताबाट एक कप कफी ! वेटरले पैसा नलिईकनै मजदुरलाई एक कप कफी दिए र भित्ताबाट 'एक कप कफी' लेखेको टुक्रा निकालेर डस्टबिनमा फालिदिए।

यो सब देखेपछि बल्ल पत्रकारले यथार्थ बुझे। गाउँका धनी र सम्पन्न मानिसको गरिब र अभावग्रस्त मानिसप्रतिको यो सद्भाव देख्दा उनी भावविभोर भए। गाउँलेले अरूलाई सहयोग गर्न जुन तरिका अपनाएका थिए, त्यसले गाउँका गरिब तथा अभावग्रस्त गाउँलेलाई पनि आत्मसम्मानपूर्वक बाँच्ने वातावरण सिर्जना गरेको थियो। यो सब देखिसकेपछि पत्रकारलाई गाउँको खुसियालीको रहस्यबोध भयो। र, उनी खुसीसाथ सहर फर्किए।

टिप्पणी nayapatrikaofficial @naya_patrika

असम्भव वाचा किन गर्छौं ?

यतिखेर उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्ने क्रम बढेको छ। यससँगै मतदाताका आँगनमा उडन्ते गफ दिने र पत्याउनै नसकिने आश्वासन दिने नेताहरूको लर्को लागेको छ। पूर्वशिक्षामन्त्री तथा वैज्ञानिक महावीर पुनले आफू पूरा गर्न नसक्ने आश्वासन नदिने भन्दै यो मान्छेले मौका पाएमा केही गर्छ भन्ने विश्वास लागेमा आफूलाई भोट दिनू नलागे नदिनू भन्दै भोट मागेका दृश्य देख्दा अरूले पनि यति सत्य बोल्ने हिम्मत गरिदिए हुन्थ्योजस्तो लाग्छ। त्यसैले, मतदाताकहाँ पुग्दा असम्भव लाग्ने वाचा केही नगर।

● **सुकृति पोखरेल**, गट्ठाघर, भक्तपुर

आन्दोलनको विकल्प खोजौं

रोजगारीका लागि दक्षिण कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरी प्रतीक्षा सूचीमा रहेका युवाले इपिएस कार्यालयसामु विरोध गरिरहेको सुनिन्छ। कठोर मिहिनेतपछि भाषा परीक्षा उत्तीर्ण भएर पनि जाने अवसर नपाउँदा युवा मन आन्दोलित हुन अन्यथा होइन। तर, कोरियाले आफ्ना इपिएस कर्मचारीको सुरक्षाका कारण उनीहरूलाई फिर्ता लानुपरे आगामी दिनमा इपिएस कर्मचारी फर्केर नआउने चेतावनी दिएको हुनाले हालसम्म पाइरहेको कोरियाको आकर्षक रोजगारी गुम्ने खतरा भएकाले आन्दोलनको विकल्प खोजौं।

● **सरस्वती बजिमय**, ग्वार्को ललितपुर

उम्मेदवारलाई प्रश्न गरौं

आफ्नो घर-आँगनमा आगामी निर्वाचनका लागि मत माग्न आउने उम्मेदवारलाई यो वा त्यो पार्टी भनेकै भरमा आँखा चिम्लेर विश्वास नगरौं। उनीहरूले निर्वाचित भएर गएमा देश र जनताका लागि के-के गर्छन्, निर्वाचन क्षेत्रमा कति समय दिन्छन्, जनताका पिरमर्का र अभाव हटाउन कति सदाशयता देखाउँछन्। तिनले उडन्ते गफ दिन्छन् कि पूरा गर्न सम्भव हुने योजना ल्याउँछन्। यस्ता विषयमा प्रस्ट नभई आगामी निर्वाचनमा मत दिने वाचा नगरौं।

● **अमृत स्याङ्तान**, टाँडी, चितवन

कार्यान्वयनमा जोड देऊ

यतिखेर हाम्रो देशका प्रमुख राजनीतिक दलहरू निर्वाचनको तयारीमा व्यस्त छन्। उनीहरूले उठाएका उम्मेदवारहरू एकातिर मतदाताको घरदैलोमा पुगिरहेका छन् भने अर्कातिर पार्टीका शीर्ष नेतृत्व दलका तर्फबाट जारी गरिने घोषणापत्र तयारीमा व्यस्त छ। यसअघिका निर्वाचनमा पनि दलहरूले घोषणापत्र नल्याएका होइनन्। उनीहरूले घोषणापत्रमा राम्रा कुरा उल्लेख नै नगरेर देशको यो हविगत भएको पनि होइन। उनीहरू सबैले आ-आफ्ना घोषणापत्रमा लेख्नलाई त राम्रै कुरा लेखे। तर, ती जबजब सत्तामा पुगे, तिनले घोषणापत्रमा समेटिएका घोषणाका प्रत्येक बुँदा भुले।

जब त्यसरी सत्तामा बसेर आफ्नो घोषणापत्रमा समेटिएका विषय कार्यान्वयन गर्ने मौका पाउँदा पनि ती कार्यान्वयन हुन सक्दैनन् या दलहरूले तिनलाई कार्यान्वयन गराउन चासो दिँदैनन् भने हामीलाई त्यो घोषणापत्र नामको चिर्कटो किन चाहियो। एकजना सामाजिक सञ्जाल प्रयोगकर्ताले दलहरूले ल्याउने घोषणापत्रबारे टिप्पणी गर्दै लेखेको पढेको थिएँ- अब दलहरूका घोषणापत्र हात परेपछि केही दिनका लागि 'ट्वाइलेट पेपर'को जोहो हुने भो। के दलहरूका घोषणापत्र त्यसबाहेक अन्य कुनै प्रयोजनका लागि आवश्यक या उपयुक्त छैनन् त ? के तिनमा गरिएका वाचा जनतालाई उल्लु बनाउने 'फर्मुला' मात्र हुन् त ? होइनन् भने दलहरू आफू सत्तामा पुग्दासमेत किन तिनको कार्यान्वयनमा उदासीन देखिन्छन् ? के घोषणापत्र निर्वाचनको समयमा जनतालाई भुटा आश्वासन दिन मात्र तयार गरिन्छन् हो ? होइन भने अबका दिनमा आउने घोषणापत्रमा कार्यान्वयन गर्न सक्ने विषयबाहेक केही उल्लेख नगरियोस् र जे उल्लेख गरिन्छ, तिनलाई आफू सत्तामा पुगेको अवस्थामा कार्यान्वयनमा लाने सक्दो प्रयत्न गरियोस्।

● **सुमित्रा सेन्चुरी**, स्युचाटार, काठमाडौं

संसद् पुनर्स्थापनासम्बन्धी बहसको औचित्य समाप्त

वर्तमान सरकारले घोषणा गरेको निर्वाचनलाई स्वीकार गरी त्यसमा सहभागिता जनाइसकेपछि दलहरूका तर्फबाट दायर भएका रिटको औचित्य सकिएको छ



● विष्णुहरि मरासिनी

भदौ २३ र २४ को जेन-जी अन्दोलन र त्यसले ल्याएको सरकारविहीनतालाई सम्बोधन गर्न राष्ट्रपतिबाट वर्तमान प्रधानमन्त्री नियुक्त गरी निजको सिफारिसमा संसद् विघटन गरियो। जसअनुसार नयाँ निर्वाचनको मिति तोकी निर्वाचन आयोगबाट निर्वाचनसम्बन्धी लगभग ९० प्रतिशत कार्य सम्पन्न भइसकेको अवस्था छ। राष्ट्रपतिबाट भएको संसद् विघटन असंवैधानिक भन्दै १७ रिट सर्वोच्च अदालतमा दर्ता भई सुनुवाइको चरणमा रहेका छन्। घोषित निर्वाचनका लागि सम्पूर्ण राजनीतिक दलहरू निर्वाचन प्रक्रियामा सामेल भई समानुपातिक तथा प्रत्यक्षतर्फ समेत उम्मेदवारको मनोनयन उत्साहपूर्ण रूपमा सम्पन्न भइसकेको अवस्थामा संसद् पुनर्स्थापनाको बहसको औचित्यमाथि यस आलेखमा विवेचना गरिनेछ।

२३ र २४ भदौपछि तत्कालको विकल्प : नेपालको मात्र नभई विश्व समुदायमै बिरलै हुने घटनाका रूपमा सो घटनालाई लिन सकिन्छ। तत्कालीन सरकारले सामाजिक सञ्जाललाई नेपालमा दर्ता गरी चलाउने विषयलाई अवज्ञा गरेको भनी फेसबुकलगायत सामाजिक सञ्जाललाई बन्द गर्ने निर्णयको विरोध र सुशासनको मुद्दालाई अगाडि सारी २३ भदौमा सामान्य प्रदर्शन गर्ने गरी सुरु भएको जेन-जी प्रदर्शन एकाएक हिंसात्मक बनी राज्यपक्षको बल प्रयोगबाट दुई दिनमा करिब ७६ जनाको मृत्यु र सयौंको संख्यामा घाइते भएपछि २४ गते राज्यविहीन अवस्था हुने गरी राज्यका महत्त्वपूर्ण संरचनाका साथै राजनीतिक दलको शीर्ष नेता र अन्य नेताको निजीनिवाससमेत ध्वस्त हुने गरी जनआक्रोश बढेपछि तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा गरी सेनाको सुरक्षामा रहनुपरेको कुरा सर्वविदितै छ। सरकारविहीनताको अवस्था अन्त्य गरी संविधानको रक्षार्थ एक मात्र जननिर्वाचित संस्था राष्ट्रपतिले संविधानको पालक र संरक्षणको हैसियतमा आन्दोलनकारी, राजनीतिक दल र संविधानविद्हरूको समेत सल्लाहमा आवश्यकताको सिद्धान्तबमोजिम वर्तमान प्रधानमन्त्रीको नेतृत्वमा सरकार गठन भएको र सोही सरकारको सिफारिसमा संसद् विघटन र निर्वाचनको घोषणा भएको कुरा यथार्थमा तत्कालीन विकल्पविहीनताको अन्त्य भएकामा कसैको विमति छैन।

संवैधानिक प्रबन्ध र सर्वोच्चको नजिर : नयाँ संविधान निर्माणका क्रममा सरकारको अस्थिरता अन्त्य गर्ने उद्देश्यले संसद्बाट सरकार बन्न सक्ने विकल्प रहेसम्म प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गर्ने परम्परागत संसदीय मान्यतामा सुधार गरी संसद्को कुनै पनि व्यक्तिले समेत बहुमत सांसदको समर्थनमा सरकार बनाउन सक्ने व्यवस्था वर्तमान संविधानले गरेको र विगतमा सर्वोच्च अदालतले सोही व्याख्या गरी संसद् पुनर्स्थापना गर्ने आदेश गरेको हो। अब भदौ २३ र २४ गतेपछिको सन्दर्भ फरक परिस्थितिको उपज हो र तत्कालीन समयमा करिब-करिब राजनीतिक दलको शून्य उपस्थिति र जननिर्वाचित संस्थाका रूपमा रहेको एक मात्र संस्था राष्ट्रपतिको कार्यालयबाट सुझबुझपूर्ण



ढंगले निकास दिनुपर्ने अवस्था थियो। अन्यथा वर्तमान व्यवस्था र अवस्था नै के हुन्थ्यो भन्ने आकलन गर्न सक्ने अवस्था थिएन। जसले जतिसुकै रटान लगाए पनि दलहरूको सत्तालिप्सा, सरकारबाहिर बस्नै नसक्ने मनोवृत्ति, व्याप्त भ्रष्टाचार, जनताको कष्टकर दैनिकी र कुशासनको परिणामस्वरूप स्वस्फूर्त रूपमा भएको जेन-जी आन्दोलन नितान्त नेपाली जनताको आक्रोशका कारण भएको हो। तर, केही राजनीतिक दल अझै पनि यसमा विदेशीको हात रहेको टिप्पणी गर्न पछि पर्दैनन्। पक्कै पनि राज्यको सम्पत्ति जलाइनु, नेताका घरमा आगजनी गर्नु किमार्थ सही होइन। तर, यो पनि बिर्सनुहुन्न कि २४ गतेको अवस्था आउनुमा २३ गते निहत्था बालबालिकाको हत्या हुनु मुख्य जिम्मेवार छ। यो नितान्त विगतको भन्दा निकै फरक अवस्था हो। जनताले दलहरूको सिन्डिकेटविरुद्ध एकताबद्ध भएको अवस्था हो। जहाँ प्रविधिसँग रमेको नयाँ पुस्ताको नेतृत्वमा सबैको साथ रहेको भनेर बुझ्नु राम्रो होला।

अबको बाटो : समयमै निर्वाचन- केही राजनीतिक दल अझै पनि सर्वोच्च अदालतबाट संसद् पुनर्स्थापना हुने र पुनः दलको नेतृत्वमा सरकार निर्माण गरी जेन-जीका माग सम्बोधन गर्ने मृगतृष्णामा छन्। अब वर्तमान सरकारले घोषणा गरेको निर्वाचनलाई स्वीकार गरी त्यसमा सहभागिता जनाइसकेपछि दलहरूका तर्फबाट दायर भएका रिटको औचित्य समाप्त भएको छ। केही व्यक्तिले अझै पनि पुनर्स्थापना गराएर राज्य सञ्चालन गर्ने सपना देखिरहेका छन्। समय निकै अगाडि बढेको छ। जनता निकै सचेत भइसकेका छन्। राज्य हरेक हिसाबले कमजोर भइरहेको छ। घरहरू रित्तिँदै छन्। सबै व्यक्तिलाई सधैं मूर्ख बनाउने कार्य सफल हुँदैन। अब पुराना राजनीतिक दल जो करिब ३५ वर्ष यो देशलाई गति दिनबाट चुके, उनीहरूले आफूलाई परिमार्जन गर्ने र नयाँले जनतालाई केन्द्रविन्दुमा राखेर काम गरी यो सुन्दर देशलाई समृद्ध बनाउनेतिर लाग्नु नै सर्वोत्तम विकल्प बन्न सक्छ।

(मरासिनी नेपाल सरकारका कानुन अधिकृत हुन्)

विखण्डनउन्मुख म्यानमारलाई जोड्न सक्दैन चुनावले

विगत पाँच वर्षको अवधिमा सैन्य सरकारले नागरिक र राजनीतिक स्वतन्त्रताको सट्टा कठोर शासन गर्दै आएको छ



● एडम सिम्पसन



● निकोलस फारेली

सिम्पसन एडिलेड विश्वविद्यालयको अन्तर्राष्ट्रिय अध्ययनका वरिष्ठ अध्यापक हुन् भने फारेली तस्मानिया विश्वविद्यालयका उपकुलपति हुन् ।



पाँच वर्षअघि फेब्रुअरी १, २०२१ मा म्यानमारका सैन्य जनरलले देशको निर्वाचित सरकार अपदस्थ गरे । लगत्तै लोकतान्त्रिक रूपमा निर्वाचित नेताहरूलाई गिरफ्तार गरियो । पत्राउ पर्न बचेकाहरू या त भूमिगत भए या निर्वासनमा जान बाध्य भए । त्यसयता देशको अर्थतन्त्र खस्किएको छ । विदेशी लगानीकर्ता निरन्तर म्यानमार छाडेर बाहिरिरहेका छन् । अहिले म्यानमारमा फस्टाएका उद्योग प्रायः घोटाला केन्द्र, लागुपदार्थ र अन्य आपराधिक गतिविधि देखिन्छन् ।

विगत पाँच वर्षको अवधिमा सैन्य सरकारले नागरिक र राजनीतिक स्वतन्त्रतामा कठोर प्रतिबन्धहरू लागू गर्दै शासन चलाइरहेको छ । उसले विभिन्न भेगमा सक्रिय विद्रोहीहरूसँग लडिरहेको सेनालाई बलियो बनाइराख्न नाबालकहरूलाई समेत भर्ती गरिरहेको छ । जातीय रूपमा विविधतायुद्ध यो देशको लगभग हरेक कुनामा विद्रोह चलिरहेको छ । विद्रोहीसँग लड्न आवश्यक हातहतियारका लागि सैन्य अधिकारी रुसमाथि निर्भर देखिन्छन् ।

चीन म्यानमारमार्फत हिन्दमहासागरसम्मको पहुँचसहित त्यस भेगमा आफ्ना हितको सुरक्षित गर्न सावधानपूर्वक चाल चालिरहेको छ । उता पश्चिमा देशहरूले म्यानमारको अस्थिरतालाई आफ्नो स्वार्थ पूरा गर्ने अवसरको रूपमा हेरिरहेका छन् ।

अमेरिकी सरकारले गत वर्ष म्यानमारबाट भित्रिएका आप्रवासीहरूको 'अस्थायी संरक्षित हैसियत' हटाउने औचित्य पुष्टि गर्न उनीहरूको देशमा 'शासन र स्थिरतामा उल्लेखनीय प्रगति भएको' उल्लेख गरेको थियो । त्यो खेल 'स्वतन्त्र तथा निष्पक्ष चुनावका गर्ने योजनाका लागि सारिएको' पनि उल्लेख थियो । तथापि, केही दिनपछि नै एकजना संघीय न्यायाधीशले यस निर्णयलाई कार्यान्वयनमा रोक लगाइदिएका थिए । त्यो नगरिएको भए अमेरिकामा आश्रय पाएका म्यानमारका नागरिकहरूलाई घर फर्काउने बाटो खुल्थ्यो ।

म्यानमारमा हालै सम्पन्न निर्वाचनमा ट्रम्प प्रशासनले भनेजस्तो 'स्वतन्त्र र निष्पक्ष' केही थिएन । सैन्य शासनलाई स्थापित गर्ने उद्देश्यले गरिएको निर्वाचनले विश्वका अन्य लोकतन्त्रविरोधी शक्तिलाई म्यानमारका सैन्य नेताहरूसँग सम्बन्ध सामान्यीकरण गर्न सहज बनाउनेछ ।

■ गम्भीर त्रुटिपूर्ण चुनाव

विभिन्न चरणमा भएको चुनाव खासमा सेनाको नियन्त्रणमा रहेको भागमा मात्र सम्पन्न गरिएको थियो । सेनाविरुद्ध लडिरहेका समूहले कब्जा गरेका भूभागमा चुनाव हुन सकेन । त्यसैले धेरै योग्य मतदाता मताधिकारबाट वञ्चित भए । तसर्थ, सेनाको प्रतिनिधि 'युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी)'ले तल्लो सदनका २६३ मध्ये २३२ र माथिल्लो सदनका १५७ मध्ये १०९ सिटमा सहज जित हासिल गरेको छ । नागरिक र राजनीतिक पार्टीलाई निर्वाचनमा रोक लगाएर गरिएको निर्वाचन आफैंमा 'फौजदारी अपराध' भएको भन्दै सर्वत्र आलोचना भइरहेको छ ।

अहिलेको निर्वाचनबाट प्रमुख विपक्षी 'नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)' पार्टी हुनेछ । सन् १९९० यता भएका हरेक आमनिर्वाचनमा भारी बहुमत जित्ने योलगायत अन्य दर्जनौं विपक्षी राजनीतिक दलमाथि निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाइएको थियो । प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलगायत

> धेरैजसो छिमेकी देशले म्यानमारको क्षेत्रीय अखण्डता नटुटोस् भन्ने चाहना राखे पनि केही देशले विखण्डनबाट फाइदा उठाउन सक्छन् । चीनले म्यानमारमा प्रभाव कायम राख्न केही जातीय सशस्त्र समूहलाई समर्थन गरेको देखिन्छ ।
>
> ●●●
>
> चीन म्यानमारमार्फत हिन्द महासागरसम्मको पहुँचसहित त्यस भेगमा आफ्नो हित सुरक्षित गर्न सावधानीपूर्वक चाल चालिरहेको छ । उता पश्चिमा देशहरूले म्यानमारको अस्थिरतालाई आफ्नो स्वार्थ पूरा गर्ने अवसरको रूपमा हेरिरहेका छन् ।

एनएलडी पार्टीका वरिष्ठ नेता हाल कारागारमा छन् । इलेक्ट्रोनिक-भोटिङ मेसिनमार्फत गराइएको निर्वाचनमा प्रतिबन्धित पार्टीलाई मत हाल्न सक्ने कुनै व्यवस्था थिएन । व्यापक निगरानी र डरको माहोलमा भएको निर्वाचनले आमनागरिकका प्रतिनिधि छान्न सक्दैन ।

■ म्यानमारको विखण्डन

चिनियाँ सरकारको दबाबपछि म्यानमारको जुन्ता सरकारले हालै रुसी सैन्य प्रविधिको सहयोग लिएर केही लाभ हासिल गरेको छ । यसका बाबजुद अहिले फरक-फरक समूहले नियन्त्रण गरेका भागहरू अन्ततः विदेशीको नियन्त्रणमा जाने सम्भावना छ । अर्थात् ती भागमाथि नियन्त्रण राख्ने समूहको पकड बलियो बन्दै गएर अन्ततः ती म्यानमारप्रति शत्रुता राख्ने राज्यहरूमा विभाजित हुन सक्छन् । यस्तो सम्भावनालाई रोक्न सक्ने सामर्थ्य संघीय लोकतान्त्रिक मानमारमा देखिन्छ । तर, त्यसको सम्भावना दिनप्रतिदिन टाढिँदै गएको देखिन्छ ।

सन् २०२१ को सैन्य 'कु'पछि सुरु भएको विद्रोहपछि अहिले धेरै भूभाग पूर्णतः विद्रोही समूहको नियन्त्रणमा छन् । उदाहरणका लागि, करेन जातिको सशस्त्र समूहले हालै आफ्नो नियन्त्रणमा रहेको भूमिलाई स्वतन्त्र भएको घोषणा गरेको छ । त्यो भाग पूर्वी म्यानमारका करेन समुदायको सघन बसोवास रहेको क्षेत्र हो । यस कदमपछि अन्य सशस्त्र जातीय समूहलाई पनि उस्तै घोषणा गर्न प्रेरित गर्न सक्छ ।

पूर्णरूपमा अलग भएको घोषणा नगर्ने अन्य सशस्त्र समूहहरूले समेत आफ्ना कब्जामा रहेको भेगलाई स्वायत्त घोषणा गर्न सक्छन् । र, छिमेकी चीन, थाइल्यान्ड, भारत र बंगलादेशका सरकार, व्यावसायिक तथा सुरक्षा हितबाट त्यसको पक्षमा समर्थन खोज्न सक्छन् । धेरैजसो छिमेकी देश म्यानमारको क्षेत्रीय अखण्डता विखण्डित नहोस् भन्ने नै चाहन्छन् । तर, केही देशले विखण्डनबाट फाइदा लिन सक्छन् । उदाहरणका लागि, चीनले आफ्नो रणनीतिक आर्थिक सम्पत्तिको रक्षा गर्न र म्यानमारसँगको स्थिरता र प्रभाव कायम राख्न केही जातीय सशस्त्र समूहहरूलाई समर्थन गरेको देखिएको छ ।

■ अन्तर्राष्ट्रिय प्रभावको सम्भावना

देशभित्र द्वन्द्व चलिरहँदा, म्यानमारको सैन्य नेतृत्वले हेगस्थित अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे)मा आफ्नो बचाउ गरिरहेको छ । सेनामाथि सन् २०१७ मा देशको मुस्लिम रोहिंग्या अल्पसंख्यकहरूको नरसंहार गरेको मुद्दा परेको छ । तीन हप्ता चलेको सुनुवाइको क्रममा, जुन्ताले आफ्नो कारबाहीलाई केवल आतंकवादविरोधी कारबाही भएको तर्क पेस गरेको छ, भलै त्यसले ७००,००० शरणार्थी सिर्जना गऱ्यो ।

अन्तर्राष्ट्रिय कानुनप्रति रुस, चीन र ट्रम्प प्रशासनले देखाएको घृणालाई ध्यानमा राख्दा जुन्ताविरुद्ध कुनै फैसला भए पनि त्यसले व्यावहारिक प्रभाव राख्ने सम्भावना कम छ ।

यसबिच, आसियान ब्लकका केही देशहरूले जुन्ताप्रति गर्दै आएको विरोधलाई नरम पार्दै गएका छन् । हालै, फिलिपिन्सका विदेशमन्त्रीले समूहको अध्यक्षता गरेको बैठकमा म्यानमारको वरिष्ठ सैन्य नेतृत्वसँग भेट गरे । कुपछिका वर्षहरूमा, आसियानले म्यानमारको जुन्तासँग दूरी राख्दै आएको छ । तर, आसियानभित्रका अधिनायकवादी शासकले जनरलहरूसँगको संलग्नतालाई सामान्य बनाउने प्रयास नगरेका होइनन् । तिनका लागि अहिलेको त्रुटिपूर्ण भए पनि चुनाव सम्बन्ध सामान्यीकरणको बाहना बनेको छ । यसले कुविरुद्ध लड्दा विभिन्न नकारात्मक परिणाम भोगेका म्यानमारका लाखौं नागरिकलाई थप निराश बनाउनेछ ।

म्यानमारको राजनीतिक मात्र होइन, आर्थिक परिदृश्य पनि निराशाजनक नै छ । आइएमएफका अनुसार सन् २०२६ मा म्यानमारमा मुद्रास्फीति ३० प्रतिशतभन्दा माथि रहनेछ । कुल गार्हस्थ्य उत्पादन बढ्नुको सट्टा २.७% ले घट्ने अनुमान पनि सो संस्थाले गरेको छ । निरन्तर वृद्धि दर घट्दा देशको कुल गार्हस्थ्य उत्पादन कुपछि लगभग २०% ले संकुचित भइसकेको छ । त्यस्तै, देको मुद्राको मूल्य पनि पाँच वर्षअघिको भन्दा लगभग एकचौथाई मात्रै रहेको छ । यसको अर्थ म्यानमारका अधिकांश परिवारको अवस्था खस्किएको छ । जीविकोपार्जनको माध्यम खोज्ने क्रममा धेरै त अहिले अवैध र प्रायः अत्यधिक शोषणकारी व्यवसायमा फस्न पुगेका छन् ।

बलियो मतपरिणापछि अब सेना नजिकको दल 'युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी)'ले अब सरकार बनाउनेछ । यसअघि सन् २०१० मा भएको यस्तै त्रुटिपूर्ण चुनावपछि पनि युएसडिपी नेतृत्वमा सरकार बनेको थियो । त्यतिबेलाजस्तो अहिले युएसडिपी सरकारले विपक्षी शक्तिलाई सहज हुने गरी राजनीतिक र आर्थिक उदारीकरण पछ्याउने सम्भावना न्यून छ । सेनाबाट धेरैपटक धोका र क्रूर व्यवहार भोगेका म्यानमारका जनताले सेनानजिकको आगामी सरकारबाट खासै आशा राखेका छैनन् ।

द कन्भर्सेसनबाट

इतिहासमा आज

फेब्रुअरी २



सन् १६५३ : डच औपनिवेशिक शक्तिले उत्तर अमेरिकी भूमिमा न्यु आर्मस्टर्डम नामक सहर बसाले । हाल यो न्युयोर्क नामले विश्वकै प्रभावशाली सहरमा गनिन्छ ।

सन् १७४२ : विश्वका पहिलो प्रधानमन्त्री रोबर्ट वालपोलले २१ वर्ष लामो शासनपछि राजीनामा दिए ।

सन् १९३३ : नाजी जर्मनीमा हिटलरपछिका दोस्रो शक्तिशाली नेता हर्मन गोएरिङले देशभर कम्युनिस्टहरूको भेला तथा प्रदर्शनीमा प्रतिबन्ध लगाए ।

सन् १९५४ : अमेरिकी राष्ट्रपति आइजनहावरले विश्वको पहिलो हाइड्रोजन बमको प्रयोग सम्पन्न भएको सार्वजनिक गरे ।

सन् १९५८ : सिरिया र इजिप्ट जोडेर संयुक्त अरब गणतन्त्र नामक राज्यको स्थापना गरे ।

सन् १९७१ : युगान्डाका सैनिक जनरल इदी अमिनले कुमार्फत सत्ताकब्जामा लिएर आफूलाई राष्ट्रपति घोषणा गरे ।

सन् १९७२ : तीन दिनअघि नर्दन आयरल्यान्डमा ब्रिटिस सैनिकले १३ जनालाई गोली हानी हत्या गरेपछि (जुन घटनालाई 'ब्लडी सन्डे'को नामले चिनिन्छ ।) अक्रोशित प्रदर्शनकारीले छिमेकी गणतन्त्र आयरल्यान्डको राजधानीस्थित ब्रिटिस दूतावास जलाएर खरानी बनाइदिए ।

सन् १९९३ : भ्याक्लाभ ह्याभेल स्लोभाकियाबाट अलग्गिएपछिको स्वतन्त्र चेक गणतन्त्रको पहिलो राष्ट्रपति बने ।

सन् २०२१ : पिट बुटिगिग अमेरिकी इतिहासको पहिलो खुला रूपमा समलिंगी क्याबिनेट मन्त्री (सेक्रेटरी) बने, उनले यातायात विभाग सम्हालेका थिए ।

सन् २०२२ : तालिबानको शासन सुरु भएपछि बिग्रिएको आर्थिक स्थितिका कारण झन्डै १० लाख अफगानी पश्चिमी छिमेकी इरान छिरेको तथ्यांक सार्वजनिक गऱ्यो ।

पुरानो विश्व व्यवस्था अन्त्य भइसक्यो : क्यानडेली प्रधानमन्त्री

डाभोस / क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले पुरानो विश्व व्यवस्था अन्त्य भएको बताएका छन् । एक वर्षअघि मात्रै राजनीतिमा प्रवेश गरेर पूर्वबैंकर कार्नीले अमेरिकी नेतृत्वमा रहेको 'विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था'ले 'फुट'को सामना गरिरहेको बताउँदै यसको स्थान महाशक्ति राष्ट्रबिचको प्रतिस्पर्धाले लिइरहेको दाबी गरे ।

'अबको विश्वमा बलिया (शक्ति)हरूले आफूले जे गर्न सक्छन्, त्यही गर्छन् र कमजोरले आफूमाथि परेको कहर चुपचाप भोग्नुपर्ने हुन्छ,' विश्व आर्थिक मञ्चद्वारा डाभोसमा आयोजित सम्मेलनलाई सम्बोधन गर्दै कार्नीले भने । उनले अमेरिकी नेतृत्वमा रहेको 'विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था'ले 'फुट'को सामना गरिरहेको बताए । उनले आगामी विश्वव्यवस्थामा 'ठुला शक्तिलाई खुसी पार्ने प्रयास गरे पनि कोही सुरक्षित नहुने' चेतावनी दिए । 'पुरानो व्यवस्था अब फर्किनेवाला छैन । हामीले गएको व्यवस्थाप्रति शोक गर्न आवश्यक छैन । आखिरमा 'नोस्टाल्जिया' कुनै रणनीति हुन सक्दैन,' कार्नीले भने ।

उसो त गत वर्ष मात्रै क्यानडाको राजनीतिमा प्रवेश गरेदेखि पूर्वअर्थशस्त्रीसमेत रहेका कार्नीले बारम्बार विश्व फेरि ट्रम्पअघिको सामान्य अवस्थामा नफर्किने चेतावनी दिँदै आएका छन् । गत मंगलबार उनले त्यस सन्देशलाई विश्वका प्रभावशाली राजनीतिज्ञ र व्यापारीसामु जोड दिएर भने, 'अहिले पुरानो व्यवस्थाको विच्छेदनका क्रममा छौं ।'

क्यानडालाई पुरानै 'विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्था'बाट फाइदा भए पनि अब नयाँ वास्तविकतामा अभ्यस्त हुनुपर्ने उनले बताए ।

ट्रम्पको निसानामा अब केन्द्रीय बैंकका अध्यक्ष

अमेरिकी केन्द्रीय बैंकका अध्यक्ष जेरोम पावेललाई प्रतिस्थापन गर्न ट्रम्पले अघि सारेका केभिन वार्सलाई लिएर विज्ञहरू विभाजित

शान्त, विवेकशील र छेपारो प्रवृत्ति । यी विशेषण अहिले केभिन वार्सका लागि प्रयोग गरिँदै छ, जसलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकाको केन्द्रीय बैंक 'फेडरल रिजर्भ'का भावी अध्यक्षका उम्मेद्वारका रूपमा चुनेका छन् । यदि अमेरिकी सिनेटले अनुमोदन गऱ्यो भने फेडरल रिजर्भका पूर्वगभर्नर वार्सले मे महिनामा हालका अध्यक्ष जेरोम पावेलको स्थान लिनेछन् ।

ट्रम्पले शुक्रबार वार्सलाई फेडरल रिजर्भका भावी अध्यक्षका रूपमा अघि सारे । 'म केभिनलाई लामो समयदेखि राम्ररी चिन्छु । र, उनी महान् फेड अध्यक्षमध्ये एक, अझ सम्भवतः सबैभन्दा महान् हुनेछन् भन्नेमा मलाई कुनै शंका छैन,' ट्रम्पले आफ्नो ट्रुथ सोसल साइटमा गरेको पोस्टमा लेखेका छन्, 'सबैभन्दा महत्त्वपूर्ण कुरा उनले तपाईंहरूलाई कहिल्यै निराश पार्नेछैनन् ।'



● मेघा बहरी

बहरी अलजजिराकी स्तम्भकार हुन्

विगत एक वर्षको अवधिमा ट्रम्पले बारम्बार वर्तमान अध्यक्ष पावेललाई ब्याजदर आफूले चाहेको स्तरमा घटाउन नसकेकोमा आलोचना गर्दै आएका छन् । वार्स फेडरल रिजर्भ प्रमुख चुनिए ट्रम्पले सहज अनुभव गर्ने अपेक्षा गरिएको छ, कम्तीमा सुरुमा । यसमा आंशिक रूपमा वार्सको रिपब्लिकन पृष्ठभूमिले काम गर्नेछ । रोनाल्ड लाउडर उनका ससुरा हुन्, जो 'एस्टी लाउडर कस्मेटिक्स फरचयुन'का उत्तराधिकारी तथा लामो समयदेखि ट्रम्पका दाता र सहयोगी हुन् ।

५५ वर्षीय वार्स हाल स्ट्यानफोर्ड विश्वविद्यालयस्थित दक्षिणपन्थी 'थिंक ट्यांक' हुभर इन्स्टिच्युसनमा फेलोको रूपमा कार्यरत छन् । त्योभन्दा पनि महत्त्वपूर्ण वार्सले ट्रम्पको नीतिहरूप्रति पक्तिबद्ध हुन इच्छा देखाएको आलोचकहरूले औंल्याएका छन् । देशमा व्याप्त मुद्रास्फीति नियन्त्रण गर्न विगतमा उच्च ब्याजदरलाई समर्थन गरेका वार्सले अहिले राष्ट्रपति ट्रम्पले चाहेकै न्यून ब्याजदरहरूको पक्षमा बोल्न थालेका छन् ।

■ परिवर्तनको इतिहास

'उनी एक राम्रो छेपारो हुन्,' नीति अनुसन्धान संस्था 'एम्प्लोय अमेरिका'का कार्यकारी निर्देशक स्कन्द अमरनाथले भने, 'हेर्दा उनी जानकार र बौद्धिक देखिन्छन् । तर, उनले भनेका कुरालाई राम्ररी केलाउनुभयो भने त्यहाँ खासै केही भेट्नुहुन्न ।' अमरनाथले वर्षौंसम्म वार्सको नीतिगत अडान अवलोकनका आधारमा उक्त आलोचना गरेको बताए ।

पूर्वराष्ट्रपति जर्ज डब्लु बुसको राष्ट्रिय आर्थिक परिषद्मा काम गरेपछि वार्स सन् २००६ मा ३५ वर्षको उमेरमा फेडरल रिजर्भको 'बोर्ड अफ गभर्नर्स'का सदस्य भए । उनी २०११ सम्म केन्द्रीय बैंकमा रहे । त्यस अवधिमा उनले सन् २००८-२००९ को विश्वव्यापी वित्तीय संकटलाई सम्बोधन गर्न तत्कालीन अध्यक्ष बेन बर्नान्केसँग काम गरे । त्यो संकटमा लेहम्यान ब्रदर्स र बियर स्टर्न्सजस्ता वित्तीय सेवाप्रदायक फर्महरू पतन भए ।



विगत एक वर्षको अवधिमा ट्रम्पले बारम्बार वर्तमान अध्यक्ष पावेललाई ब्याजदर आफूले चाहेको स्तरमा घटाउन नसकेकोमा आलोचना गर्दै आएका छन् । वार्स प्रमुखमा चुनिए ट्रम्पले सहज अनुभव गर्ने अपेक्षा गरिएको छ ।

वार्सले संकटको दुष्प्रभावलाई सीमित गर्न त्यतिबेला फेडरल रिजर्भले अपनाएको केही न्यून ब्याजदरको नीतिप्रति आपत्ति जनाएका थिए । अमरनाथका अनुसार वार्सले त्यतिबेला मुद्रास्फीतिप्रति चिन्ता व्यक्त गर्ने गर्थे । 'जबकि अगस्ट २००८ मा लेहमन ब्रदर्स टाट पल्टिएको समयमा पनि उनले मुद्रास्फीतिकै बारेमा कुरा गरिरहेका थिए । उनले त्यति ठुलो संकटबारे अनुमान गर्न सकेनन्,' अमरनाथले भने । बेरोजगारी दर १० प्रतिशतसम्म बढ्न लागेको अवस्थामा समेत वार्सले बेरोजगारीलाई कम आँकेको अमरनाथले बताए । आज भने अमेरिकामा बेरोजगारी दर ४.४ प्रतिशतको स्वस्थस्तरमा छ ।

वार्सले सन् २०१७ मा आएर बल्ल मुद्रास्फीतिप्रतिको आफ्नो अडानलाई नरम बनाउन थाले । त्यो त्यही वेला हो, जब ट्रम्पले राष्ट्रपतिको रूपमा आफ्नो पहिलो कार्यकाल सुरु गरेका थिए । वार्सले खुल्ला रूपमा लिने पक्षपात हेर्दा उनको कार्यकालमा कुनै वित्तीय संकट आए के होला भन्ने सक्छ भन्ने अमरनाथको निन्ता छ । 'उनको ट्र्याक रेकर्ड हेर्दा उनको विचार धेरै नै पक्षपाती र राजनीतिक देखिने गर्छ । खासमा उनको पक्षधरता शक्तिमा को छ भन्ने कुरामा निर्भर गरेको देखिन्छ,' अमरनाथले भने ।

■ 'राजनीतिक' रेकर्ड

यद्यपि, केही विज्ञ भने फेडरल रिजर्भको अध्यक्ष पदको उम्मेदवारको रूपमा वार्सका बारेमा बढी आशावादी देखिन्छन् । जर्जटाउन विश्वविद्यालयमा व्यापार तथा आर्थिक कूटनीति विषय बढाउने प्राध्यापक अर्थशास्त्री रोबर्ट रोगोब्स्की तिनै व्यक्तिमध्ये एक हुन् । रोगोब्स्की वार्सलाई फेडरल रिजर्भ अध्यक्षका रूपमा 'उत्कृष्ट नभए पनि बलियो चयन' भएको मान्छन् । 'उनी स्पष्ट रूपमा अत्यन्तै प्रतिभाशाली छन् । यस क्षेत्रमा उनको उपलब्धिको ठोस रेकर्ड छ,' रोगोब्स्कीले भने ।

तथापि, वार्सलाई राजनीतिक अवसरवादीको रूपमा हेर्न सकिने रोगोब्स्कीले नै स्वीकार गरे । 'उनको रेकर्ड अलि राजनीतिक देखिन्छ । डेमोक्रेटिक पार्टीको राष्ट्रपति हुँदा बलियो मौद्रिक नीति पक्षधर देखिने वार्स अहिले ट्रम्पको मौद्रिक नीति पक्षधर देखिएका छन्,' प्राध्यापक रोगोब्स्कीले भने । तथापि, वार्स ट्रम्पको ब्याजदर घटाउने आक्रामक दबाबमा पर्छन् भनेर उनी धेरै चिन्तित छैनन् । फेडरल रिजर्भका अध्यक्ष एक शक्तिशाली पद भए पनि बैंकको सातजना सम्मिलित बोर्ड सदस्यमा उनको मत पनि अरूको जत्तिकै एक मात्र हो । अध्यक्षको मतले बहुमतको मतलाई उल्ट्याउन सक्दैन । अहिलेका लागि वार्सको बोली 'ट्रम्पको जस्तो' देखिए पनि उनले पछि गएर ट्रम्पको 'चरम तथा अति हानिकारक' ब्याजदर कटौती लागू गर्न अस्वीकार गर्ने रोगोब्स्की विश्वास गर्छन् ।

ट्रम्पले देशको केन्द्रीय बैंकलाई हाल कायम लगभग ३.७५ प्रतिशतको ब्याजदरलाई एक प्रतिशतमा झार्न आह्वान गरेका छन्, जुन एक ठुलो गिरावट हो । यस्तो नीतिगत कदमले 'मध्यम-अवधिको मुद्रास्फीति संकट' निम्त्याउने वार्सलाई थाहा भएको विज्ञ बताउँछन् । त्यस्तो कदमले 'डलरमा तुरुन्तै विनाशकारी गिरावट र विश्वव्यापी व्यापार प्रणालीमा डढेलो निम्त्याउन' सक्छ । 'सेन्टर फर अ न्यू अमेरिकन सेक्युरिटी' नामक थिंक ट्यांककी वरिष्ठ फेलो रचेल जिम्बाका अनुसार ट्रम्पले हाल अवलम्बन गरेको व्यापार नीतिले आगामी फेडरल रिजर्भ अध्यक्षलाई पहिले नै ठुलो चुनौती खडा गरेको छ । ट्रम्पले अपनाएको आक्रामक अन्तर्राष्ट्रिय व्यापार नीति र आप्रवासनमाथिको कठोरताले अमेरिकी अर्थतन्त्रलाई असर गरिरहेको जिम्बाले बताइन् । अहिले देशको आर्थिक वृद्धि 'ठिक' भए पनि रोजगारी वृद्धि न्यून रहेको अवस्थामा 'ब्याजदर कटौतीले ती समस्या समाधान गर्ने सम्भावना' नभएको जिम्बाले बताइन् ।

अहिलेका लागि वार्सको छनोट अन्तिम भइसकेको छैन । आगामी महिनामा सिनेट उनको छनोटका लागि सुनुवाइ सुरु हुनेछ । सिनेटमा ट्रम्पकै पार्टीको बहुमत छ । तर, केही रिपब्लिकन सिनेटर नै ट्रम्पको विपक्षमा उभिने खतरा छ । हालसम्म कम्तीमा एकजना रिपब्लिकन सिनेटर थोम टिलिसले असहमति व्यक्त गरेका छन् । टिलिसले वर्तमान अध्यक्ष पावेलविरुद्ध राष्ट्रपति ट्रम्पले हालेको आपराधिक अनुसन्धानको मुद्दा खारेज नगरेसम्म कुनै पनि मनोनयनलाई समर्थन नगर्ने बताएका छन् । यसै महिना घोषणा गरिएको उक्त अनुसन्धान खासमा ट्रम्पले आफ्ना माग पूरा गर्न फेडरल रिजर्भमाथि चालेको पछिल्लो दबाबमूलक कदमका रूपमा हेरिएको छ ।

अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १९ माघ ०८२

भारतीय बजेट : नेपाललाई १२ अर्ब ८० करोड अनुदान घोषणा

भारतीय वित्तमन्त्री निर्मला सीतारणमले आगामी वर्षका लागि पाँच सय ३५ खर्ब भारुको बजेट सार्वजनिक गरेकी छिन् । जसमा नेपाललाई अघिल्लो वर्षभन्दा एक अर्ब बढाएर आठ अर्ब भारु अनुदान घोषणा गरिएको छ ।



नयाँ पत्रिका

भारतले नेपाललाई दिने अनुदान एक अर्ब ६० करोड रुपैयाँले बढाइएको छ । आइतबार भारतीय वित्तमन्त्री निर्मला सीतारमणले सन् २०२६/२७ को वार्षिक बजेट सार्वजनिक गर्दै नेपाललाई १२ अर्ब ८० करोड (आठ अर्ब भारु) अनुदान दिने घोषणा गरेकी छिन् । यसअघि चालू आव सन् २०२५/२६ को वार्षिक बजेटमा नेपालका लागि सात अर्ब भारु अनुदान विनियोजन गरिएको थियो ।

चालू आव २०२५/२६ मा नेपालका लागि सुरुमा सात अर्ब भारु अनुदान घोषणा गरिएको थियो । तर, यसलाई पछि संशोधन गर्दै आठ अर्ब ३० करोड पुऱ्याइएको छ । संशोधित अनुमानभन्दा आगामी आवका लागि घोषणा गरिएको अनुदान ३० करोडले न्यून हो । यद्यपि, घोषणाका आधारमा चालू आवको तुलनामा आगामी आवका लागि घोषणा गरिएको अनुदान एक अर्ब भारुले बढी हो ।

भारतले विदेशी नीति कार्यान्वयनका लागि दक्षिण एसियालीलगायत केही देशलाई ऋण तथा अनुदान उपलब्ध गराउँदै आइरहेको छ । सन् ०२३/२४ मा ६ अर्ब ५७ करोड भारु अनुदान घोषणा गरिएको थियो । सन् २०२४/२५ मा त्यसलाई बढाएर सात अर्ब भारु पुऱ्याइयो ।

भारतले दक्षिण एसियामा सबैभन्दा बढी भुटानलाई २२ अर्ब ८८ करोड भारु अनुदान घोषणा गरेको छ । जुन चालू आवको भन्दा एक अर्ब ३८ करोड भारुले बढी हो । अझ संशोधित अनुमानभन्दा तीन अर्ब ३२ करोड भारुले बढी हो । सुरुमा चालू आव २०२५/२६ का लागि भुटानलाई २१ अर्ब ५० करोड भारु अनुदान घोषणा गरिएको थियो । यद्यपि, यसलाई संशोधन गरेर पछि १९ अर्ब ५० करोड भारु कायम गरिएको छ । भारतले सबैभन्दा कम २५ करोड अनुदान मंगोलियाका लागि विनियोजन गरेको छ । सार्क देशमा सबैभन्दा कम अनुदान ६० करोड भारु बंगलादेशका लागि छ । सार्कमा भारतले भुटान र नेपालपछि सबैभन्दा बढी अनुदान माल्दिभ्सका लागि पाँच अर्ब ५० करोड भारु विनियोजन गरेको छ । त्यस्तै, अफगानिस्तानलाई एक अर्ब ५० करोड र श्रीलंकालाई चार अर्ब भारु अनुदान घोषणा गरिएको छ ।

भारतीय वित्तमन्त्री सीतारमणले आगामी आवका लागि कुल ५३.५ लाख करोडबराबरको बजेट ल्याएकी हुन् । केन्द्रीय राजस्व २८.७ लाख करोड उठ्ने अनुमान गरेकी छिन् । सीतारणमले आफ्नो यो १५औँ बजेटले भविष्यकेन्द्रित भन्दै यसले 'युवा शक्तिलाई डोऱ्याउने' भनेकी छिन् । कतिपय भारतीय मिडियाले 'जेन-जी र मिलेनियल्स'मैत्री बजेट भनेका छन् ।

आगामी अप्रिलदेखि लागू हुने यस बजेटले कर छुटको सीमालाई अझ फराकिलो बनाएको छ । बजेटले चार लाख भारुसम्मको आयमा कुनै पनि कर नलाग्ने घोषणा गरेको छ । त्यस्तै, उच्च गतिको रेलवे सेवाले भारतका मुख्य र व्यावहारिक सहरलाई जोड्ने उद्घोष गरिएको छ । उच्च गतिको रेलवे नेपालनजिक वाराणसी र सिलगुढीसम्म ल्याइने घोषणा गरिएको छ । थप २० जलमार्ग विस्तारका लागि समेत बजेट विनियोजन गरिएको छ ।

■ सियोलस्थित नेपाली दूतावासमा कोरियाली अधिकारीसँग छलफल

इपिएसपीडित युवाको माग सम्बोधन गर्न नसकिने कोरियाको जवाफ

१७ देशमा लागू भइरहेको इपिएस प्रणालीको नियम एक देशका लागि परिवर्तन गर्न नसकिने कोरियाको भनाइ

अजित अधिकारी/नयाँ पत्रिका

कोरियाली अधिकारीले नेपालका इपिएसपीडित युवाको माग सम्बोधन गर्न नसक्ने जानकारी गराएका छन् । शुक्रबार सियोलस्थित नेपाली दूतावासमा कोरियाका लागि नेपाली राजदूत शिवमाया तुम्बाहाङ्फेसहितका कर्मचारी र मानव संसाधन विकास सेवा, कोरियाका तीन अधिकारीबिच छलफल भएको थियो । सो छलफलमा कोरियाली अधिकारीले इपिएसबाट कामदार आपूर्तिका लागि निर्धारित मापदण्ड संशोधन गर्न नसकिने भएकाले आन्दोलित युवाको माग सम्बोधन गर्न नसकिने बताएका हुन् ।



दूतावास स्रोतका अनुसार काठमाडौंमा चर्किएको आन्दोलनबारे जानकार कोरियाली अधिकारीले आकस्मिक बैठक बस्नुपर्ने भन्दै समय माग गरेका थिए । त्यसपछि दूतावासले परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयलाई कोरियाली अधिकारीले भेट गर्न चाहेको जानकारी गराएका थिए । 'परराष्ट्र र श्रम मन्त्रालयको स्वीकृति लिएर सियोलस्थित दूतावासमा एचआरडी, कोरियाका तीन अधिकारीसँग बैठक बसेका थियौँ,' स्रोतले भन्यो, 'सो बैठकमा इपिएसपीडित युवाले गरिरहेको आन्दोलनका कारण नेपालस्थित एचआरडी सेन्टरमा कार्यरत कर्मचारीको सुरक्षालाई लिएर बढी चिन्ता व्यक्त भयो ।'

भाषा परीक्षा दिएको दुईवर्षे म्याद सकिएर रोजगारीका लागि कोरिया जान नपाएपछि युवाहरू १८ पुसदेखि आन्दोलित छन् । उनीहरूले भाषा परीक्षा उत्तीर्ण गरेका युवाको अवधि दुई वर्ष थप गर्नुपर्ने, रोस्टर परिवर्तन गर्न पाउनुपर्ने, कोरियाको रोजगारदाता कम्पनीमा धमाधम फाइल पठाउनुपर्नेलगायतका माग राखेर ग्वार्कोस्थित इपिएस कार्यालय, भैँसेपाटीस्थित राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान र माइतीघर मण्डलामा आन्दोलन गरिरहेका छन् ।

युवाको आन्दोलनमा नेपालस्थित एचआरडी सेन्टरमा कार्यरत कोरियाली अधिकारीको फोटोसहित प्ले कार्ड प्रदर्शनी भएको र धम्कीको भाषासमेत प्रयोग भएको भन्दै दूतावासमा भएको छलफलमा कोरियाली अधिकारीले निन्दा गरेको स्रोतको भनाइ छ । 'नेपालस्थित एचआरडी सेन्टरमा कार्यरत कोरियाली कर्मचारीको फोटोसहित नेपाली युवाले आन्दोलन गरेका छन् र त्यसबाट हाम्रा कर्मचारीको कोरियास्थित परिवार चिन्तित भइरहेका छन् भनेर कोरियाली अधिकारीले बैठकमा राख्नुभयो,' स्रोतले भन्यो, 'कोरियाली अधिकारी असुरक्षित हुने स्थिति आए एचआरडी सेन्टर हटाउनेसम्मका कुरा भएका छन् । एचआरडी सेन्टर हट्यो भने इपिएस प्रणालीबाट कोरियामा कामदार आपूर्ति गर्न मुस्किल हुने संकेतसमेत दिइएको छ ।'

छलफलमा नेपाली अधिकारीले भने एचआरडी सेन्टरमा कार्यरत कोरियाली कर्मचारीको सुरक्षा उच्च प्राथमिकतामा रहेको जानकारी दिएका थिए । 'धर्नास्थलमा ६०-७० सुरक्षाकर्मी नियमित परिचालन भइरहेका र धर्ना दिने युवा आन्दोलनकारी नभएर रोजगारी खोजिरहेका युवाको समूह मात्र भएकाले असुरक्षा महसुस नगर्न कोरियाली अधिकारीलाई हामीले आग्रह गरेका छौँ,' दूतावास स्रोतले भन्यो ।



शुक्रबार सियोलस्थित दूतावासमा कोरियाली अधिकारीसँग छलफल भएपछि इपिएसपीडित युवाले काठमाडौंमा शनिबारदेखि धर्ना रोकेका छन् । धर्नामा सहभागी खोटाङका अनिश कार्कीले समस्या समाधानका लागि सरकारले पहल गर्ने बताएपछि केही दिनका लागि आन्दोलन रोकिएको बताए । 'सरकारले पहलकदमी लिएन भने फेरि आन्दोलन थाल्छौँ,' उनले भने, 'हाम्रो समस्या कर्मचारी र मन्त्रीबाटै बेवास्ता भइरहेको छ, कोरियाली अधिकारीसँग हाम्रो खासै गुनासो छैन ।' उनले धर्नास्थलमा कोरिया वा नेपालका कुनै पनि कर्मचारीको फोटोअंकित प्लेकार्ड नबोकिएको बताए ।

रोस्टर परिवर्तन वा भाषा परीक्षाको म्याद बढाउन नसकिने

भाषा परीक्षा दिएको म्याद सकिएर कोरिया जान नपाए पुनः नयाँ प्रक्रियामार्फत भाषा परीक्षामा सामेल हुनुको विकल्प नभएको कोरियाली अधिकारीले बैठकमा धारणा राखेका थिए । कोभिड-१९ को समयमा १७ वटै देशमा भाषा परीक्षाको अवधि बढाइएको थियो । त्यसैले, उक्त सुविधा एक-दुईवटा देशले अहिले फेरि खोज्न नहुने कोरियन अधिकारीको तर्क छ । त्यस्तै, रोस्टरअनुसार फरक-फरक परीक्षा सञ्चालन गरिएकाले उक्त रोस्टर परिवर्तन गरेर पनि युवालाई रोजगारीमा लैजान नसकिने कोरियाले स्पष्ट पारेको छ । 'कृषि क्षेत्रमा काम गर्न परीक्षा दिएकालाई उत्पादनतर्फ काममा ल्याउन नमिल्ने जानकारी कोरियाली अधिकारीले दिनुभएको छ । किनभने, कृषि र उत्पादनतर्फ फरक-फरक भाषा परीक्षा भएको हुन्छ,' स्रोतले भन्यो ।

नेपाली युवाले कोरियास्थित रोजगारदाता कम्पनीकहाँ समयमै फाइल नपुग्दा पनि भाषा परीक्षाको म्याद सकिएको आरोप लगाएकोबारे पनि दूतावासले कोरियन अधिकारीको धारणा बुझ्न खोजेको थियो । कोरियन कम्पनीलाई फाइल पठाउन सरकारी अधिकारीको खासै भूमिका नहुने उनीहरूले बताएका थिए । 'कोरियामा रहेको जब सेन्टरमा नेपालस्थित इपिएस सेन्टर र एचआरडी सेन्टरबाट युवाको फोटोसहितको विवरण आउँछ । त्यसपछि, कोरियाको कुनै कम्पनीले एउटा कर्मचारी माग गऱ्यो भने जब सेन्टरले तीनजना युवाको विवरण पठाउने रहेछ । ती तीनजनाबाट रोजगारदाताले एउटा छान्न सक्ने प्रणाली रहेछ,' दूतावासमा रहेका एक कर्मचारीले भने ।

नेपाली टोलीसँग बैठक गर्न कोरियाले दियो दुइटा मिति

इपिएसपीडित युवाको मागको विषयमा श्रम मन्त्रालयबाट एक टोली कोरिया नै पुगेर छलफल गर्न सियोलस्थित दूतावासबाट कोरियाली सरकारलाई पत्राचार गरेको थियो । त्यसपछि कोरियाले नेपाली टोलीलाई २७ र २८ माघ वा १४ र १५ फागुनमध्ये एउटा मितिमा जान सक्ने विकल्प दिएको छ । उक्त मितिबारे सियोलस्थित नेपाली दूतावासले परराष्ट्र मन्त्रालयलाई पनि जानकारी गराएको छ । उक्त समयमा पनि टोली कोरिया जान नसके नेपालले अर्को कुनै मिति प्रस्ताव गरेर पठाउन सक्ने विकल्पसमेत दिएको स्रोतले जानकारी दियो ।

रोजगारीमा नकारात्मक असर गर्ने कार्य नगर्न आग्रह

श्रम तथा रोजगार मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै कोरिया सरकारद्वारा सञ्चालित प्रणाली पारदर्शी, विश्वसनीय र स्वचालित रहेको जनाएको छ । कोरिया कामदार पठाउने प्रक्रियामा कुनै पनि व्यक्ति, कर्मचारी वा निकायले आफूले चाहेअनुरूप फाइल पठाउन नसक्ने भएकाले शंका नगर्न आग्रह गरेको छ । पीडितको मागअनुसार कोरियासँग छलफल भइरहेको र सम्झौता र नीतिअनुसार नै कार्य हुने हुँदा श्रमिकको रोजगारीमा नकारात्मक असर पर्ने कार्य नगर्न युवालाई मन्त्रालयले आग्रह गरेको छ । इपिएस प्रणालीमार्फत कोरियाले सबैभन्दा धेरै नेपालबाट कामदार आपूर्ति गर्दै आएको छ । १७ देशमध्ये नेपालबाट मात्रै ४४ प्रतिशत कामदार आपूर्ति गरेको एचआरडी, कोरियाको तथ्यांक छ ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : सामाखुसी, काठमाण्डौ
फोन नं.: ०१-४०५३२६८

को

शाखा कार्यालय सामाखुसी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/१०/१९ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय सामाखुसी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैँतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/२६ मा दर्ता नं. २२१११३/०७६/०७७ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ६ स्थित प्युठान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.
व्यक्तिगत जमानतकर्ताहरुको विवरण
१. ठेम लाल आचार्यको नाति, इश्वरी प्रसाद आचार्यको छोरा, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको लक्ष्मण आचार्य (ना.प्र.प.नं. २६६३१/०५६/५७, प्युठान)
२. इश्वरी प्रसाद आचार्यको बुहारी, लक्ष्मण आचार्यको पत्नी, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको गोमा आचार्य (ना.प्र.प.नं. ८०७०२ गोरखा, प्युठान)
धितोमा रहेको सम्पतिको विवरण
गोमा आचार्यको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, कपन गा.वि.स./न.पा. वडा नं. ३ नक्शा सिट नं १०२०९८८०६ स्थित किता नं. ७३ को क्षेत्रफल ९८३.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८२/१०/१९ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सामाखुसी, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८२/११/०४ गते सोमबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त रासि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/११/०५ गते मंगलबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुटै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सामाखुसी, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

सुर्खेतमा १३२ केभी प्रसारणलाइनबाट विद्युत्

सुर्खेत/ कर्णाली प्रदेशमा लामो समयदेखि प्रतीक्षामा रहेको नेपालगन्ज-सुर्खेतमा एक सय ३२ केभी विद्युत् प्रसारणलाइन जोडिएको छ । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले आइतबार नेपालगन्ज-सुर्खेतमा एक सय ३२ केभी विद्युत् प्रसारणलाइन सञ्चालन गरेका हुन् । यससँगै अब सुर्खेत उपत्यकामा एक सय ३२ केभी नियमित रूपमा विद्युत् आपूर्ति सुचारु हुने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार दैलेख खण्डको प्रसारणलाइन एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम अघि बढाइएको छ भने कालिकोट-जुम्ला प्रसारणलाइनको प्रक्रिया पनि सुरु भइसकेको छ । वर्षौंदेखि लो भोल्टेज र अनियमित विद्युत् आपूर्तिका कारण समस्यामा परेका कर्णालीवासीका लागि यो उपलब्धि ऐतिहासिक मानिएको छ । लामो समयसम्म अन्धकार र विद्युत् अभावको पीडा भोग्दै आएका स्थानीयवासीले अब उज्यालोतर्फ लम्किने आशा बोकेका छन् । एक सय ३२ केभी प्रसारणलाइन सञ्चालनमा आएसँगै कर्णाली प्रदेशमा औद्योगिक विकास, सेवा-सुविधा विस्तार र जनजीवन सहज हुने अपेक्षा छ ।

नेपालको वित्तीय समावेशीकरण सूचकांकमा सुधार

काठमाडौं/ नेपालमा वित्तीय सेवामा नागरिकको पहुँच र प्रयोग बढ्दै गएको देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको वित्तीय समावेशीकरण सूचकांकअनुसार आर्थिक वर्ष ०८१/८२ मा समग्र सूचकांक ०.४७ बाट बढेर ०.५३ पुगेको छ ।

राष्ट्र बैंकले मानव विकास सूचकांकजस्तै विधि अपनाएर यो सूचकांक तयार गरेको हो । यसमा ० देखि १ अंकसम्म मापन गरिन्छ । अंक जति बढी भयो, वित्तीय समावेशीकरण त्यति राम्रो भएको मानिन्छ । सूचकांक निर्माणका लागि ५५ वटा फरक-फरक मापदण्ड प्रयोग गरिएको छ । यसलाई तीन भागमा बाँडिएको छ : वित्तीय पहुँच, सेवाको उपयोग र सेवाको गुणस्तर ।

सूचकांक ०.४७ बाट ०.५३ पुग्यो : पहुँच, उपयोग र गुणस्तर तीनवटै पक्षमा सुधार देखियो

सूचकांकमा पहुँचलाई ३५ प्रतिशत, उपयोगलाई ४५ प्रतिशत र गुणस्तरलाई २० प्रतिशत भार दिइएको छ । पछिल्लो वर्ष यी तीनवटै क्षेत्रमा सुधार देखिएको राष्ट्र बैंकले जनाएको छ ।

पहुँच सूचक ०.४७ बाट बढेर ०.५३ पुगेको छ । देशभर बैंक तथा वित्तीय संस्थाका शाखा, सेवा केन्द्र र डिजिटल माध्यम विस्तार भएकाले नागरिकले सेवा लिन सजिलो भएको देखिन्छ ।

उपयोग सूचक ०.४९ बाट उक्लिएर ०.५४ पुगेको छ । बैंक खाता सञ्चालन, डिजिटल भुक्तानी, बिमा तथा अन्य वित्तीय सेवाको प्रयोग बढेको पाइएको छ ।

गुणस्तर सूचकमा सुधार परेर ०.४९ बाट ०.५० पुगेको छ । वित्तीय साक्षरता, उपभोक्ता संरक्षण, सेवा पारदर्शिता र ग्राहक अनुभवमा सुधार आएको जनाइएको छ । राष्ट्र बैंकका अनुसार यी उपलब्धि नीति सुधार, डिजिटल बैंकिङको विस्तार र नियामकीय पहलका परिणाम हुन् । मोबाइल बैंकिङ, क्युआर भुक्तानी, अनलाइन सेवा र गाउँ-गाउँसम्म पुगेका वित्तीय संस्थाले आमनागरिकलाई औपचारिक वित्तीय प्रणालीमा जोड्न सहयोग पुगेको छ ।

तर, अझै सबै वर्ग र क्षेत्रमा समान पहुँच पुऱ्याउन चुनौती कायमै रहेको राष्ट्र बैंकको ठहर छ ।

घोषणापत्रमा आर्थिक समृद्धिलाई प्राथमिकता दिने दलहरूको प्रतिबद्धता

नयाँ पत्रिका

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि घोषणापत्र बनाउन व्यस्त राजनीतिक दलका नेताहरूले आर्थिक समृद्धिलाई पहिलो प्राथमिकतामा राखिने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले आइतबार काठमाडौंमा आयोजना गरेको 'दलका घोषणापत्रमा आर्थिक एजेन्डा' विषयक छलफलमा राजनीतिक नेतृत्वले यसपटक जनताको अपेक्षा फेरिएको स्वीकार गर्दै आ-आफ्नो दलको घोषणापत्रका आर्थिक एजेन्डालाई प्राथमिकता दिइने बताएका हुन् ।

कार्यक्रममा काग्रेसका महामन्त्री प्रदीप पौडेलले कानुनको दायरामा बसेर नाफा कमाउनेलाई 'दलाल'को ट्याग लगाउने भाष्यले अर्थतन्त्रलाई क्षति पुऱ्याएको भन्दै काग्रेसले १० बुँदे सटीक घोषणापत्रमार्फत आर्थिक समृद्धिको नयाँ खाका प्रस्तुत गर्ने बताए ।

एमालेका सचिव राजन भट्टराईले १० वर्षअघि जनताले पूर्वाधार खोज्ने गरेकोमा अहिले सुशासन र लगानीमैत्री वातावरण पहिलो प्राथमिकता बनेको बताए । उनले राजनीतिक स्थिरता नभएसम्म लगानीकर्ताले विश्वास नगर्ने यथार्थलाई स्वीकार गर्दै कानुनी जटिलताको अन्त्य नै अबको मुख्य बाटो भएको उल्लेख गरे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का केन्द्रीय सदस्य शिशिर खनालले १० वर्षभित्र नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुक बनाउने लक्ष्यसहितको 'वाचापत्र' ल्याउने तयारी भइरहेको जानकारी दिए । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेता देव गुरुङले 'युद्ध अर्थतन्त्र'बाट मुक्त भई उत्पादनमुखी अर्थतन्त्र निर्माणमा जोड दिए ।

आश्वासन होइन, प्रोत्साहन चाहियो : निजी क्षेत्र



निजी क्षेत्रका छाता संगठनहरूले भने दलहरूले केवल भोटका लागि मात्र आश्वासन दिने गरेको भन्दै आक्रोश पोखे । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले दलहरूका बिचमा आर्थिक मुद्दामा प्रतिस्पर्धा हुनुको साटो एक-अर्कालाई गाली गर्ने प्रवृत्ति मौलाएको बताए ।

नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले ८० प्रतिशत साधारण खर्च र २० प्रतिशत विकास खर्च हुने अवस्थाले मुलुक उँभो नलाग्ने भन्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने ठोस योजना माग गरे । होटेल संघ नेपाल (हान)का अध्यक्ष विनायक शाहले पर्यटन बोर्डलाई प्राधिकरण बनाएर पर्यटकको बसाइ र खर्च बढाउने नीति ल्याउन आग्रह गरे । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले पूर्वाधार क्षेत्रलाई स्टन्टको विषय नबनाई मुलुकको अर्थतन्त्र चलायमान बनाउने मेरुदण्डका रूपमा स्वीकार गर्न आग्रह गरे । इप्पानका अध्यक्ष गणेश कार्कीले विद्युत् व्यापारको अनुमति निजी क्षेत्रलाई दिए मात्र उत्पादित ऊर्जाको खपत र निर्यात सम्भव हुने बताए ।

एनसेलको आइएसओ मान्यता नवीकरण

काठमाडौं/ एनसेलको डेटा गोपनीयता र सूचना सुरक्षासम्बन्धी आइएसओ २७००१:२०२२ (आइएसएमएस) र २७७०१:२०१९ (पिआइएमएस) मान्यतालाई नवीकरण गराएको छ। यो नवीकरणले कम्पनीको सूचना सुरक्षा र डेटा गोपनीयतामा रहेको नेतृत्वदायी स्थानलाई थप सुदृढ बनाउने कम्पनीको दाबी छ।



ग्राहक र साझेदारका डेटा साइबर थ्रेट र अनधिकृत पहुँचबाट जोगाउन एनसेलले सशक्त उपाय कार्यान्वयन गरेको आइएसओ २७००१ मान्यताले सुनिश्चित गर्छ। त्यसैगरी, आइएसओ २७७०१ ले व्यक्तिगत डेटा सुरक्षा गर्न, उल्लंघनको जोखिमलाई कम गर्न र गोपनीयतामा उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासको अनुपालन गरेको सुनिश्चित गरेको छ।

गत वर्ष एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली (पिआइएमएस) प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको थियो। यो मान्यता र यसको नवीकरणले ग्राहकको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुष्टि गरेको एनसेलको भनाइ छ। नवीकरण प्रक्रियाअनुसार आइएसओद्वारा तोकिएको निकायमार्फत अडिटर नियुक्त गरी एनसेलमा सर्भिलेन्स अडिट गरिएको थियो।

आइएसओ मापदण्डअनुसार मूल्यांकन गर्दै अडिटरले एनसेलका सूचना सुरक्षा तथा डेटा गोपनीयतासम्बन्धी सुशासन प्रक्रिया आइएसओद्वारा निर्धारित मापदण्डअनुरूप रहेको पुष्टि गरेको हो। यी मान्यता आगामी एक वर्षसम्म मान्य रहनेछन्। नवीकरण भएका यी मान्यताको स्कोपमा ग्राहक डेटा सेन्टर, ग्राहक सेवा र आइटी सर्भिसेजमा रहेका छन्।

आइएमई लाइफले दियो सम्पत्ति शुद्धीकरणसम्बन्धी तालिम

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले सम्पत्ति शुद्धीकरणसम्बन्धी तालिम सम्पन्न गरेको छ। कम्पनीले आफ्ना एजेन्सी लिडरलाई नेसनल एन्टिमनी लाउन्डरिङका अवसरमा सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आमविनाशकारी हातहतियार निर्माण वा विस्तारमा हुने वित्तीय लगानी निवारणसम्बन्धी तालिम प्रदान गरेको हो। तालिममा सहभागीलाई जीवन बिमा क्षेत्रमा हुन सक्ने सम्भावित जोखिमको पहिचान एवं रोकथाम र सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुन, नेपाल बिमा प्राधिकरणबाट जारी निर्देशिका एवं निर्देशनबारे जानकारी दिइएको थियो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्काले अभिकर्तालाई कानुनी व्यवस्थालाई पालना गर्न निर्देशन दिए।

नेसनल लाइफ इन्स्योरेन्सको एकदिने तालिम सम्पन्न



काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले एकदिने तालिम सम्पन्न गरेको छ। कम्पनीले मासिक योजना मन्थन २०८२ मा तोकिएको व्यवसाय गरी छनोट भएका बागमती र मधेश प्रदेशका विभिन्न शाखा कार्यालयमा आबद्ध रही कार्य गर्ने अभिकर्तालाई एकदिने तालिम प्रदान गरेको हो।

कार्यक्रम कम्पनीका उपप्रमुख कार्यकारी अधिकृत स्मृतिराज कँडेलको सभापतित्वमा भएको थियो। छनोट भएका दुई सय ८० अभिकर्तालाई काजिम रजाले प्रशिक्षण प्रदान गरेका थिए। रजाले विभिन्न उदाहरण प्रस्तुत गर्दै एमडिआरटीको लक्ष्य हासिल गर्ने उपायबारे प्रशिक्षण दिएका थिए। कँडेलले कम्पनीमा आबद्ध अभिकर्तालाई व्यावसायिक बनाउने उद्देश्यसहित विभिन्न अभिकर्तामैत्री मासिक तथा वार्षिक योजना जारी गर्दै आइरहेको जानकारी दिए। यसै सन्दर्भमा अभिकर्तालाई उत्कृष्ट प्रशिक्षण दिने गरी प्रेरणा, प्रगति र पेसागत उत्कृष्टताको नाराका साथ मासिक योजना मन्थन जारी गरिएको बताए।

'ग्लोबल स्मार्ट प्लस'बाट आइपिओ भर्ने सुविधा



काठमाडौं/ ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकलाई ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ एपमार्फत आइपिओ भर्ने सुविधा उपलब्ध गराएको छ। बैंकका मोबाइल बैंकिङ एप प्रयोगकर्ताले कुनै पनि आइपिओ आवेदन प्रक्रिया ग्लोबल स्मार्ट प्लस एपबाटै सजिलै भर्न सक्नेछन्।

प्रयोगकर्ताले आइपिओ म्यानेजमेन्ट सेक्सनमा गई आफ्नो डिम्याट नम्बर प्रविष्ट गरेपछि, ग्राहकलाई तुरुन्तै सिआरएन नम्बर प्राप्त हुनेछ। त्यसपछि, ग्राहकले आइपिओ खुला हुने समयमा एपमार्फतै आवेदन दिन सक्नेछन्। साथै, ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताले यस एपको माध्यमबाट कुनै पनि कम्पनीको आइपिओ खुला हुनेबारे जानकारी पनि प्राप्त हुने बताइएको छ। यस सेवाले ग्राहकलाई आइपिओ आवेदन प्रक्रियामा अन्य माध्यम प्रयोग गर्नुनपर्ने तथा अत्यधिक सहजता र समयको बचत गर्ने सुविधा उपलब्ध गराएको छ।

त्यसैगरी, एपमा अब लाइभ मार्केट सुविधा उपलब्ध गराइएको बैंकले जनाएको छ। यो सुविधाले ग्राहकलाई सेकेन्डरी बजारमा भएको सबै कारोबारको रियल टाइम अपडेट प्रदान गर्नेछ।

Invitation for Sealed Bid for the supply, installation, maintenance & support service of security information and event management (SIEM)

Jyoti Bikash Bank Limited (JBBL) invites sealed bids from eligible Nepalese firm/company for the supply, installation, maintenance & support service of security information and event management (SIEM).
Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 16th Feb 2026.
The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306-12
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

Nepal Electricity Authority
Upper Trishuli 3AHydropower Station Tel : 016-227801

Invitation for Electronic Bids

(Date of publication 2 February, 2026(19/10/2082))

Tender No./Types of Bidding	Description of Works/Jobs
UT3AHPS-2082/083-MST-05	Design, Manufacture, Supply, Delivery, Installation, Testing and Commissioning of 7.5 Ton Single Girder Goliath Crane at UT3AHPS.
UT3AHPS-2082/083-MST-06	Supply & Delivery of Mechanical Consumables for Repair and Regular maintenance at UT3AHPS.
UT3AHPS-2082/083-CST-02	Repair, Maintenance and Construction at UT3AHPS.

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

धितोपत्र सम्बन्धी ऐन २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: नेपाल लाइफ इन्स्योरेन्स

योजना व्यवस्थापक: (निष्काशन तथा बिक्री प्रबन्धकको कार्य समेत गर्ने) नेपाल लाइफ क्यापिटल

नेपाल लाइफ म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

नेपाल लाइफ समृद्धि लगानी योजना
(NEPAL LIFE SAMRIDDHI LAGANI YOJANA)
(बन्दमुखी योजना)

इकाईको बाँडफाँड सम्बन्धी सूचना

नेपाल लाइफ समृद्धि लगानी योजना (Nepal Life Samriddhi Lagani Yojana) को प्रति इकाई मूल्य रु.१०/– दरको १६,००,००,००० (सोह्र करोड) इकाईहरु मिति २०८२/१०/०४ गतेदेखि मिति २०८२/१०/०९ गतेसम्म सर्वसाधारण तथा संघसंस्थाहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त अवधिमा माग भन्दा बढी रकमको लागि आवेदन पर्न आएकोले प्रचलित कानून बमोजिम योजनाको आकारको २५ प्रतिशत थप गरी कुल रु. २०,००,००,००० (बीस करोड) इकाई कायम गरी निष्काशन अवधिभित्र प्राप्त भएका रितिपूर्वक आवेदन दिने आवेदकहरुलाई २०८२/१०/१८ गते बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बाँडफाँड सम्बन्धी विवरण आवेदकहरुले सिडिएससी एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेवसाइट www.iporesult.cdsc.com.np वा नेपाल लाइफ क्यापिटल लिमिटेडको वेवसाइट www.nepallifecapital.com.np बाट हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको इकाई वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाता फुकुवा समेत गरिदिनुहुन पनि यसै सूचना मार्फत जानकारी गराउँदछौं। साथै, यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

योजना व्यवस्थापक/ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नेपाल लाइफ क्यापिटल
नेपाल लाइफ क्यापिटल लिमिटेड
रजिष्टर्ड कार्यालय: सिटी सेन्टर, कमलपोखरी, काठमाडौं
फोन : ०१-४५३०७४६, ४५१५८५६
इमेल: info@nepallifecapital.com.np
वेबसाइट: www.nepallifecapital.com.np

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे
कृषि विकास बैंक लि. लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रूपन्देहीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८२।१०।१९ गते)

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, व्याजलगायतका रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राइटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसिल

सम्बन्धित कार्यालय : शाखा कार्यालय कालिकानगर, बुटवल, **जिल्ला** : रूपन्देही

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
१.	भगवती गाई फार्म प्रो. भगवती वस्याल	देवदह-९, भलुही, रूपन्देही	महिला उद्यमशील कर्जा	८,८३,२५२/-	३,३७,३४४/-	१२,२०,५९६/-

फर्मको दर्ता नं. २४/०७४/७५ **दर्ता भएको कार्यालय:** देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रूपन्देही **दर्ता मिति:** २०७५/०१/१६ **पान नं.** ६१३३७९०२३

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
भगवती वस्याल	देवदह-८, रूपन्देही	४२३०२६/११६९	स्याङ्जा २०६३।११।०२	दुर्गा प्रसाद बस्याल	गोपी कृष्ण बस्याल

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
दुर्गा प्रसाद बस्याल	देवदह ०८, रूपन्देही	४२३०२६/११५६	स्याङ्जा, २०६३।११।०२	गोपी कृष्ण बस्याल	
तिर्सना बस्याल	देवदह ०८, रूपन्देही	३७-०२-७६-०४१०७	रूपन्देही, २०७६/०६/०२	दुर्गा प्रसाद बस्याल	गोपी कृष्ण बस्याल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
२.	के.सी. गाई भैंसी फार्म प्रो. सिता देवी क्षेत्री	देवदह-९, रूपन्देही	महिला उद्यमशील कर्जा	६,४५,६९९/-	१,७१,४१०/-	८,१७,१०९/-

फर्मको दर्ता नं. २००४५/०७७/७८ **दर्ता भएको कार्यालय:** घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रूपन्देही **दर्ता मिति:** २०७७/०५/२५ **पान नं.** ६१३७५७६५०

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
सिता देवी क्षेत्री	देवदह-९, रूपन्देही	९/१२४१	रूपन्देही, २०४६।१०।१२	कृष्ण प्रसाद क्षेत्री	थमन सिंह

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
विक्की क्षेत्री	देवदह ०९, रूपन्देही	५४४२	रूपन्देही, २०६७/११/२६	कृष्ण प्रसाद क्षेत्री	थमन सिंह

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
३.	मिसन इन्टिग्रेटेड एग्रो फर्म प्रो. कृष्ण प्रसाद वस्याल	वुटवल ०८, रूपन्देही	व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा	४,९३,०३६/-	१,०४,६९५/-	५,९७,७३१/-

फर्मको दर्ता नं. १९९७९/०७७/७८ **दर्ता भएको कार्यालय:** घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर रूपन्देही **दर्ता मिति:** २०७७/०४/२५ **पान नं.** ६१३३०७१२९

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
कृष्णप्रसाद वस्याल	तिलोत्तमा ०५, रूपन्देही	३९-०१-७३-०६-१५	पाल्पा, २०७३/०७/२३	भुपाल वस्याल	देवाखर वस्याल

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
शान्ति न्यौपाने	तिलोत्तमा ०५, रूपन्देही	६००३२	पाल्पा, २०५३/०४/१६	कृष्ण प्रसाद वस्याल	भुपाल वस्याल
अनुप वस्याल	तिलोत्तमा ०५, रूपन्देही	३९-०१-७५-००९८१	पाल्पा, २०७५/०२/१०	कृष्ण प्रसाद वस्याल	भुपाल वस्याल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
४.	रोहिनी स्टोर्स प्रो. शान्ति श्रेष्ठ	वुटवल ०४, रूपन्देही	महिला उद्यमशील कर्जा	५,०६,४५३/-	१,०९,१०९/-	६,१५,५६२/-

फर्मको दर्ता नं. ३८८४५/०७३ **दर्ता भएको कार्यालय:** वाणिज्य कार्यालय, रूपन्देही **दर्ता मिति:** २०७३/१०/०७ **पान नं.** ६०६४७३७०९

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
शान्ति श्रेष्ठ	वुटवल ०४, रूपन्देही	७/१९६१	नवलपरासी, २०४४/११/३०	उत्तर कुमार श्रेष्ठ	हरि प्रसाद श्रेष्ठ

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
नारायण प्रसाद श्रेष्ठ	वुटवल ०४, रूपन्देही	७/३६४५	रूपन्देही, २०४६/०२/२०	हरि प्रसाद श्रेष्ठ	
श्रृजा श्रेष्ठ	वुटवल ०४, रूपन्देही	३७२०२४/५१४७८	रूपन्देही, २०६३/१०/२६	नारायण प्रसाद श्रेष्ठ	हरि प्रसाद श्रेष्ठ

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
५.	प्रिती कलेक्सन प्रो. प्रीती नेपाल परियार	वुटवल ०५, रूपन्देही	दलित समुदाय व्यवसाय विकास कर्जा	४,७५,२४७/-	२,१६,५६५/-	६,९१,८१२/-

फर्मको दर्ता नं. १४४२२ दर्ता भएको कार्यालय: वुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, रूपन्देही दर्ता मिति: २०७६/०४/२० पान नं. ६१४५१२०२३

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
प्रीती नेपाल परियार	वुटवल ११, रूपन्देही	३७१०२३-३८०८०	गुल्मी, २०६५।१२।०९	रमेश परियार	लाल बहादुर परियार

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
प्रेम नेपाल	वुटवल ११, रूपन्देही	२०८६३	रूपन्देही, २०४८/०७/१०	पदम बहादुर नेपाल	
अरविन्द नेपाल	वुटवल ११, रूपन्देही	१५०७५	रूपन्देही, २०५६/०३/०२	प्रेम नेपाल	पदम बहादुर नेपाल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
६.	सरिना लेडिज टेलर्स प्रो. सिता घिमिरे	वुटवल ११, रूपन्देही	महिला उद्यमशील कर्जा	४,७९,९२५/-	३०,०३३/-	५,०९,९५८/-

फर्मको दर्ता नं. ११।७७।७८।२४७ **दर्ता भएको कार्यालय:** वुटवल उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, रूपन्देही **दर्ता मिति:** २०७७/०९/२० पान नं ६१४७१७८१५

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
सिता घिमिरे	वुटवल ११, रूपन्देही	४१३०५८/१०५२	गुल्मी, २०७०।०२।२०	दिपक पोखरेल	झविन्द्र पोखरेल

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
दिपक पोखरेल	वुटवल ११, रूपन्देही	१०६०/१११७५८	गुल्मी, २०६९/०८/२०	झविन्द्र पोखरेल	
अर्जुन पोखरेल	वुटवल ११, रूपन्देही	३०६०/७८५	गुल्मी, २०७०/०२/१९	झविन्द्र पोखरेल	

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	साँवा रकम रू.	मिति २०८२।०९।३० सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम
७.	उमा महेश्वर टेलरिङ्ग तालिम केन्द्र प्रो. पुस्पा शर्मा	वुटवल १३, रूपन्देही	महिला उद्यमशिल कर्जा	८,१५,४९०/-	२,२४,९७०/-	१०,४०,४६०/-

फर्मको दर्ता नं. ८२।१३।२०७७ **दर्ता भएको कार्यालय:** वुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, रूपन्देही **दर्ता मिति:** २०७८/०४/२१ **पान नं.** ११९६३०७८५

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
पुस्पा शर्मा	वुटवल ०३, रूपन्देही	३७२०२४/५०८७४	रूपन्देही, २०६५।०९।१७	राहुल पाण्डे	शेषकान्त पाण्डे

धितो मन्जुरी दिने/जमानत दिनेहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति/बाबु	बाजे/ससुरा
राहुल पाण्डे	वुटवल ०३, रूपन्देही	१०२०/८६३६०	गुल्मी, २०६७/०१/०९	शेषकान्त पाण्डे	थानेश्वर पाण्डे
गीता पाण्डे	वुटवल ११, रूपन्देही	२८४२	गुल्मी, २०५१/१२/१४	शेषकान्त पाण्डे	थानेश्वर पाण्डे

कृषि विकास बैंक लि.
लुम्बिनी प्रदेश कार्यालय, भैरहवा

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
सोमबार १९ माघ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

टी-२० विश्वकपका पाँच युवा खेलाडी

एजेन्सी

१०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता आगामी ७ फेब्रुअरीदेखि सुरु हुँदै छ। भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपमा २० राष्ट्र सहभागी छन्। प्रत्येक सहभागी राष्ट्रले १५ खेलाडीको अन्तिम टोली घोषणा गरेका छन्। एक महिनासम्म चल्ने विश्वकपमा ५५ खेल हुनेछन्। भारतका पाँच तथा श्रीलंकाका तीन मैदानमा प्रतियोगिता हुनेछन्। समूह चरणमा ४० खेलपछि सुपर आठ सुरु हुनेछ। प्रतिस्पर्धामा तीन सयजना खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। आइसिसीले सहभागीमध्ये पाँच खेलाडीलाई सबैभन्दा युवा क्रिकेटरका रूपमा समावेश गरेको छ। जसमध्ये क्यानडाका युवराज शर्मा सबैभन्दा कान्छा खेलाडी हुन्। नेपालका अलराउन्डर गुल्सन झा चौथो कान्छा खेलाडीमा पर्छन्।

१ युवराज शर्मा (क्यानडा), वर्ष १९

खेल : १६, **रन** : ४४२



१०औँ संस्करणको टी-२० विश्वकपमा क्यानडाका अलराउन्डर युवराज सहभागीमध्ये सबैभन्दा कान्छा खेलाडी हुन्। आइसिसीले युवराजलाई युवा खेलाडीमध्ये आकर्षक र आक्रामक ब्याट्सम्यानका रूपमा विश्लेषण गरेको छ। क्यानडाको राष्ट्रिय टोलीमा स्थान बनाएका युवराजले अहिलेसम्म १६ टी-२० आई खेलेका छन्। जसमा उनले ४४२ रन जोडेका छन्। उनको ब्याटिङ औसत ३७ रन रहेको छ। युवराजको बलियो पक्ष नै ब्याटिङ स्ट्राइक हो। समग्रमा उनको ब्याटिङ स्ट्राइक १६० भन्दा माथि रहेको छ। उनले टी-२० आईमा तीन अर्धशतकीय इनिङ्स खेलेका छन्। बलिङका क्रममा उनले १६ खेलमा दुई विकेट हात पारेका छन्।

२ केवेना माफका (द. अफ्रिका), १९ वर्ष २२९ दिन

खेल : १६, **विकेट** : १६



विश्वकपमा दोस्रो कान्छा खेलाडी दक्षिण अफ्रिकाका केवेना हुन्। उनी अहिले १९ वर्ष २२९ दिनका भए। दक्षिण अफ्रिकाले विश्वकपका लागि खेलाडी घोषणा गर्दा केवेनालाई अप्रत्याशित रूपमा समावेश गरेको थियो। टेस्ट राष्ट्र दक्षिण अफ्रिकाले केवेनालाई सरप्राइज खेलाडी भनेको छ। १९ वर्षको उमेरमा पनि उनले माथिल्लो लेभलमा प्रदर्शन गरिरहेका छन्। बायाँ हाते फास्ट बलरले सन् २०२४ को इन्डियन प्रिमियर लिग (आइपिएल)मा मुम्बई इन्डियन्सबाट प्रतिस्पर्धा गरेका थिए। त्यसवेला केवेना १७ वर्षका मात्र थिए। दक्षिण अफ्रिकाबाट उनले दुई टेस्ट र तीन एकदिवसीय खेल खेलेका छन्। अफ्रिकाले उनलाई टी-२० फर्म्याटका उदीयमान खेलाडीका रूपमा राखेको छ। उनले अहिलेसम्म १६ टी-२० आईमा १६ विकेट हात पारेका छन्। यसैगरी ब्याटिङमा ६ इनिङ्समा १९ रन जोडेका छन्। टी-२० आईमा केवेनाले एकपटक चार विकेट लिएका छन्। २०२४ को अगस्टमा उनले वेस्ट इन्डिजविरुद्ध डेब्यु गरेका थिए।

३ जैनुलाह इहसान (स्कटल्यान्ड) १९ वर्ष ३१० दिन

टी-२० आई खेल : ०, **रन** : ०

अर्को साताबाट सुरु हुने विश्वकपमा स्कटल्यान्डलाई चिट्ठा परेको हो। स्कटल्यान्ड आइसिसी विश्वकप युरोपियन छनोटबाट बाहिरिएको थियो। बंगलादेशले भारतमा गएर विश्वकप नखेल्ने भनेपछि स्कटल्यान्डले वरीयताका आधारमा मौका पाएको हो । आइसिसीको यस निर्णयसँगै स्कटल्यान्डले सातौँपटक विश्वकप खेल्ने अवसर पाएको हो। तत्कालै स्कटल्यान्डले टी-२० विश्वकप खेल्ने टोली घोषणा गऱ्यो। यू-१९ राष्ट्रिय टोलीका इहसानले पनि स्थान सुरक्षित गरे। इहसान पहिलोपटक स्कटल्यान्डको सिनियर टोलीमा छनोट भएका हुन्। उनीसँग अन्तर्राष्ट्रियस्तरको अनुभव छैन। अफगानिस्तानका पूर्वखेलाडीसमेत रहेका इहसान दायाँहाते फास्ट बलर हुन्। आगामी २८ मार्चमा उनी २० वर्षका हुनेछन्। स्कटल्यान्डको यू-१९ टोलीमा उनलाई स्ट्राइक बलरका रूपमा प्रयोग गरेको देखिन्छ। टी-२० विश्वकपमा उनले सुरुवात खेलमै मौका पाउन सक्छन्।

४ गुल्सन झा (नेपाल), १९ वर्ष ३४९ दिन

खेल : ५१, **विकेट** : २९, **रन** : ६२९



विश्वकपका चौथो कान्छा खेलाडी नेपालका अलराउन्डर गुल्सनकुमार झा हुन्। उनी अहिले १९ वर्ष ३४९ दिनका भएका छन्। गुल्सनको यो लगातार दोस्रो विश्वकप यात्रा हो। सन् २०२२ मा फिलिपिन्सविरुद्ध टी-२० आईमा डेब्यु गरेका उनले अहिलेसम्म नेपालबाट ५१ खेल खेलिसकेका छन्। नेपालका युवा खेलाडीमध्ये उनी चर्चित छन्। बायाँहाते बलर गुल्सनले अहिलेसम्म टी-२० आईमा २९ विकेट लिएका छन्। ब्याटिङमा उनको स्ट्राइक रेट १४५ छ। आगामी २० फेब्रुअरीमा २० वर्षका हुने गुल्सनले एकदिवसीय ४० खेलमा ७२६ रन तथा टी-२० आईमा ६२९ रन जोडेका छन्। उनले एकदिवसीयमा ३४ विकेट लिएका छन्। पुछारमा ब्याटिङ गरी आकर्षक स्ट्रोक लगाउन उनी खप्पिस छन्।

५ अजयवीर हुन्डाल (क्यानडा), २० वर्ष १४५ दिन

खेल : १, **विकेट** : ०, **रन** : ०

विश्वकपका पाँचौँ कान्छा खेलाडी क्यानडाका अजयवीर हुन्। २० वर्षका युवा खेलाडी अजयवीरको यो पहिलो विश्वकप यात्रा हो। अलराउन्डर भूमिका निर्वाह गर्ने उनले छोटो समयमै क्यानडाको राष्ट्रिय टोलीमा स्थान बनाउन सफल भए। गत वर्षको मार्चमा उनले नामिबियाविरुद्ध अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेका थिए। अहिलेसम्म करिअरमा उनले एकपटक लिस्ट 'ए' र टी-२० आई खेलेका छन्। ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गर्न सक्ने अजयवीरले त्यति मौका पाएका छैनन्। आइसिसीले उनलाई विश्वकपमा उदीयमान युवा खेलाडीका रूपमा राखिएको छ।

पाकिस्तानले विश्वकप खेल्ने, तर भारतविरुद्धको खेल बहिष्कार



धपाकिस्तानले २०२६ को टी-२० विश्वकपमा भारतविरुद्धको खेल बहिष्कार गर्ने भएको छ। पाकिस्तान सरकारले आफ्नो आधिकारिक 'एक्स' अकाउन्टबाट आगामी साताबाट सुरु हुने विश्वकपमा भारतविरुद्ध नखेल्ने जानकारी दिएको हो। सरकारले पाकिस्तानी टोलीलाई प्रतियोगिताका लागि श्रीलंका यात्रा गर्न अनुमति दिएको छ। 'पाकिस्तान क्रिकेट टोली १५ फेब्रुअरी २०२६ मा भारतविरुद्धको निर्धारित खेलमा मैदानमा उत्रनेछैन,' एक्समा उल्लेख छ।

यसअघि सुरक्षाको कारण देखाउँदै बंगलादेशले भारतमा खेल्न अस्वीकार गरेपछि आइसिसीले २४ जनवरीमा उसलाई प्रतियोगिताबाट निष्कासित गरेको थियो। आइसिसीले बंगलादेशको स्थानमा स्कटल्यान्डलाई विश्वकप खेल्न अवसर दिएको छ। बंगलादेशको अडानमा समर्थन गर्ने पाकिस्तान मात्र थियो। बंगलादेश बाहिरिएपछि पाकिस्तानले आइसिसीलाई भारतको पक्षमा दोहोरो मापदण्ड अपनाएको आरोप लगाएको थियो। सुरुमा पाकिस्तानले विश्वकप नै बहिष्कार गर्ने चेतावनी आयोजक र आइसिसीलाई दिएको थियो। पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी)का अध्यक्ष मोहसिन नकवीले आफ्नो देशले प्रतियोगितामा भाग लिने वा नलिने भन्ने अन्तिम निर्णय सरकारमा निर्भर रहने बताएका थिए।

उनले सरकारको निर्णय स्वीकार गर्ने जनाए। गत शुक्रबार प्रधानमन्त्री साहबाज सरिफसँग उनले भेटका थिए। अहिले पाकिस्तानले प्रतियोगिता बहिष्कार नगरी भारतविरुद्धको खेल नखेल्ने मात्र निर्णय गरेको एक्सले जनाएको छ। पाकिस्तानले समूह 'ए'मा भारत, नामिबिया, नेदरल्यान्ड्स र अमेरिकासँग खेल्नेछ। पाकिस्तानले आफ्ना सबै खेल श्रीलंकामा खेल्नेछ।

■ राष्ट्रिय लिग २०८२

नवयुग चम्किँदा आर्मीको तेस्रो जित

पाँच खेलबाट ११ अंक जोडेको आर्मीले लालीगुराँसलाई पछि पार्दै चौथो स्थान रक्षा गऱ्यो



नयाँ पत्रिका

स्ट्राइकर नवयुग श्रेष्ठ चम्किएपछि त्रिभुवन आर्मी क्लबले राष्ट्रिय लिग फुटबलमा तेस्रो जित निकालेको छ। दशरथ रंगशालामा आइतबार भएको खेलमा आर्मीले नवप्रवेशी क्लब श्री भगवतीलाई ३-१ ले हराउँदै तेस्रो जित हात पारेको हो। आर्मीका लागि नवयुगले दुई गोल गरेका थिए। कप्तान जिलेस्पीजंग कार्कीले एक गोल थपे। भगवतीका अजित लामाले एक गोल फर्काए। आर्मीले पहिलो खेलमा मनाङ मर्स्याङ्दीलाई ५-० र चित्लाङ एफसीलाई ५-१ ले हराएको थियो।

प्लानिङ ब्वाइज युनाइटेड र प्रेसिडेन्ट लिगको विजेता लालीगुराँस एसोसिएसनसँग आर्मीले गोलरहित बराबरी खेलेको थियो। तेस्रो जितपछि आर्मीले पाँच खेलबाट ११ अंक जोडेको छ। आर्मी लालीगुराँसलाई नै पछि पारेर चौथो स्थानमा उक्लिएको छ। श्री भगवतीको भने पाँच खेलपछि ४ अंक मात्रै छ।

आर्मीविरुद्ध श्री भगवतीका अजितले १२औँ मिनेटमा अग्रता दिलाएका थिए। आर्मी मध्यान्तरअघि नै बराबरी गोल फर्काउन सफल भयो। खेलको ३४औँ मिनेटमा कप्तान जिलेस्पीले आर्मीलाई १-१ को बराबरीमा ल्याएका हुन्। दोस्रो हाफमा नवयुगको दुई गोलसँगै आर्मीले ३ अंक बटुलेको हो। खेलको ५८औँ मिनेटमा नवयुगले आर्मीलाई २-१ को अग्रता दिलाए। खेलको अन्तिम इन्जुरी समयमा उनले विजयी गोल गरे। लिगमा नवयुगको चौथो गोल हो।

■ प्लानिङले काँक्रेबिहारलाई हरायो

लिगमा नवप्रवेशी क्लब प्लानिङ ब्वाइजले पनि तेस्रो जित निकालेको छ। प्लानिङले एन्फा कम्प्लेक्समा पुछारमा रहेको काँक्रेबिहार युवा क्लबलाई ३-० ले पराजित गरेको हो। काँक्रेबिहार र प्लानिङ ब्वाइज राष्ट्रिय लिगमा पहिलोपटक सहभागी क्लब हुन्। प्लानिङको जितमा रविन बोहरा, रोमान भुजेल र हेमन लिम्बूले समान एक गोल गरेका थिए। प्लानिङले पहिलो हाफमा दुई र दोस्रो हाफमा एक गोल थपेको हो।

तेस्रो जितपछि प्लानिङ पाँचौँ स्थानमा उक्लिएको छ। पाँचौँ हारपछि काँक्रेबिहार पुछारमा पुगेको छ। सुर्खेतको काँक्रेबिहारले पाँच खेलमा १५ गोल व्यहोरेको छ। खेलको पाँचौँ मिनेटमै रविनले प्लानिङलाई अग्रता दिलाएका थिए। रोमनले १२औँ मिनेटमा दोस्रो गोल गरे। हेमनले खेलको अन्तिम इन्जुरी समयमा तेस्रो गोल गरेका हुन्।

आहारारा पोखरा गोल्डकप पहिलोपटक फ्लड लाइटमा हुने



कास्कीमा रोहितराज पराजुली

पोखरा रंगशालामा पहिलोपटक आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता फ्लड लाइटमा हुने भएको छ। २७ माघबाट सुरु हुने २५औँ संस्करणमा चार विदेशीसहित १२ टोलीले प्रतिस्पर्धा गर्ने आयोजक क्लबका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिएका छन्। उनका अनुसार गोल्डकपको फाइनल ९ फागुनमा हुनेछ। गोल्डकपमा 'ए' डिभिजन, विभागीय र आयोजक गरी आठ स्वदेशी र चार विदेशी क्लबले प्रतिस्पर्धा गर्नेछन्।

गोल्डकपको रजत जयन्ती संस्करणलाई विशेष बनाउन पहिलोपटक प्रतियोगिता रातिको समयमा गराउन लागिएको क्लबका पूर्वअध्यक्ष विक्रम थकालीले जानकारी दिए। 'खेलाडीले पहिलो हाफ उज्यालो र दोस्रो हाफ फ्लड लाइटमा प्रतिस्पर्धा गर्नेछन्,' थकालीले भने, 'रंगशालाका चार दिशामा ३५ फिट अग्लो पोल गाडिनेछ। एउटा पोलमा १२ देखि १६ वटासम्म बत्ती जडान गरिनेछ।'

थकालीका अनुसार बत्ती केवल मैदान केन्द्रित हुनेछ। हिमश्री फुड्स प्रालिका प्रबन्ध निर्देशक प्रकाश केसीले २५ वर्षदेखि क्लबसँग सहकार्य गर्दै आएको बताए। '२५औँ संस्करणको गोल्डकप उत्कृष्ट बनाउने प्रयासमा छौँ,' केसीले भने।

आयोजकले पुरस्कार राशि वृद्धि गरेको छ। विजेताले १४ लाख एक हजार र उपविजेताले सात लाख एक हजार रुपैयाँ पाउनेछन्। गत वर्षको विजेताले १२ लाख र उपविजेताले ६ लाख रुपैयाँ पाएका थिए। सर्वोत्कृष्ट खेलाडीले स्कुटर पाउनेछन्। सर्वाधिक गोलकर्ता, डिफेन्डर, गोलरक्षक, मिडफिल्डर, स्टाइकर र प्रशिक्षकले जनही २५ हजार रुपैयाँ जित्नेछन्।

पुलिस र मनाङ सर्वाधिक ६ पटकका विजेता

प्रतियोगिताको २५औँ संस्करणसम्म नेपाल पुलिस र मनाङ मस्याङ्दी क्लब सर्वाधिक विजेता हुन्। अहिलेसम्म दुवैले समान ६ पटक उपाधि हात पारेका छन्। यसैगरी, ललितपुरको थ्री स्टार क्लबले पाँचपटक ट्रफी हात पारेको छ। संकटा क्लबले दुई चोटि उपाधि जितेको छ। त्रिभुवन आर्मी, एपिएफ, सहारा, अफ्रिकन युनाइटेड क्लब र उज्वेकिस्तानको ब्ल्याक बुल्सले समान एकपटक उपाधिमा आफ्नो नाम लेखाएका छन्।

यसपटक स्वदेशी क्लबमा चर्च ब्वाइज युनाइटेड, जावलाखेल युथ, मच्छिन्द्र फुटबल, प्लानिङ ब्वाइज, मनाङ, नेपाल पुलिस, एपिएफ र आयोजक सहारा रहेका छन्। विदेशी क्लबमा सिक्किमस्थित थन्डरवर्ल्ड नर्थ युनाइटेड, हङकङको गोर्खा इन्टरनेसनल र उज्वेकिस्तानको आभा फुटबल क्लबले सहभागी हुने निश्चित गरिसकेका छन्। भारतको एक टोली आउन बाँकी रहेको थापाले जानकारी दिए। गोल्डकपबाट प्राप्त आम्दानी सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी सञ्चालनमा प्रयोग हुने अध्यक्ष थापाले बताए। 'प्रत्येक वर्षको प्रतियोगिताको आम्दानी एकेडेमी सञ्चालनका निमित्त खर्च गर्दै आएका छौँ,' उनले भने।

■ समृद्धिलाई डिएभी फुटसल उपाधि

काठमाडौं/ समृद्धि स्कुलले सातौँ डिएभी प्लस टु अन्तरकलेज सिक्स 'ए' साइड छात्र फुटसल प्रतियोगिताको उपाधि जितेको छ। जावलाखेलमा आइतबार भएको फाइनलमा समृद्धिले हेराल्ड इन्टरनेसल कलेजलाई ३-१ ले पराजित गऱ्यो। समृद्धिका सौगात रानामगर, क्याप्टेन बोगटी र डेनियल सेनले समान एक गोल गरे। उपाधिसँगै समृद्धिले तीन लाख तथा हेराल्डले दुई लाख रुपैयाँ पुरस्कार पाए। समृद्धिका कप्तान बोगटी उत्कृष्ट खेलाडी तथा हेराल्डका नीराजन मगर उत्कृष्ट गोलरक्षक घोषित भए। एआइटिएम कलेजका सुशन बलामी सर्वाधिक गोलकर्ता बने। विजेतालाई केडिया फाउन्डेसनका अध्यक्ष अनिल केडियाले पुरस्कृत गरे। तीन दिनसम्म चलेको प्रतियोगितामा ४० टोली सहभागी थिए।

राष्ट्रिय योगासनमा रोशन र सोनम उत्कृष्ट

नयाँ पत्रिका

कञ्चनपुरका रोशन विष्ट र काठमाडौंकी सोनम वाङ्मो तामाङ सातौँ राष्ट्रिय योगासन प्रतियोगिताका उत्कृष्ट खेलाडी बनेका छन्। २४६ योगासन खेलाडीलाई पछि पार्दै रोशन 'मिस्टर योगी' र सोनम 'मिस योगी' बनेका हुन्। कपनस्थित दीक्षालय स्कुलमा आइतबार भएको प्रतियोगितामा विभिन्न उमेर समूहका खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए। रोशन यसअघि पनि दुईवटा राष्ट्रिय प्रतियोगितामा मिस्टर योगी बनेका थिए। उनी लगातार मिस्टर योगी हुने पहिलो खेलाडी बनेका छन्।



१० देखि १४ वर्ष उमेर समूह (पुरुष)तर्फ सत्यनारायण शाह पहिलो भए। सोही उमेर समूह (महिला)तर्फ सोनम वाङ्मो तामाङ पहिलो भइन्। १४ देखि १८ वर्ष उमेर समूह (पुरुष)तर्फ बुद्ध गुरुङ र महिलातर्फ प्रज्ञा गौतम पहिलो भए। यसैगरी, १८ देखि २८ वर्ष उमेर समूह (पुरुष)तर्फ रोशन विष्ट र महिलातर्फ चाँदनी परियार च्याम्पियन बनेको आयोजकले जनाएको छ।

२८ देखि ३५ वर्ष उमेर समूह (पुरुष)तर्फ देवबहादुर थापा र महिलातर्फ मीनाकुमारी राउत प्रथम स्थानमा रहे। यसैगरी, ३५ देखि ४५ वर्ष उमेर समूह (पुरुष)तर्फ नीलकमल राय र महिलातर्फ सोही समूहमा सिर्जना श्रेष्ठले पहिलो स्थान रक्षा गरेका छन्। प्रतियोगिताका टेक्निकल डाइरेक्टर डा. संग्राम पुरीले सातौँ राष्ट्रिय योगासन प्रतियोगितामा पहिलोपटक डिजिटल डिसिजन प्रयोग भएको बताए।

चारैवटा ग्रान्डस्लाम जित्ने कान्छा खेलाडी बने अल्काराज

अस्ट्रेलियन, फ्रेन्च, विम्बल्डन र युएस ओपन जित्ने अल्काराज इतिहासकै नवौँ पुरुष खेलाडी

एजेन्सी

नम्बर एक टेनिस खेलाडी कार्लोस अल्काराजले सिजनको पहिलो ग्रान्डस्लाम उपाधिका रूपमा अस्ट्रेलियन ओपन जितेका छन्। मेलबर्नको रोड लेभर रंगशालामा आइतबार भएको पुरुषतर्फको फाइनलमा अल्काराजले सर्बियाली खेलाडी नोभाक जोकोभिकलाई ३-१ ले हराउँदै उपाधि हात पारेका हुन्। टेनिस इतिहासमा चारैवटा ग्रान्डस्लाम जित्ने अल्काराज कान्छा खेलाडी बनेका छन्।


अस्ट्रेलियन ओपन, फ्रेन्च ओपन, विम्बल्डन र युएस ओपन जित्ने अल्काराज इतिहासकै नवौँ पुरुष खेलाडी हुन्। उनको जितसँगै जोकोभिकको २५औँ ग्रान्डस्लाम उपाधि जित्ने योजना पूरा हुन सकेन। सन् २०२३ को युएस ओपन जितेदेखि नै उनी अस्ट्रेलियाका मार्गरेट कोर्टको २४ उपाधिको कीर्तिमानसँग बराबरीमा छन्। टेनिस इतिहासमा जोकोभिकले कीर्तिमानी रूपमा दशपटक अस्ट्रेलियन, सातपटक विम्बल्डन, चारपटक युएस तथा तीनपटक फ्रेन्च ओपन उपाधि जितेका छन्। पूर्व एक नम्बर खेलाडी जोकोभिकले अस्ट्रेलियन ओपनमा उत्कृष्ट प्रदर्शन गरी फाइनलमा स्थान बनाएका थिए।

जोकोभिकले फाइनलमा अल्काराजमाथि दबाब दिँदै पहिलो सेट ६-२ ले जिते। मेलबर्न पार्कमा उनी ११औँपटक फाइनल खेलिरहेका थिए। रमाइलो के थियो भने यसअघिका १० फाइनल जोकोभिकले जितेका थिए। कीर्तिमानी रूपमा दशपटक अस्ट्रेलियन ओपन जितेका जोकोभिकले ११औँ फाइनलमा पनि शतप्रतिशत नतिजा निकाल्ने अनुमान गरिएको थियो। तर, स्पेनिस खेलाडी अल्काराजले विपक्षी खेलाडीका उपाधि भिडन्तको अपराजित यात्रा रोक्दै बाजी मारे।

२२ वर्षीय अल्काराजले पहिलोपटक अस्ट्रेलियन ओपन ट्रफी चुम्न जोकोभिकलाई तीन घण्टा दुई मिनेटमा हराएका हुन्। ३८ वर्षीय जोकोभिकले आफ्नो अनुभवको पूर्ण प्रयोग गर्दै युवा प्रतिद्वन्द्वीमाथि दबाब बनाएका थिए। दोस्रो सेटमा अल्काराजले लय समातेका थिए। त्यसपछि प्रतियोगितामा चौथो वरीयताका सर्बियाली खेलाडी जोकोभिकलाई सहजै पाखा लगाउँदै उनले करिअरकै सातौँ ग्रान्डस्लाम जिते। पछिल्ला दुई सिजनमा पुरुष टेनिसमा अल्काराज र इटालीका यानिक सिनरको दबदबा छ। पछिल्लो समयमा यी दुवै युवा खेलाडीले समग्रमा नौवटा ग्रान्डस्लाम आपसमा बाँडेका छन्।

युवालाई चुनौती दिइरहेका जोकोभिक

जोकोभिक ३८ वर्षका हुन्। अस्ट्रेलियन ओपनको फाइनल खेल्ने उनी पाका खेलाडी हुन्। जोकोभिकका समकालीन सबैजसोले सन्न्यास लिइसकेका छन्। जोकोभिकको पुस्तामा रहेका खेलाडीमा उनी मात्र टेनिस कोर्टमा सक्रिय छन्। तर, उनले वर्तमान समयकै युवा खेलाडीलाई आफू सहभागी भएको एटिपीदेखि ग्रान्डस्लामसम्म चुनौती दिइरहेका छन्। यसको उदाहरणका रूपमा जोकोभिकले सेमिफाइनलमा साबिक विजेता सिनरविरुद्ध दिएका थिए। फाइनल प्रवेश खेलमा उनले सिनरलाई पाँच घण्टा समय लगाएर ३-२ ले हराएका थिए। 'अहिले सिनर र अल्काराजले उत्कृष्ट खेल प्रदर्शन गरिरहेका छन्,' जोकोभिकले भने, 'यी दुवै खेलाडीले भविष्यमा इतिहास बनाउनेछन्।' उनले अल्काराजको प्रशंसा गरेका छन्। उनी भन्छन्, 'अल्काराज युवा छन्। मलाई विश्वास छ, ग्रान्डस्लाम टेनिसमा थप रेकर्ड बनाउन अग्रसर भइरहेका छन्।' अल्काराजले बेस लाइनमा ब्याक ह्यान्ड तथा भलीको सहयोगमा जोकोभिकमाथि दबाब राखेका थिए।



जोकोभिकले आफूले पछिल्लो समयमा प्रतिस्पर्धा गरेको मध्ये अल्काराज फरक प्रतिद्वन्द्वीका रूपमा पाएको बताए। 'सेमिफाइनल पनि उत्कृष्ट थियो, तर फाइनल अलि फरक लाग्यो,' जोकोभिकले भने, 'सम्भवतः यो फाइनल मैले खेलेकामध्ये उत्कृष्ट थियो, तर यसमा पराजित भएँ।' अल्काराजले समान दुईपटक युएस, फ्रेन्च तथा विम्बल्डन ग्रान्डस्लाम जितेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com